कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

प्रस्ताव दर्ता नं : ८६
प्रस्ताव दर्ता मिति: २०७७।५।२६

विषयः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०७७ स्विकृति सम्वन्धमा ।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः २०७७।५।२४

१. विषयको संक्षिप्त व्यहोराः

आर्थिक वर्ष २०७७/२०७८ को स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत उद्योग, वाणिज्य, उपभोक्ता हित, वन, वातावरण, वन्यजन्तु, जडिबुटी विकास, पर्यटन विकास, भू तथा जलाधार संरक्षण, वन अनुसन्धान तथा प्रशिक्षण एवं मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत सञ्चालन हुने विभिन्न कार्यक्रमहरु कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य तथा प्रतिफलमा आधारित बनाउन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०७७ तयार गरिएको ।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराः

कर्णाली प्रदेश विनियोजन ऐन, २०७७ को दफा ९ को उपदफा (१) मा यस ऐनको कार्यान्वयन गर्नको लागि प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्ने प्रावधान रहेको ।

कर्णाली प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सहमति प्राप्त भएको । (पत्रको छायाँकपी संलग्न छ।)

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिसः

आर्थिक वर्ष २०७७/२०७८ को स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत मन्त्रालय र मातहतका निकायहरुबाट सञ्चालन तथा कार्यान्वयन हुने उद्योग, वाणिज्य, उपभोक्ता हित, वन, वातावरण, वन्यजन्तु, जडिबुटी विकास, पर्यटन विकास, भू तथा जलाधार संरक्षण, वन अनुसन्धान तथा प्रशिक्षण एवं मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत सञ्चालन हुने विभिन्न कार्यक्रमहरु कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य तथा प्रतिफलमा आधारित बनाउन तयार गरिएको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०७७ कार्यविधि विनियोजन ऐन, २०७७ को दफा ९ को उपदफा (१) बमोजिम स्वीकृतिका लागि प्रदेश सरकार मन्त्रीपरिषद्मा प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट मिति २०७७।०५।२४ मा स्वीकृत प्राप्त भएकाले प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४ को अनुसूची - १ विषयसंख्या १८ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

४. निर्णय हुनुपर्ने व्यहोराः

यसै साथ संलग्न उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०७७ स्वीकृत गर्ने ।

मितिः २०७७।०५।२४

सचिव
(डा. कृष्ण प्रसाद आचार्य)
प्रदेश सचिव

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि,२०७७

आर्थिक वर्ष २०७७/७८

कर्णाली प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि,२०७७

प्रस्तावना: कर्णाली प्रदेश सरकारबाट उद्योग, वाणिज्य, उपभोक्ता हित, वन, वातावरण, वन्यजन्तु, जडिबुटी विकास, पर्यटन विकास, भू तथा जलाधार संरक्षण, वन अनुसन्धान तथा प्रशिक्षण एवं मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत सञ्चालन हुने विभिन्न कार्यक्रम कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले कर्णाली प्रदेश विनियोजन ऐन, २०७७ को दफा (९) को उपदफा (१) बमोजिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा सूचना प्रकाशित भएको मितिबाट लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण हुने अनुदान बाहेक विषयगत मन्त्रालयबाट विनियोजित बजेट र स्वीकृत कार्यक्रम अनुरुप अनुदानग्राहीलाई प्रदेश सरकारको प्रचलित कानुन अनुसार लेखा राख्ने, लेखा परीक्षण गर्ने गराउने, आर्थिक प्रतिवेदन गर्ने गराउने लगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने जिम्मेवारी रहने गरि गरी प्रदान गरिने आर्थिक वा वस्तुगत सहयोगलाई सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारले कार्यक्रम कार्यान्वयनका लागि व्यक्ति वा संस्थासँग लागत साझेदारी अनुसार गरिने आर्थिक सहयोगलाई समेत जनाउँछ।

(ख) "अनुदानग्राही" भन्नाले मन्त्रालय वा अन्तर्गतका निकायबाट अनुदान प्राप्त गर्ने स्थानीय तह वा सरकारको पूर्ण वा आंशिक स्वामित्वका निकाय वा उपभोक्ता समिति वा सामाजिक तथा शैक्षिक संघ संस्था वा निजि क्षेत्र वा प्रचलित कानून बमोजिम स्थापना भएका कम्पनी वा संघ संस्था वा सहकारी वा समूह वा समिति वा बोर्ड सम्झनु पर्छ ।

(ग) "उद्योग" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका उद्योगलाई सम्झनु पर्छ ।

(घ) "उद्यमी" भन्नाले नाफा कमाउने उद्देश्यले उद्योग व्यवसाय सञ्चालनका लागि लगानी गर्ने व्यक्ति वा समूहलाई सम्झनु पर्छ ।

(ङ) "कार्यक्रम" भन्नाले स्वीकृत नीति तथा कार्यक्रम अन्तर्गत मन्त्रालय वा अन्तर्गतका निकायबाट सञ्चालन हुने स्विकृत कार्यक्रम सम्झनु पर्छ ।

(च) "कार्यालय" भन्नाले मन्त्रालय मातहतका विषयगत कार्यालयहरु सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(ज) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतका विषयगत निर्देशनालय सम्झनु पर्छ।

(झ) "लघु उद्यम" भन्नाले जग्गा बाहेक बढीमा पाँच लाख रुपैयासम्म स्थिर पूँजी लगानी हुने, उद्यमी समेत नौ जनासम्म कामदार रहने, वार्षिक ५० लाख भन्दा कम आर्थिक कारोबार हुने, उद्यमी स्वयम उद्योग सञ्चालन तथा व्यवस्थापनमा संलग्न रहेको र इन्जिन उपकरणमा प्रयोग हुने भएमा त्यस्तो इन्जिन वा उपकरणको विद्युत मोटर वा अन्य तेल इन्जिन शक्ति क्षमता २० किलोवाट भन्दा कम रहने उद्योग व्यवसायलाई सम्झनु पर्छ ।

(ञ) "लाभग्राही" भन्नाले स्थानीय स्रोत साधनको प्रयोग गरी स्थानीय स्तरमा रोजगारी सृजना गर्ने उद्यमशिलता विकासका लागि सहयोग प्राप्त गर्ने दर्तावाला उद्यमीलाई सम्झिनु पर्छ।

(ट) "लक्षित समुह" भन्नाले अनुदान पाउन योग्य युवा, दलित, महिला, आदिवासी जनजाती, पिछडिएको समुदाय, अल्पसंख्यक, अपाङ्ग सिमान्तकृत समुदायका उद्यमीलाई सम्झनु पर्छ ।

(ठ) "सार्वजनिक सुनुवाई" " भन्नाले कार्यक्रम संचालन गर्ने निकायले आफ्नो कार्यालयबाट भए गरेका काम कारबाहीको सम्बन्धमा सरोकारवाला लगायत स्थानीय तह, संचार माध्यम आदिको भेला गराई कार्यक्रमका सबै पक्षहरुको वस्तुस्थिति सार्वजनीकरण गर्ने र पृष्ठ पोषण लिने कार्य सम्झनु पर्दछ।

## परिच्छेद-२

## कार्य सञ्चालनको पुर्व तयारी तथा व्यवस्थापन

३. <u>खर्चको अख्तियारी तथा अभिलेखको व्यवस्थाः</u> बजेट तथा कार्यक्रम सम्बन्धित मार्गदर्शन र प्रदेश सरकारको बजेट प्रणाली (PLMBIS) बमोजिम खर्च गरी प्रतिवेदन गर्ने तथा अभिलेख राख्ने दायित्व अख्तियारी प्राप्त अधिकारीको हुनेछ ।

४. <u>कार्ययोजना तयारीः</u> मन्त्रालयका विषयगत महाशाखाहरू, निर्देशनालय तथा कार्यालयहरूले प्रदेश सरकारको बजेट प्रणाली (PLMBIS) अनुसार स्वीकृत वार्षिक कार्यक्रमहरुको कार्यान्वयन अवधि, बजेट बाँडफाड, जिम्मेवार अधिकारी र अनुगमन सूचक समेत खुल्नेगरी कार्ययोजना तयार गरी आश्विन मसान्त सम्ममा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गरी निर्देशनालय र मन्त्रालयमा जानकारी गराउनु पर्नेछ।

५. <u>जिम्मेवारी तोक्नेः</u> अख्तियारी प्राप्त अधिकारीले कार्यक्रम सञ्चालन, कार्यान्वयन तथा अनुगमनको लागि सम्बन्धित कर्मचारीहरुलाई कार्य विवरण सहित जिम्मेवारी तोक्नु पर्नेछ ।

६. <u>स्थानीय तहसँग समन्वयः</u> मन्त्रालय वा अन्तर्गतका आयोजना वा कार्यक्रमहरू सञ्चालन गर्दा आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहसँग समन्वय गरी सञ्चालन गर्न सकिनेछ ।

७. <u>सम्भाव्यता अध्ययनः</u> आयोजना सञ्चालन गर्दा वर्तमान अवस्था, आयोजनाको आवश्यकता, नक्सा, डिजाइन, सहयोगी वा सहकार्य गर्ने निकाय वा संस्था र सो आयोजनाका चुनौती तथा जोखिम आदि समेत खुलाई आवश्यकता अनुसार सम्भाव्यता अध्ययन वा आयोजना दस्तावेज प्रतिवेदन तयार गर्नु, गराउनु पर्नेछ ।

८. <u>विशेषज्ञ सेवा लिन सकिनेः</u> कार्यक्रमको प्रकृति हेरी कुनै अध्ययन वा अनुसन्धान एवम् प्राविधिक सेवा वा कामका लागि सम्बन्धित विशेषज्ञको सेवा लिन सकिनेछ । परामर्श वा विशेषज्ञ सेवा लिने प्रक्रिया प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम हुनेछ ।

९. <u>खरिद योजना तथा लागत अनुमान तयार गर्नुपर्नेः</u> कुनै पनि सार्वजनिक निर्माण, मर्मत सम्भार, सामग्री वा सेवा वा परामर्श सेवा खरिद सम्बन्धी कार्य गर्नु पूर्व सम्बन्धित प्राविधिक वा विशेषज्ञ वा सेवा खरिद गर्दा सो बापत लाग्ने इकाइ र लागत अनुमान तयार गरी अख्तियारी प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ।

१०. <u>उपभोक्ता समितिबाट काम गराउन सक्नेः</u> ठुला मेसिनरी औजार उपकरण प्रयोग नहुने, प्राविधिक सिप तथा प्रविधी प्रयोग गर्न नपर्ने सामान्य प्रकृतीका एक करोड सम्मको कार्यक्रम वा आयोजना उपभोक्ता समितिबाट गराउन सकिनेछ । सो भन्दा बढी रकम र प्रकृतीका कामको हकमा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछ ।

११. <u>खरिद इकाइबाट निर्णय गराउनु पर्नेः</u> मन्त्रालय, निर्देशनालय र कार्यालयले कुनै पनि खरिद कार्य गर्दा कार्यालयको खरिद इकाइबाट निर्णय गराएर मात्र खरिद कार्य गर्नुपर्नेछ । त्यस्तो खरिदको निर्णय अख्तियारी प्राप्त अधिकारीबाट स्वीकृत भएको हुनुपर्नेछ ।

१२. <u>कार्यादेश दिएर काम गराउन सकिनेः</u> स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न प्रचलित कानूनको प्रतिकूल नहुने गरी अख्तियारी प्राप्त अधिकारीले कुनै सरकारी निकाय, मातहत कार्यालय वा पदाधिकारी तथा

सचिव

सरोकारवाला संस्था वा सेवा प्रदायकसंग सम्झौता गरी कायदिश दिई कार्यक्रम कार्यान्वयन गराउन सक्नेछन् ।

१३. <u>प्रतिवेदन तथा अभिलेखन सम्बन्धी व्यवस्थाः</u> प्रत्येक कार्यालयले सम्पादित कार्यक्रमहरुको श्रव्यदृश्य सामाग्रीहरु तयार गर्नुको साथै आयोजनाको पूर्ववत अवस्था र कार्यसम्पन्न भएपछिको परिवर्तन देखिने गरी आयोजनागत विवरण सहितको वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निर्देशनालय र मन्त्रालयमा पेश गर्नु पर्नेछ। यस्तो विवरणमा आयोजनाले सृजना गरेको रोजगारीको संख्या पनि समावेश गर्नु पर्नेछ ।

परिच्छेद-३

## <u>कार्यक्रम कार्यान्वयन</u>

१४. <u>अनुदान उपलब्ध गराउन सक्नेः</u> (१) प्रदेश सरकारले विनियोजन गरेको बार्षिक बजेट तथा स्वीकृत कार्यक्रम बमोजिम देहायका कार्यक्रमहरुको लागि अनुदान उपलब्ध गराउन सकिनेछ :-

(क) उद्यम विकास तथा सीप विकासका लागि कच्चा पदार्थ, मेशिनरी औजार उपकरण तथा प्रविधि हस्तान्तरण,

(ख) उद्योगग्राम तथा उद्योगहरुको पूर्वाधार विकास,

(ग) लक्षित वर्ग लघु घरेलु उद्योग सहयोग कार्यक्रम,

(घ) खाद्यान्न खरिद तथा ढुवानी,

(ङ) जडिबुटी उत्पादन तथा खेती बिस्तार,

(च) पर्यटन विकास, होमस्टे सहितका आवासीय नमूना घर निर्माण ।

(२) उपदफा (१) मा उल्लिखित विषय अन्तर्गत आ.व. २०७७/०७८ मा सञ्चालन गरिने अनुसूची-१ बमोजिमका कार्यक्रमहरु तथा अनुसूची-२ बमोजिमका अन्य विकास निर्माण, तालिम, अध्ययन, अनुसन्धान कार्यक्रमहरु "कार्यक्रम तथा कार्यविधी" खण्डमा उल्लेख भए बमोजिम हुनेछ ।

१५. <u>अनुदानग्राहीको छनौटः</u> (१) कार्यालयले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी यस कार्यविधि बमोजिम अनुदानप्राप्त गर्न चाहने उद्यमी, समुह, सहकारी, फर्म तथा कम्पनीहरूबाट अनुदानको लागि सामान्यतया कार्तिक मसान्त सम्ममा आवेदन माग गर्नेछ। अनुदानग्राही छनौट गर्दा कर्णाली प्रदेश सरकारको "अनुदान व्यवस्थापन कार्यविधि नियम, २०७७" को दफा ८ समेतलाई आधार लिई मूल्याङ्कन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको आवेदन चैत्र मसान्तभन्दा पछि माग गर्न पाइने छैन ।

(३) अनुदानसँग सम्बन्धित कार्यक्रमको लागि प्रस्ताव आव्हान गर्दा सूचनामा रहने विषयहरु (अनुसूची-३), आवेदनको ढाँचा (अनुसूची-४), आवेदक/प्रस्तावको मूल्याङ्कन/छनौट सम्बन्धी प्राविधिक मापदण्ड, सूचनाको सार्वजनिकीकरण तथा सञ्चालन विधि मन्त्रालयले स्वीकृत गरे बमोजिम हुनेछ ।

१६. <u>निर्देशक समितिः</u> (१) अनुदान प्रवाहको प्रक्रिया सहजीकरण गर्नका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) उपसचिवस्तरको प्रतिनिधी, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय -सदस्य

(ग) उपसचिवस्तरको प्रतिनिधी, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) उपसचिवस्तरको प्रतिनिधी, कर्णाली प्रदेश योजना आयोग -सदस्य

(ङ) निर्देशक, सम्बन्धीत विषयगत निर्देशनालय -सदस्य

(च) अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय -सदस्य

(छ) प्रमुख, कानून तथा फैसला कार्यान्वयन शाखा, मन्त्रालय -सदस्य

(ज) संयोजकले तोकेको विषय विज्ञ -सदस्य

(झ) प्रमुख, योजना महाशाखा, मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले सरोकारवाला निकायका अधिकृत प्रतिनिधि/ पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

१७. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार:</u> (१) दफा १६ को उपदफा (१) बमोजिमको निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अनुदान प्रकृयाको सहजीकरण गर्ने,

(ख) अनुदान दिने सम्बन्धमा भए गरेका काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ग) अनुदान उपलब्ध गराउने सम्बन्धमा आइपरेका समस्याहरुको समाधान तथा विवाद निरूपण गर्ने,

(घ) कर्णाली प्रदेश सरकारको "अनुदान व्यवस्थापन कार्यविधि नियम, २०७७" को दफा १० मा व्यवस्था भएको समन्वय समितिसंग समन्वय गर्ने,

(ङ) अनुदान सम्वन्धि गुनासो व्यवस्थापन गर्ने ।

(२) निर्देशक समितिको बैठक समितिका संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) निर्देशक समितिको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) निर्देशक समितिको बैठक सञ्चालन तथा निर्णय सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१८. <u>छनौट समितिको गठनः</u> (१) यस कार्यविधि बमोजिम अनुदान प्रवाहगर्दा अनुदानग्राही छनौट गर्न आवश्यकता अनुसार प्रत्येक जिल्लामा देहाय बमोजिमको छनौट समिति रहने छ:-

(क) कार्यालय प्रमुख (सम्बन्धित कार्यालय) -संयोजक

(ख) प्रमुख, आर्थिक प्रशासन शाखा -सदस्य

(ग) सुर्खेत जिल्लाको हकमा प्रदेश लेखा नियन्त्रक कार्यालयको प्रमुख वा निजले तोकेको प्रतिनिधि र अन्य जिल्लाको हकमा प्रदेश लेखा ईकाई प्रमुख वा लेखा इकाईको कार्य गर्न तोकिएको सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रकको कार्यालयको प्रमुख वा निजले तोकेको प्रतिनिधी -सदस्य

(घ) सुर्खेत जिल्लाको हकमा मन्त्रालयको कानुन अधिकृत -सदस्य

(ङ) सम्बन्धित महाशाखा/ शाखा प्रमुख -सदस्य-सचिव

(२) समितिको बैठकमा आवश्यकता अनुसार बढीमा दुईजना सम्म विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिने छ ।

(३) अनुदानमा संचालन हुने प्रति कार्यक्रम बढीमा तिन बैठक भित्र छनौट मुल्यांकनको कार्य सम्पन्न गर्नु पर्नेछ ।

१९. अनुदान रकमको सीमाः यस कार्यविधि अनुसार उपलब्ध गराइने अनुदान रकमको सीमा सहकारी र लक्षित वर्गको लागि सञ्चालन हुने कार्यक्रमको हकमा कूल लागतको अधिकतम सत्तरी प्रतिशतसम्म र निजी फर्म वा उद्यमीको हकमा पचास प्रतिशतसम्म हुनेछ ।

२०. अनुदानग्राहीसँग सम्झौता गर्नुपर्नेः (१) कार्यालयले अनुदानग्राहीको छनौट र अनुदान रकमको निर्धारण भएपछि अनुदानग्राहीसँग अनुसूची-५ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(२) सम्झौता बमोजिम अनुदानग्राहीको तर्फबाट व्यहोर्नु पर्ने/लगानी गर्नुपर्ने रकमको सुनिश्चितताको लागि सम्झौता गर्नु अघि वा यो कार्यविधि लागू हुनु अघि सम्बन्धित पक्षबाट लगानी गर्नुपर्ने रकम बराबरको जमानत (नगद, धरौटी वा ऋण स्वीकृत भएको बैंकको प्रतिबद्धतापत्र वा बैंक ग्यारेन्टी वा जगेडा कोष वा पूंजी प्रमाणित हुने कागजपत्र) कार्यालयमा पेश गर्नु पर्नेछ। तर लक्षित वर्ग तथा कार्यालयले जमानत आवश्यक नठानेको कार्यक्रमहरूका लागि भने जमानत आवश्यक पर्ने छैन ।

(३) अनुदानग्राहीले आफ्नो हिस्साको कार्य सम्पन्न गरे पछि मात्र कार्यालयले अनुदानतर्फको रकम भुक्तानी दिनेछ ।

(४) कार्यालयले आवश्यक देखेमा पेश्की दिन सक्नेछ । पेश्की दिंदा प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्वन गर्नुपर्नेछ ।

(५) उपदफा (१) बमोजिमको सम्झौतामा अनुदानग्राहीले कार्य शुरु गर्नुपर्ने र सम्पन्न गर्नुपर्ने समय, अनुदान भुक्तानी हुने बैङ्कको शाखा/कार्यालय, आवधिक रूपमा कार्यसम्पन्न गर्नु पर्ने विषय र सो बमोजिम अनुदान उपलब्ध गराइने समय तालिका अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।

(६) जेठ महिना भित्र अनुदान सम्बन्धि सम्पुर्ण कार्य सम्पन्न गर्नु पर्नेछ ।

२१. प्राविधिक मूल्याङ्कन, अनुगमन तथा योजनागत अभिलेखनः (१) सम्झौता बमोजिम कार्य सम्पन्न भएको प्रतिवेदन प्राप्त भए पछि भुक्तानी दिनु पुर्व सम्वन्धित प्राविधिकहरुबाट अनुगमन गरी अनुसूची-६ बमोजिमको सिफारिसहरु संलग्न राखु पर्नेछ साथै योजनागत अभिलेखहरु समेत पुरा गर्नु पर्नेछ ।

(२) मन्त्रालय तथा मातहतका निकायको कार्यको विषयगत कार्य प्रकृति अनुसार अनुगमन गर्दा पालना गर्नु पर्ने व्यवस्था अनुसूची-७ बमोजिम हुनेछ ।

(३) कार्यालयले अनुदानसँग सम्बन्धित कार्य सम्पन्न भएपछी सम्पन्न काम र खर्चको प्रतिवेदन अनुसूची-८ बमोजिमको ढाँचामा निर्देशनालय र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

२२. अनुदानको भुक्तानी बैङ्कखाता मार्फत हुनेः (१) अनुदानग्राहीको भुक्तानी हुने रकम बैङ्क खाताद्वारा मात्र उपलब्ध गराउनु पर्नेछ ।

(२) अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भएको हकमा सोही बमोजिम र सम्झौता पत्रमा उल्लेख नभएको हकमा कार्यालय प्रमुखले तोकेको जिम्मेवार प्राविधिक (फोकल पर्सन) ले स्थलगत निरीक्षणगरी तयार पारेको कार्य सम्पन्न प्रमाणिकरणको आधारमा हुनेछ ।

(३) कार्यालयले अनुदानग्राहीलाई लगानी अनुपातको हिसाबले कम्तिमा दुई किस्तामा भुक्तानी दिनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदानग्राहीले शतप्रतिशत कार्य सम्पन्न गरेपछि अनुदानको एकमुष्ट रकम माग गरेमा एकमुष्ट रकम भुक्तानी गर्न बाँधा पर्ने छैन ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदानग्राहीबाट कार्यसम्पन्न प्रतिवेदन प्राप्त भई सोको स्थलगत प्रमाणिकरण नभए सम्म अनुदान रकमको अन्तिम किस्ता भुक्तानी हुने छैन ।

(६) जिन्सी सामान/उपकरण/मेसिनरी/लघु, घरेलु तथा औद्योगिक मेसिनरी औजार उपकरण, वस्तुगत सहायता लगायतका सामग्री खरिदको हकमा कार्यालयबाट सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिम खरिद गरी कार्यालयबाटै हस्तान्तरण हुने व्यवस्था मिलाउनु पर्नेछ ।

२३. <u>सार्वजनिक सुनुवाई र विवरण प्रकाशन गर्नुपर्ने</u>: (१) कार्यक्रमको कार्यान्वयनलाई पारदर्शि बनाउन कार्यक्रम कार्यान्वयन गर्ने निकायले सार्वजनिक सुनुवाई गर्नुपर्नेछ ।

(२) अनुदानग्राहीलाई अनुदान उपलब्ध गराउने प्रत्येक कार्यालयले अनुदान सम्बन्धी विवरण वेबसाइटमा (वेबसाइट नभएको हकमा सूचनापाटी वा वुलेटिन मार्फत) नियमित रूपमा अद्यावधिक गरी प्रकाशन गर्नुका साथै उक्त विवरणहरु मासिक रुपमा निर्देशनालय/मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) मन्त्रालयले अनुदानको अभिलेख राखी सो को विवरण अद्यावधिक गर्नुपर्नेछ ।

(४) सञ्चालन भएको कार्यक्रमको बारेमा कार्यक्रम कार्यान्वयन स्थलमा अनुसूची-९ बमोजिमको जानकारीमूलक होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ।

२४. <u>असुल उपर र कारवाही</u>: (१) यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र प्रयोग गरेको पाइएमा वा हिनामिना भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम कारबाहीको लागि सम्बन्धित निकायमा लेखि पठाइनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनी विपद् वा अन्य कुनै काबु बाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा भने उक्त क्षतिको प्रमाणित हुने (मुचुल्का, स्थानीय तहको सिफारिस /प्रहरी प्रतिवेदन कागजात) प्रमाण सहित एक महिनाभित्र अनुदानप्राप्त गरेको निकायमा लिखित जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा सम्वन्धित निकायले निवेदन सहित कार्यालयको राय सहितको फाइल खडा गरी मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम फाइल प्राप्त भएमा मन्त्रालयले आवश्यक छानवीन गरी आवश्यक निर्णय गर्नेछ । सो सम्बन्धमा मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

(५) यस कार्यविधि बमोजिम भएको सम्झौता अनुसार काम नगर्ने तथा अनुदानमा दिइएको सामग्री वा रकमको हिनामिना वा दुरुपयोग गर्ने अनुदानग्राहीलाई मन्त्रालय वा अन्तर्गतका निकायबाट भविष्यमा कुनै पनि अनुदान उपलब्ध गराइने छैन।

२५. <u>सम्झौता गर्ने निकाय</u>: कार्यक्रम संचालन गर्ने अख्तियारी प्राप्त कार्यालयले कार्यक्रम संचालन सम्झौता गर्ने छ ।

२६. <u>अनुगमन तथा मूल्याङ्कन</u> : (१) कार्यक्रमको कार्यान्वयन, संचालन तथा भुक्तानीको अनुगमन तथा मूल्याङ्कन आवश्यकतानुसार सम्बन्धित कार्यालय, निर्देशनालय र मन्त्रालयबाट हुनेछ ।

(२) उपदफा (१) बाहेक आवश्यकता कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सरोकारवाला मन्त्रालयहरु, कर्णाली प्रदेश योजना आयोग र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले समेत गर्न सक्नेछ।

(३) जिल्ला समन्वय समितिको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालय, सम्बन्धित स्थानीय तहको उपप्रमुख/उपाध्यक्ष, सम्बन्धित कार्यालयको प्रमुख, सरोकारवाला निकायका प्रतिनिधि र

आवश्यकता अनुसार विषय विज्ञको सहभागितामा कार्यक्रमको अनुगमन तथा सहजीकरण गर्न सकिनेछ। उक्त अनुगमनमा प्रदेश सभाका सदस्यहरूलाई समेत आमन्त्रण गर्न सकिने छ।

२७. <u>प्रतिवेदन</u>: कार्यक्रम संचालन गर्ने निकायबाट दिईएको अनुदान सम्बन्धमा सम्पादित कार्यको प्रगति प्रतिवेदन अनुसूची- १० बमोजिमको ढाँचामा अनुदानग्राहीले चौमासिक र बार्षिक रुपमा कार्यालयमा पेश गर्नु पर्नेछ।

२८. <u>गुनासो व्यवस्थापन</u>: (१) अनुदानग्राहीको अनुदान प्राप्तिका क्रममा कुनै गुनासो भएमा सो सम्वन्धमा अनुदान उपलब्ध गराउने सम्वन्धित कार्यालय प्रमुख समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदानग्राहीबाट कुनै गुनासो प्राप्त भएमा सम्बन्धित कार्यालय प्रमुखले त्यस्तो गुनासो प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निरुपण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम भएको गुनासोको निरुपण उपर चित्त नबुझेमा अनुदानग्राहीले निर्देशक समिति समक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको निवेदन उपर निर्देशक समितिले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो गुनासोको अन्तिम किनारा लगाउनेछ । निर्देशक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

२९. <u>दोहोरो सुविधा लिन नपाउने</u>: अनुदानग्राहीले एउटै कामको लागि संघ, प्रदेश वा स्थानीय तह वा एक भन्दा बढी निकाय तथा एक भन्दा बढी कार्यक्रमको लागि मन्त्रालय अन्तर्गतका कार्यालयहरूबाट अनुदान प्राप्त हुने छैन ।

तर अन्य साझेदार निकायसंग स्पष्टसंग सम्झौता भई लागत इष्टिमेटमा समेत साझेदारीको हिस्सा उल्लेख गरिएको अवस्थामा अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

३०. <u>जिम्मेवार हुने</u>: (१) प्रदेश सरकारको श्रोत सहितको अनुदान उपयोग गर्दा वित्तिय अनुशासन कायम गर्नुपर्ने एवं वित्तिय उत्तरदायित्व वहन गर्नु पर्ने छ ।

(२) अनुदानग्राहीले अनुदान प्राप्त गर्नु अघि अनुसूची- ११ बमोजिमको प्रतिवद्धता जाहेर गर्नु पर्नेछ।

(३) अनुदान लगायतका सहायता वितरण कार्यको गुणस्तर र सो सम्बन्धी वित्तीय जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ ।

(४) कुनै विशेष कारणवश वा काबू बाहिरको परिस्थितिवाहेक अनुदानग्राहीको कारणबाट सम्झौता अनुरुप तोकिएको समयसीमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ ।

३१. <u>सम्झौता बमोजिम हुने</u>: (१) यस विधि अनुरुप सञ्चालन हुने क्रियाकलाप र विकास गरिएका पूर्वाधार तथा सुविधाको प्रयोग सम्झौतामा तोकिए बमोजिमको प्रयोजनका लागि मात्र गरिनेछ र कार्यक्रम संचालन गर्ने निकायको पूर्वस्वीकृति बेगर तोकिएको अवधि भित्र कुनै प्रकारको फेरबदल वा संरचनाको स्वरुप परिवर्तन, बिक्री वितरण कार्य गर्न पाईने छैन।

(२) यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रम सम्पन्न भएपछि कम्तीमा सम्झौतामा तोकिएको अवधिसम्म निरन्तर रुपमा सञ्चालन गर्नु पर्नेछ ।

३२. कार्यक्रमको प्रभावकारिताः (१) कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह र अन्य कुनै निकायबाट कार्यान्वयन हुने आयोजनाहरुसंग दोहोरोपना नहुने गरि आवश्यक समन्वय गरेर कार्यक्रम संचालन गर्नु पर्नेछ ।

(२) प्रदेशमा सञ्चालित राष्ट्रिय/अन्तर्राष्ट्रिय गैह सरकारी संस्थाहरूबाट सञ्चालित मन्त्रालयसंग सम्बन्धित कार्यक्रमहरूको प्रगति अनिवार्यरूपमा मन्त्रालयमा पेश गर्नु पर्ने छ ।

३३. प्राविधिक मापदण्ड तथा दिग्दर्शन बनाउन सक्ने: मन्त्रालय अन्तर्गतका कार्यक्रमहरु कार्यान्वयनका लागि सम्बन्धित कार्यक्रमहरुको स्थापित नर्मस र मापदण्ड अनुरुप यस कार्यविधिको प्रतिकुल नहुने गरी मन्त्रालयले आवश्यक मापदण्ड तथा दिग्दर्शन बनाई लागू गर्न सक्नेछ ।

३४. प्रचलित कानून बमोजिम हुने : (१) यस कार्यविधिका उल्लेखित अनुदान कार्यक्रम तथा विकास निर्माणका कार्य गर्दा यस कार्यविधिमा उल्लेख भएकोमा यसै बमोजिम र नभएकोमा प्रचलित कानून तथा नर्मसमा उल्लेख भए बमोजिम हुनेछ।

(२) स्वीकृत अनुदान रकम तथा विकास निर्माणका कार्यबाट सूचना प्रकाशन, विज्ञ सेवा, बैठक खर्च, अनुगमन तथा आवश्यक स्टेशनरी र फोटो तथा भीडियो डकुमेन्टेशनका लागि औचित्य र आवश्यकता अनुसार खर्च गर्ने गरी बजेट रकमको अधिकतम ३ प्रतिशत कन्टीन्जेन्सी रकम र अन्य प्रचलित कानुन बमोजिम कर कट्टि गरी भुक्तानी गर्नेछ ।

प्रमुख सचिव

अनुसूची-१
(दफा १४ को उपदफा (२) सँग सम्बन्धित)
अनुदान प्रवाह गरिने कार्यक्रमहरु

(१) कोभिड-१९ विशेष रोजगारीमूलक तालिम,
(२) उद्यमीहरुका लागि उपयुक्त प्रविधि हस्तान्तरण,
(३) सीप विकासका लागि कच्चा पदार्थ तथा सामाग्री,
(४) छाला उद्योगका लागि पूर्वाधार निर्माण,
(५) अर्गानिक पेष्टिसाइड/जैविक मलखाद्य उत्पादन उद्योग,
(६) स्थानीय कच्चा पदार्थमा आधारित उद्योग प्रवर्द्धन कार्यक्रम,
(७) लक्षित वर्ग उद्यम विकास कार्यक्रम,
(८) लक्षित वर्ग लघु घरेलु उद्योग सहयोग कार्यक्रम,
(९) खाद्यान्न खरिद तथा ढुवानी (राहत, उद्धार तथा पुनर्स्थापना),
(१०) जडिबुटी उत्पादन, खेती विस्तार तथा उद्यम विकास कार्यक्रम,
(११) पर्यटन विकास, होमस्टे सहितका आवासीय नमूना घर निर्माण,

सचिव

प्रमुख सचिव

अनुसूची-२

(दफा १४ को उपदफा (२) सँग सम्बन्धित)

सिप तथा रोजगार विकास, तालिम, विकास निर्माण, अध्ययन अनुसन्धान तथा अन्य कार्यक्रमहरु

(क) उद्योग तथा उद्यमशिलता विकास सम्बन्धि :

(१) सीप विकास तालिम तथा रोजगार विकास कार्यक्रम,

(२) सीप विकास तालिम तथा रोजगार सिर्जना कार्यक्रम,

(३) खाद्य गोदामको भौतिक पूर्वाधार निर्माण,

(४) सुर्खेत जिल्लामा प्रादेशिक औद्योगिक क्षेत्र निर्माण,

(५) स्थानीय तहसँगको साझेदारीमा एक वडा एक अन्न भकारी कार्यक्रम,

(६) उपभोक्ता हित संरक्षण तथा बजार अनुगमन,

(७) निजी क्षेत्रको सहकार्यमा स्थानीय कच्चा पदार्थमा आधारीत एक जिल्ला एक उद्योग ग्राम पूर्वाधार विकास ।

(ख) वन, वातावरण तथा वन्यजन्तु संरक्षण सम्बन्धि :

(८) शहरी वन हरीयाली कार्यक्रम (मुख्यमन्त्री रोजगार कार्यक्रम)

(९) वृक्षारोपण कार्यक्रम, संरक्षणको सुनिश्चितता सहित (मुख्यमन्त्री रोजगार कार्यक्रम)

(१०) ढलापडा काठदाउरा संकलन तथा व्यवस्थापन

(११) समुदायमा आधारित वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम

(१२) पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजना निर्माण/संशोधन

(१३) उच्च प्रविधिको नर्सरी स्थापना (हाइटेक नर्सरी) क्रमागत योजना

(१४) वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यान्वयन

(१५) निजी वन प्रवर्द्धन कार्यक्रम

(१६) मानव वन्यजन्तु द्वन्द तथा वन्यजन्तु उद्धार (जिल्ला र मन्त्रालय)

(१७) वन्यजन्तु उद्धार सामग्री निर्माण

(१८) महत्वपूर्ण प्रजाति संरक्षण (गुराँस, भोजपत्र, देवदार, जैतुन, डालेचुक, लौठसल्ला, धुपी लगायत)

(१९) सामुदायिक वनको संस्थागत विकासको लागि सामाजिक परिचालन कार्य

(२०) वन वातावरण सम्बन्धी संरक्षण दिवस कार्यक्रम

(२१) वन सुरक्षा योजना कार्यान्वयन

(२२) वन अपराधको सूचना संकलन

(२३) वन अनुसन्धान तथा तहकीकात तथा अभियोजन

(२४) बिरुवा उत्पादन (टिमुर, तेजपात, धुपी, ओखर, देवदार, वेल, डालेघाँस लगायतका बिरुवा)

(२५) चौमासिक/वार्षिक प्रगति समिक्षा गोष्ठी

(२६) बार्षिक कार्यक्रम तथा योजना तर्जुमाका लागि जिल्लामा परामर्श तथा छलफल

(२७) वन अतिक्रमण हटाई व्यवस्थापन

(२८) वातावरणीय प्रभाव सम्वन्धी प्रतिवेदन तयारी

(२९) वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन कार्यक्रम

(३०) जडिबुटी संरक्षण, उत्पादन तथा सम्भावना, नर्सरी, जडिबुटी गुणस्तर प्रमाणीकरण प्रयोगशाला

(ग) <u>पर्यटन विकास सम्बन्धिः</u>

(३१) एक जिल्ला एक पर्यटकीय क्षेत्र विकास परियोजना तथा अन्य पर्यटन पूर्वाधार विकास कार्यक्रम

(३२) सम्भाव्यताको आधारमा ग्रेट हिमालयन ट्रेल (माथिल्लो) पूर्वाधार विकास

(३३) सम्भाव्यताको आधारमा गुरिल्ला ट्रेल पूर्वाधार विकास

(३४) साँस्कृतिक अनुसन्धान तथा प्रचार प्रसार तथा स्टोन कार्भिङ सम्वन्धी अध्ययन अनुसन्धान कार्यक्रम

(३५) कर्णाली प्रदेश पर्यटन प्रवर्द्धन (प्रचारप्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण)

(३६) सम्झौता भएका क्रमागत कार्यक्रम तथा पर्यटन पूर्वाधार विकास परियोजना

(घ) <u>भू तथा जलाधार व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धी कार्यक्रमहरु :</u>

(३७) मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने तटबन्ध तथा बाँध,बाढी पहिरो भू-क्षय नियन्त्रण

(३८) बाढी पहिरो भू-क्षय, नदी नियन्त्रण तथा जलाधार व्यवस्थापन (मुख्यमन्त्री रोजगार कार्यक्रम)

(३९) ताल तलैया तथा सिमसार क्षेत्रको पहिचान, वर्गीकरण र संरक्षण

(४०) स्थानीय तहको साझेदारीमा एक वडा एक पोखरी कार्यक्रम (मुख्यमन्त्री रोजगार कार्यक्रम

(४१) उत्तरी जलाधार व्यवस्थापन कार्यकम

(ङ) <u>वन अनुसन्धान तथा प्रशिक्षण सम्बन्धी कार्यक्रमहरु :</u>

(४२) जडिबुटीले प्रदेशको कुल ग्राहस्थ उत्पादनमा पुर्याएको योगदान सम्वन्धि अनुसन्धान कार्यक्रम

(४३) कर्णाली प्रदेशस्तरिय वन स्रोत सर्वेक्षण तयारी

(४४) वन सम्बन्धी ३० कार्य दिने आधारभूत तालिम

(४५) वन तथा वातावरण संग सम्वन्धित क्षमता अभिवृद्धी तालिम

(४६) पर्यटन प्रर्वधन सम्वन्धि तालिम (न्यापिटङ, प्याराग्लाईडिङ, हस्पीटालिटी, पर्यटक पथ प्रर्दशक सम्बन्धी तालिम)

(४७) अनुसन्धान र तालिमको आवश्यकता पहिचान

सचिव

## अनुसूची-३

(दफा १५ को उपदफा (३) सँग सम्बन्धित)

### प्रस्ताव आव्हान गर्दा सूचनामा समावेश गर्नु पर्ने विषयहरु

(क) कार्यक्रम/ आयोजनाको नाम :

(ख) कार्यक्रम/आयोजनाको उद्देश्य :

(ग) कार्यक्रम/आयोजनाका मुख्य-मुख्य क्रियाकलापहरु :

(घ) अनुदान उपलब्ध गराउन सकिने कृयाकलाप :

(ङ) अनुदानग्राहीले पेश गर्नुपर्ने कागजात,

(च) अनुदानग्राहीको योग्यता र पालना गर्नुपर्ने शर्त,

(छ) कार्यक्रम संचालन हुने स्थान,

(ज) अनुदानग्राहीको तर्फबाट गर्नुपर्ने साझेदारी,

(झ) अनुदानग्राहीले पाउन सक्ने अधिकतम वस्तुगत सहायता वा रकमको सीमा,

(ञ) लाभान्वित संख्या देखिने उपलब्धी मुल्यांकन सूचक,

(ट) निवेदन पेश गर्नुपर्ने निकाय र अपनाउनु पर्ने प्रक्रिया,

(ठ) कार्यक्रम व्यवस्थापन गर्ने निकायले आवश्यक ठानेका अन्य विषय ।

अनुसूची -४
(दफा १५ को उपदफा (३) सँग सम्बन्धित)
## अनुदानको लागि पेश गर्ने निवेदनको ढाँचा

मितिः

विषयः अनुदान उपलव्ध गराइ दिनुहुन ।

श्रीमान् ............................ ज्यू
...........................................

महोदय
तहाँ मन्त्रालय/कार्यालयबाट मिति............................मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको ............................कार्यक्रमको उद्देश्य, लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ । कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलव्ध गराइदिनुहुन अनुरोध गर्दछौं/छु ।

तपसिलः
अनुदानग्राहीको नामः
ठेगानाः
स्थानीय तहः
वडा नं
कार्यक्रमको नामः
कार्यक्रमको उद्देश्यः
अनुदान रकम आवश्यक पर्नुको कारणः
सञ्चालन गरिने कार्यक्रमः क्रमागत भए गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदन
कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागतः
कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः
कार्यक्रम सञ्चालन गर्ने कार्ययोजनाः
कार्यक्रमबाट लाभान्वित जनसंख्याः

निवदेक
लाभान्वित समूह/लघु,घरेलु तथा औधोगिक सहकारी संस्था/लघु,घरेलु तथा औधोगिक फार्म/उद्यमी
अध्यक्ष/प्रतिनिधिको दस्तखतः
नाम थरः
पदः
सम्पर्क फोन
मितिः
संस्थाको छाप

अनुसूची – ५

(दफा २० को उपदफा (१) सँग सम्बन्धित)

## सम्झौताको ढाँचा

यो सम्झौता पत्र.........../मन्त्रालय/कार्यालय/केन्द्र (यस पछि पहिलो पक्ष भनिएको) र ............... गा.पा/नपा
लघु, घरेलु तथा औधोगिक फार्म /उद्यमी कृषक ............................
.................................. वडा नं ...... टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको शर्त
बमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ ।

यो सम्झौता, सम्झौता भएको मिति ............ देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/इष्टिमेट बमोजिमको कार्य यथाशिघ्र संचालन गरि मितिः........साल........महिना.....गतेसम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।

(१) यस सम्झौता बमोजिमको ............................ कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य दोस्रो पक्ष आँफैले गर्नु पर्नेछ । दोस्रो पक्ष आँफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन।

(२) सम्झौता बमोजिमको कार्य संचालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु. (अक्षरेपी................) र दोस्रो पक्षको लागत सहभागितारु..........(अक्षरेपी) व्यहोरिने छ।

(३) दोस्रो पक्षले सम्झौता बमोजिमको .............................. कार्यक्रम अन्तरगत.....................................व्यवसाय/उद्यम सञ्चालनका लागि सम्झौतामा समावेश गरिएको श्रोत बाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघसंस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ।

(४) दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

(५) दोस्रो पक्षले .....................कार्यक्रम अन्तर्गत........................व्यवसाय सञ्चालन सम्बन्धी कार्यको सार्वजनिक जानकारीका लागि Public Audit गराउनु पर्नेछ।

(६) प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष विल पेश भए पश्चात सम्बन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिनेछ।

(७) दोस्रो पक्षको लापरवाहीको कारणबाट कार्यसम्पन्न नभई हानिनोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

(८) दोस्रो पक्षले स्वीकृत प्रस्तावनाको कार्य तालिका बमोजिम .......... मिति सम्म यो सम्झौता बमोजिमको सम्पूर्ण कार्य (स्वीकृत प्रस्तावना/इष्टिमेटअनुसार) पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउने छ।

(९) सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

(१०) कार्यविधिको खण्डबाट सम्झौतामा अनिवार्य उल्लेख हुनुपर्ने विषयहरू

(११) कार्यक्रमको विस्तृत ल.इ. डिजाइन संलग्न बमोजिम हुनेछ ।

(१२) भुक्तानी हुने खाता नम्बरः

नामः

खाता नम्वरः

(१३) यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

पहिलोपक्ष

दस्तखत

नाम

पद

मिति

कार्यालयको छाप

दोस्रो पक्ष

दस्तखत

नाम

पद

मिति

संस्थाको छाप

रोहवर

दस्तखत

नाम

ठेगाना

मिति

दस्तखत

नाम

ठेगाना

मिति

सचिव

सचिव

अनुसूची -६

(दफा २१ को उपदफा (१) संग सम्बन्धित)

**भुक्तानी गर्नु पूर्व पूरा गर्नु पर्ने प्रक्रिया तथा अभिलेखहरु**

(१) कार्य सम्पन्न भए पश्चात समुहले सम्पन्न कामको विवरण, फोटो र फर्म, कम्पनी, समुह वा समितिको निर्णय सहित कार्यालयमा निवेदन गर्नु पर्नेछ ।

(२) कार्य सम्पन्न भएको जानकारी प्राप्त भए पछी सम्बन्धित प्राविधिक खटाइ सकेसम्म स्थानीय जनप्रतिनिधि समेतको सहभागितामा ३ लाख भन्दा माथीको कार्यक्रमको हकमा सार्वजिनक सुनुवाइ गराउनु पर्ने छ ।साथै ५० लाख भन्दा बढिको आयोजनाको हकमा जिल्ला समन्वय समितिको सहभागितामा अनुगमन भएको हुनु पर्नेछ ।

(३) सम्झौता अनुसारको कार्य सम्पन्न भए पश्चात सो को प्राविधिक प्रतिवेदन र सम्वन्धित स्थानीय तह, वडापालिकाको सिफारिस सहित कार्य सम्पन्न भएको जानकारी लिखित रुपमा गर्नुपर्ने छ ।

(४) प्राप्त जानकारी अनुरुप कार्य सम्पन्न भए नभएको स्थलगत निरीक्षण गरी सोको प्राविधिक प्रतिवेदन पेश भए पछि ल.ई. मध्ये सम्पन्न कामको भुक्तानी गरिनेछ ।

(५) कार्यक्रम सञ्चालन गर्ने जिम्मेवार निकायले प्रचलित कानुन बमोजिम प्राविधिक जाँचपास हुनु पर्ने आयोजना तथा कार्यक्रमको योग्यता पुगेका प्राविधिकबाट जाँचपास गराउनु पर्नेछ।

(६) यसरी भुक्तानी गर्दा निर्माण कार्यको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागिताको अंश कट्टा (उ.स. मार्फत भएमा) गरेर मात्र भुक्तानी दिनु पर्नेछ ।

(७) भुक्तानी दिनु अघि कार्यसम्पन्न प्रतिवेदन, ठेक्का विल, सार्वजनिक लेखापरीक्षण प्रतिवेदन (उ.स. मार्फत भएमा), सुपरीवेक्षण तथा अनुगमन प्रतिवेदन (फोटो सहित) समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
कायदिश प्राप्त कर्मचारीले खर्चको विलभर्पाई सहित कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(८) स्थलगत निरीक्षण गरी पेश भएको कार्य सम्पन्न प्रतिवेदन अनुरुप कार्य सम्पन्न भए नभएको एकिन गरी जाँचपास प्रतिवेदन संलग्न गर्नु पर्नेछ।

(९) अन्तिम भुक्तानी वा पेश्की फछ्र्यौटको लागि भिडियो र फोटो सहितको सुपरीवेक्षण तथा अनुगमन प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

अनुसूची ७

(दफा २१ को उपदफा (२) संग सम्बन्धित)

## अनुगमन तथा मूल्याङ्कन गर्दा समेट्नु पर्ने विषयहरु

कार्यालयको संगठन संरचना र उपलब्ध जनशक्तिको
(१) कार्यालयले अनुगमन तथा मूल्याङ्कनका लागि कार्यालयको संगठन संरचना र उपलब्ध जनशक्तिको आधारमा अनुगमन तथा मुल्याङ्कनका लागि जिम्मेवारी तोक्नु पर्ने छ । योजनाको सम्झौता संगै कार्यादेश संगै अनुगमन गर्ने अधिकारी तोकेर निजले सो क्रममा गर्नु पर्ने कार्यहरु तोकिदिनु पर्नेछ।

(२) अनुमगनकर्ताले योजनाको सम्झौता स्वीकृत ल. ई. ड्रईङ र डिजाईन अनुसार आयोजनागत प्रोफायल तयार गर्न आवश्यक विवरणहरु समेत समेटी अनुगमनका क्रममा भर्नु पर्ने फाराम तयार गरी स्वीकृत गराउनु पर्नेछ ।

(३) हरेक योजनाको आयोजनाको सूचना पाटी राखीने व्यवस्था सुनिश्चित गर्नु पर्नेछ ।

(४) अनुमगनकर्ताले उपभोक्ता समुहमा पनि अनुगमन समिति गठन गरी समुहका तर्फबाट अनुगमन गर्ने प्रवन्ध मिलाउनु पर्ने छ ।

(५) उपभोक्ता समुह वा कामदारलाई स्वीकृत लागत ईष्टमेट, डिजाईनका बारेमा प्रष्ट जानकारी दिनु पर्ने छ र काम शुरु गर्नु पहिले कामको विषयमा अनिवार्य रुपमा अभिमुखीकरण गरीएको हुनु पर्ने छ। त्यस्तो अभिमुखीकरणमा उपस्थित हुने सहभागीहरुको अभिलेख समेत राखु पर्ने छ ।

(६) अनुगमनकर्ताले आयोजना शुरु हुन पूर्व, आयोजना सुचारुको अवधी र आयोजना समाप्ती पछि गरी कम्तिमा ३ पटक अनुगमन गरी सो बेलाको फोटो र भिडीयो संलग्न गरेको हुनु पर्ने र कार्यालय प्रमुखले सो कुराको अनुगमण र निरिक्षण गरी सुनिश्चित गर्नु पर्ने छ । कार्यालय प्रमुखले कार्यको प्रकति हेरी मासिक, द्वैमासिक, चौमासिम कार्यतालिका तयार गरी अनुगमन र पृष्ठपोषण गर्नु पर्नेछ।

(७) कार्य सम्पन्न भएपछी स्थानीय जनप्रतिनिधी, वडा प्रतिनिधि समेतको सहभागीतामा सार्वजिनक सुनुवाई गर्नु पर्नेछ ।

(८) निश्चित रकम (५० लाख) भन्दा बढीको अनुगमन तथा मूल्याङ्कनमा जिल्ला समन्वय समितिका प्रमुख वा प्रतिनिधिलाई सहभागि गराउनु पर्ने छ। निर्देशनालयको तर्फबाट चौमासिक रुपमा र मन्त्रालयको तर्फबाट बार्षीक रुपमा स्याम्पलको रुममा उपरोक्त अनुसार भए नभएको अनुगमन तथा मुल्याङ्कन गर्न सक्नेछ ।

(९) वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले सेवाकालिन तालिम वा अन्य छोटो तालिम दिए पछी त्यसको प्रभाव कर्मचारीमा पर्यो वा परेन भनी प्रभावकारीता जाच गर्न तालिम लिने कर्मचारीको फिल्ड अनुगमन गर्न सकिने छ । त्यसरी अनुगमन गर्दा तालिम प्राप्त कर्मचारीले गरेका काममा परिवर्तनका सुचकहरु हेर्ने तथा सो कार्यालयमा सोधपुछ तथा छलफल गरी तालिम कार्यक्रमको फिडव्याक लिनु पर्ने छ ।

(१०) सम्बन्धित कार्यालयका प्रमुख तथा माथिल्लो स्तरका कर्मचारीबाट सम्बन्धित कर्मचारीको अनुगमन तथा सुपरिवेक्षण र पृष्ठपोषण लिन सकिनेछ ।

(११) तालिम लिने कर्मचारीको कार्यशैलीमा परिवर्तन आए नआएको, विषयगत ज्ञान, प्रविधिको प्रयोग जस्ता विषय हेरिनेछ ।

(१२) प्रदेश मन्त्रालय र निर्देशनालयबाट फिल्ड अनुगमन गर्दा प्राप्त फिडव्याकलाई तालिम कार्यक्रमहरुको डिजाईनमा समावेश गर्नु पर्नेछ ।

उपसचिव

अनुसुची ८

(दफा २१ को उपदफा (३) संग सम्बन्धित)

<u>सम्पन्न काम र खर्चको प्रतिवेदन ढाँचा</u>

कार्यक्रमको नामः.............................................................

अनुदान प्रदान गर्ने निकायको नामः.............................................................

अनुदानग्राहीको नामः.............................................................

कार्यक्रम संचालन अवधिः,.............................................................

लाभान्वित संख्या) क्षेत्रगत विस्तृतमा).............................................................

कार्यक्रममा अन्य कुनै साझेदार निकाय भएमा नाम.........................साझेदारीको रकम.......................

| क.स. | क्रियाकलाप | अनुदान रकम रु. | लक्ष्य (इकाई) | | प्रगति प्रतिशत | | लक्ष्य अनुसार प्रगति हुन नसकेको भए कारण | मासिक/ चौमासिक/ अर्धवार्षिक/ वार्षिक/ अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

<u>ठोस प्रगति/उपलब्धिः</u>

१.............................................................

२.............................................................

३.............................................................

<u>कार्यालय प्रमुख</u>

दस्तखतः

नामः....................

पदः...........................

द्रष्टव्यः कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी मन्त्रालयले प्रगति प्रतिबेदनको ढाँचा तयार गर्न सक्नेछ।

सचिव

नि. प्रमुख सचिव

अनुसूची -९
(दफा २३ को उपदफा (४) सँग सम्बन्धित)

## होर्डिङ्ग बोर्ड

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
..........................निर्देशनालय
....................कार्यालय,..................

१.आयोजनाको नामः
२.आयोजना सञ्चालन गर्ने व्यक्ति/फर्म/संस्थाको नामः
३.ठेगानाः
४.आयोजनाको कूल लागतः रू
५.अनुदान रकमः रू
६.अनुदानग्राहीको सहभागिताः रू
७.अन्य साझेदार निकायको सहभागिताः रू
८.आयोजनाको अवधीः ........................ देखि ..................................
९.लाभग्राहीहरूको संख्याः.........महिला..........पुरुष ........अन्य

द्रष्ट्रव्य : (साइजः ५ फिट x ४ फिट)

अनुसूची - १०

(दफा २७ सँग सम्वन्धित)

## चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदनको ढाँचा

आर्थिक बर्ष: २०७७।७८

जिल्ला: ..............

कार्यक्रमको नाम: ............

अनुदानग्राहीको नाम: .................

अनुदानग्राहीको फर्म वा कम्पनीको नाम र ठेगाना:

सम्पर्क नं. ...............

अनुदान रकम: रू.............

साझेदारी लागत: रू..................

कूल लागत: रू...................

कार्यक्रम अवधी: ................

| क्र. सं. | कार्यक्रमका प्रमुख क्रियाकलापहरू | लक्ष | | प्रगति | | प्रगति हुन नसकेको भए कारण | सञ्चालित कार्यक्रमबाट देखिएको उपलब्धी |
|---|---|---|---|---|---|---|---|
| | | भौतिक | वित्तिय | भौतिक | वित्तिय | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |

सचिव

अनुसूची -११

(दफा ३० को उपदफा (२) संग सम्बन्धित)

प्रतिवद्धता पत्र

...............................मन्त्रालय/कार्यालयको मिति..........................मा प्रकाशित सूचना अनुसार ...................................कार्यक्रममा सहभागिता को लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेकोका छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु/छौं र .................बर्ष सम्म निरन्तरता दिनेछु/छौं। कार्ययोजना अनुसारको कार्य नगरेमा वा तोकिएको अवधि अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं। संचालित क्रियाकपालबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं। यसमा लेखिए मोजिम नगरे प्रचलित कानून बमोजिम सहुला/बुझाउँला।

अनुदानग्राही को तर्फबाट

नामः...........................................

पदः ...........................................

संस्थाको नामः ...........................................

ठेगानाः ...........................................

सम्पर्क नं. ...........................................

दस्तखतः ...........................................

मितिः ...........................................

छापः ...........................................

| दाँया | बाँया |
|---|---|

द्रष्टव्यः यस ढाँचामा उल्लेखित विषयहरु बाहेक थप कुनै विषयमा प्रतिबद्दता जनाउन आवश्यक ठानेमा मन्त्रालयले उक्त विषय थप गर्न सक्नेछ।

प्रमुख सचिव

खण्ड (क)

## अनुसूची -१ मा उल्लेखित कार्यक्रमहरु कार्यान्वयन कार्यविधि

| क. सं. | अनुदान प्रवाह गरिने कार्यक्रमहरू<br>उद्योग तथा उद्यमशिलता विकास |
|---|---|
| १ | **क.कार्यक्रमको नामः** कोभिड-१९ विशेष रोजगारीमूलक तालिम |
| | **ख. पृष्ठभूमि र उद्देश्य**<br>कोभिड-१९ को विश्वव्यापी महामारीले कर्णाली प्रदेशको रोजगारी संकुचित हुने र बैदेशिक रोजगारीमा रहेका कर्णालीबासीहरु समेत फर्किने परिस्थितिले बेरोजगारको संख्या र समस्या झन बढ्ने भएकोले सो समस्या कम गर्न कोभिड-१९ का कारण बैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई उनीहरुसंग रहेका सीप क्षमताको सदुपयोग गर्दै नव उद्यमी सृजना गर्न विभिन्न रोजगारीमूलक सीप विकास, उद्यमशिलता विकास र प्रविधि हस्तान्तरणका विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ । |
| | **ग. कार्यक्रम सञ्चालन प्रक्रिया**<br>• सम्बन्धित कार्यालयले तालिम सञ्चालन गर्नु पूर्व स्थानीय तहमा रहेका रोजगार सूचना केन्द्र मार्फत विदेशबाट फर्किएका श्रमिकहरुको विवरण, उनीहरुको रोजगारीको रुची, जनशक्तीको प्रकार, उनीहरुले गर्न चाहेका कामका बारेमा स्थानीय तह र वडा अनुसार विवरण अद्यावधिक गरिने छ । स्थानीय स्तरमा उपलब्ध हुनसक्ने औद्योगिक कच्चा पदार्थको परिमाण, गुणस्तर, उपलब्ध हुने क्षेत्र, हालको उपयोगिता, बजारको सम्भाव्यता, सहयोगी निकायहरु र सहयोगको प्रकार आदिका बारेमा रोजगार सूचना केन्द्र र स्थानीय तहहरुसंग छलफल गर्नेछ।<br>• स्थानीय तहहरुसंग समन्वय गरी तालिमको विषय, स्थान, सहभागी संख्याको निर्धारण गरिने छ ।<br>• स्थानीय तहहरुको सिफारिसमा प्रशिक्षार्थी छनौट गरिने छ ।<br>• तालिमको पाठ्यक्रम, कच्चा पदार्थ खरिद तथा उत्पादित सामाग्रीको बिक्री व्यवस्थापन, तालिका अवधि, प्रशिक्षक लगायत सहभागिको सुविधा, पारिश्रामिक लगायतको विषयमा निर्देशनालयले साविकको तालिमका पाठ्यक्रम, सेवा सुविधा र प्रचलित आर्थिक ऐन नियमलाई समेतलाई आधारमा तालिम कार्यक्रमको दिग्दर्शन मन्त्रालयबाट स्वीकृत गरी तालिम सञ्चालन गरिने छ ।<br>यस कार्यक्रमबाट उद्यमशिलता विकास, सीप विकास, प्रविधि हस्तान्तरणका कार्यक्रमको एकिकृत प्याकेज बनाई छिटो छरितो र प्रभावकारी रुपमा व्यवसाय शुरु गर्न मद्दत पुग्ने गरी रोजगारी सृजना गरिने छ । |
| | **घ. स्वीकृत बजेट तथा अनुदानको व्यवस्था**<br>यस कार्यक्रमका लागि कुल रु. २ करोड १६ लाख लाख विनियोजन भएको छ । |
| २ | **क. कार्यक्रमको नामः** उद्यमीहरुका लागि उपयुक्त प्रविधि हस्तान्तरण |
| | **ख. पृष्ठभूमि र उद्देश्य**<br>यस कार्यक्रमबाट लघु, घरेलु तथा साना उद्योगहरुको विकास, विस्तार र प्रवर्द्धनका लागि छनौट |

| | |
|---|---|
| | भएका उद्यमीहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ, मेशिन, ज्यावल तथा औजार, उपकरणहरु लागत सहभागितामा उपलब्ध गराउन तथा लाभग्राहीको आवश्यकता अनुसार मेशिन औजार उपकरण सम्बन्धी आधुनिक किसिमको ज्ञान, सीप, प्रविधि हस्तान्तरण गरी उद्यमीहरुको क्षमता र आर्थिक लाभ अभिबृद्धी गर्न समेत सघाउन सकिने छ। |
| | ग. कार्यक्रम सञ्चालन प्रक्रिया<br>कर्णाली प्रदेश सरकारको अनुदान व्यवस्थापन कार्यविधि नियम २०७७ अनुसार सूचना प्रकाशन र लाभग्राही छनौट गरी सहयोग गरिने छ । १ लाख सम्म लागत पर्ने मेसिन औजार भए ६० प्रतिशत र २ लाख भन्दा बढी लागत पर्ने भए ५० प्रतिशत वा ५० प्रतिशतले २ लाख नाघ्ने भएमा २ लाखमा नबढ्ने गरी सहयोग गर्न सकिने छ । मेसिन औजार उपकरणहरु खरिद गर्दा प्रचलित खरिद ऐन, नियम अनुसार गरिद गरी सम्वन्धित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय वा निर्देशनालयको स्टोरमा दाखिला गरी तालिम कार्यमा प्रयोग गर्ने वा लाभाग्राहीलाई हस्तान्तरण गर्नु पर्ने भए सो बमोजिम हस्तान्तरण गर्नु पर्नेछ । तालिम लिने सहभागिहरुबाट आफूले लिएको तालिमसंग सम्वन्धित मेसिन औजार उपकरण लिन चाहेमा माथि उल्लेख भए अनुसार अधिकतम २ लाख सम्मको मेसिनरी औजार उपकरणहरु कार्यालयले खरिद गरी स्टोर दाखिला गरी अनुदान प्राप्त गर्ने लाभग्राहीलाई हस्तान्तरण गरिने छ । |
| | घ. स्वीकृत बजेट तथा अनुदानको व्यवस्था<br>यस कार्यक्रमका लागि प्रत्येक जिल्लामा रु. २० लाख विनियोजन भएको छ । |
| ३ | क. कार्यक्रमको नामः सीप विकासका लागि कच्चा पदार्थ तथा सामग्री |
| | ख. पृष्ठभूमि र उद्देश्य<br>सीप विकास तथा प्रविधि हस्तान्तरण लगायतका तालिम सञ्चालन गर्दा सम्वन्धित तालिमको पाठ्यक्रमले निर्धारण गरे बमोजिम आवश्यक परिमाणमा कच्चा पदार्थ तथा सामग्री व्यवस्था गर्नु पर्ने भएकोले सोको व्यवस्थापनका लागि यो शिर्षकको रकम खर्च हुनेछ । |
| | ग. कार्यक्रम सञ्चालन प्रक्रिया<br>यस कार्यक्रमको प्रभावकारीताका लागी सिप विकास तथा रोजगार विकास कार्यक्रमसंग एकिकृत गरी सिप विकासको कार्यक्रमबाट तालिम र कच्चा पदार्थ तथा मेसिनरी सामग्रि यस कार्यक्रमबाट खर्च ब्यहोर्ने गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ । |
| | घ. बजेट<br>यस कार्यक्रमका लागि प्रत्येक जिल्लामा रु. १० लाख विनियोजन भएको छ । |
| ४ | क.कार्यक्रमको नामः छाला उद्योगका लागि पूर्वाधार निर्माण |
| | ख. पृष्ठभूमि र उद्देश्य<br>छालाजन्य कच्चा पदार्थमा आधारित उद्यमहरु जस्तै झोला, कम्मर पेटी, पर्स, जुत्ता, ज्याकेट, चप्पल आदिको उत्पादन तथा व्यवसायीकरणको विकास तथा प्रोत्साहन गर्नका लागि आवश्यक पूर्वाधार निर्माण, मेसिनरी औजार उपकरण खरिद वा भन्सार शुल्क सहयोग दिने तथा प्रविधि हस्तान्तरण गरी उद्यमशीलता विकास, रोजगारी सिर्जना, निर्यात प्रवर्द्धन गर्न यो कार्यक्रम सञ्चालन गरिने छ । |
| | ग. कार्यक्रम सञ्चालन प्रकृया<br>अध्ययनको आधारमा उद्योग तथा उपभोक्ता हित निर्देशनालय सुर्खेतले छाला उद्योगका लागि |

| | |
|---|---|
| | पूर्वाधार निर्माणमा सहयोग उपलब्ध गराउने छ । पूर्वाधार निर्माणमा बाटो, बिजुली, पानीको व्यवस्था तथा मेसिनरी औजार उपकरण खरिद गर्दा भन्सार शुल्कमा सहयोग गरिने छ । सहकारी संघ संस्थाले सञ्चालन गर्ने उद्योग र परम्परागत छाला उद्यमीहरुलाई प्राथमिकता दिईने छ । कर्णाली प्रदेश सरकारको अनुदान व्यवस्थापन कार्यविधि नियम, २०७७ अनुसार सूचना प्रकाशन गरी लाभग्राही छनौट गरिने छ ।परम्परागत छाला उद्यमीहरुलाई प्रदेश सरकारको निर्णय बमोजिम थप रकम र कार्यक्रममा सहयोग गर्न सकिने छ । |
| | घ. बजेट<br>यस कार्यक्रमका लागि यस आ.व. मा रु.१ करोड विनियोजन भएको छ । |
| ५ | क. कार्यक्रमको नामः अर्गानिक पेष्टिसाइड/जैविक मलखाद्य उत्पादन उद्योग |
| | ख. पृष्ठभूमि र उद्देश्य<br>अध्ययनको आधारमा जैविक मल तथा जैविक विषादी उत्पादन गर्ने उद्योग स्थापना गर्न त्यस्ता उद्योगलाई आवश्यक पर्ने मेसिन औजार उपकरण तथा पहुँच मार्ग, विद्युत, पानी लगायतका आवश्यक भौतिक पूर्वाधारमा सहयोग पुऱ्याउन यो कार्यक्रम सञ्चालन हुनेछ । यसबाट किसानलाई सहज रुपमा जैविक मल तथा जैविक विषादी उपलब्ध हुने र यसले गर्दा रासायनिक मल तथा विषादीको प्रयोग विस्थापित भै अर्गानिक उत्पादन बढाउन प्रोत्साहन गर्ने, फोहोर व्यवस्थापनमा सघाउने र अर्गानिक जिल्ला निर्माणका लागि अनुकुल वातावरण बन्न सक्ने उद्देश्य लिईएको छ । सम्भव भएसम्म स्थानीय र निजी क्षेत्रको लगानी आकर्षण गरिने छ । |
| | ग. कार्यक्रम सञ्चालन प्रक्रिया<br>अध्ययनको आधारमा जिल्लाका उपयुक्त रहेको स्थानमा अर्गानिक पेष्टिसाइड/जैविक मलखाद्य उत्पादन उद्योगका लागि पूर्वाधार निर्माण गर्न सहयोग उपलब्ध गराइने छ। स्थानिय तहहरुसंगको सहमति वा सम्भव भएसम्म लागत साझेदारीमा उद्योगीहरुबाट प्रस्ताव माग गरी छनौट भएका उद्योगलाई आवश्यक पर्ने पूर्वाधार (बाटो, बिजुली, पानी) तथा मेसिन औजार उपकरण खरीद गर्दा लाग्ने भन्सार शुल्कमा सहयोग गरी त्यस्ता किसिमका उद्योगहरुलाई प्रोत्साहन गरिनेछ । स्थानीय तहले साझेदारीमा स्थापना गर्ने उद्योगलाई शसर्त अनुदानको रुपमा लागतको बढीमा पच्चीस प्रतिशत सहयोग गर्न सकिनेछ । अनुदान सहयोग कर्णाली प्रदेश सरकारको अनुदान व्यवस्थापन कार्यविधि नियम, २०७७ बमोजिम हुनेछन्। यसमा माग र सम्भावनाको आधारमा साना वा बृहत उद्यम स्थापनामा सहयोग गर्न सकिनेछ । |
| | घ. बजेट<br>यस कार्यक्रमका लागि यस आ.व. मा रु. २ करोड विनियोजन भएको छ । |
| ६ | क. कार्यक्रमको नामः स्थानीय कच्चा पदार्थमा आधारित उद्योग प्रवर्द्धन कार्यक्रम |
| | ख. पृष्ठभूमि र उद्देश्य<br>कर्णाली प्रदेशका विभिन्न जिल्लामा रेशामा आधारित उद्योगको राम्रो सम्भावना छ। अध्ययन अनुसार सुर्खेत, दैलेख (नौमुले) र जाजरकोटमा अल्लो र कालिकोटमा लोक्ता उद्योगका साथै अन्य जिल्लाहरुका स्थानिय कच्चा पदार्थमा आधारित उद्योग प्रवर्धन गर्न यो कार्यक्रम सञ्चालन हुनेछ। यसबाट उद्योग सञ्चालन गर्न आवश्यक मेशिनरी औजार, पूर्वाधार विकास, उपकरण तथा तालिममा सहयोग गरिनेछ। |
| | ग.कार्यक्रम सञ्चालन प्रक्रिया |

| | |
|---|---|
| | कार्यक्रम सञ्चालन गर्ने निकायले वस्तुगत सहायता कार्यालयबाट खरिद गरी हस्तान्तरण गरिनेछ । यो कार्यक्रम कर्णाली प्रदेश सरकारको सरकारी अनुदान व्यवस्थापन कार्यविधि नियम, २०७७ मा आधारित रही सञ्चालन गरिनेछ । |
| | घ. बजेट<br>यस कार्यक्रमका लागि यस आ.व. मा रु ६० लाख विनियोजन भएको छ । |
| ७ | क. कार्यक्रमको नामः लक्षित वर्ग उद्यम विकास कार्यक्रम |
| | ख. पृष्ठभूमि र उद्देश्य<br>यो कार्यक्रम विशेष गरी महिला, दलित, जनजाती, अपाङ्गता भएका व्यक्तिहरु तथा विभिन्न किसिमका विपद, द्वन्द्व वा अन्य सामाजिक आर्थिक बन्चितिकरणका कारणले रोजगारी गुमाएका समुदायका युवाहरुलाई आफूले चाहेको र बजार विश्लेषणबाट सम्भाब्य ठहराएको व्यवसाय सञ्चालनको गरी रोजगारी सिर्जनाका लागि उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय/निर्देशनालयबाट सञ्चालन हुनेछ। |
| | ग. कार्यक्रम सञ्चालन प्रकृया<br>यो कार्यक्रम उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयहरुबाट विगतमा सञ्चालन गरेको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको सफल अभ्यासहरुको अनुशरण गरी आवश्यक सीप, उद्यमशिलता विकास तालिम, लघुवित्तमा पहुँच, उपयुक्त प्रविधिमा पहुँच तथा ब्राण्डिङ तथा बजारीकरण लगायतका ज्ञान, सीप र प्रविधि हस्तान्तरण जस्ता कृयाकलापहरु सञ्चालन हुने गरी सम्बन्धित निकाय आफैले वा सेवा प्रदायक संस्थाबाट सेवा खरिद गरी सञ्चालन गरिनेछ। कार्यक्रमको प्राथमिकता क्षेत्र कोभीड-१९ का कारण बढी प्रभावित जिल्लाहरु हुनेछन् । कार्यक्रम सञ्चालन सम्बन्धित जिल्लाका उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय/कार्यालयले गर्नेछ। यो कार्यक्रम सञ्चालन गर्ने प्रयोजनका लागि जिल्लामा गठन भएका उद्यमीहरुको छाता संगठन लघु उद्यमी सुमह संघहरुसंग समन्वय गर्न सकिनेछ । |
| | घ. बजेट<br>यस कार्यक्रमका लागि लक्षित वर्ग उद्यम विकास कार्यक्रम तर्फ २ करोड विनियोजन भएको छ । |
| ८ | क. कार्यक्रमको नामः लक्षित वर्ग लघु घरेलु उद्योग सहयोग कार्यक्रम |
| | ख. पृष्ठभूमि र उद्देश्य<br>यस कार्यक्रम विशेष गरी कोभिड-१९ र अन्य विपदका कारणले संकटमा परेका लक्षित वर्ग द्वारा सञ्चालित उद्योगहरुलाई पुर्नउत्थान सहयोग (Backup support) गर्न मेसिनरी औजार, पूर्वाधार विकास तथा उपकरण उपलब्ध गराउन उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय/निर्देशनालयबाट सञ्चालन हुनेछ । |
| | ग. कार्यक्रम सञ्चालन प्रक्रिया<br>उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालयले प्रदेश भित्रका सकृय उद्योगहरुको लगत अद्यावधिक गर्नेछ । सकृय उद्योगहरुको संख्याको आधारमा जिल्लामा बजेट विनियोजन गरिने छ। विनियोजित बजेटको सिमामा रही लघु घरेलु उद्योगको लागि आवश्यक पर्ने पूर्वाधार निर्माण, मेसिनरी औजार उपकरण खरिद वा खरिद गरी ल्याउँदा लाग्ने भन्सार शुल्क वापतको रकम सहयोग गरिने छ । जिल्लामा रहेका उद्योगहरुको प्रकार र संख्याको अनुपात अनुसार विभिन्न समूहमा समुहकृत गरी प्रत्येक समूहबाट उद्यमीहरु छनौट गरी लाभ र लागत हेरी सहयोग |

| | |
|---|---|
| | दिइनेछ । कार्यालयले दिने अनुदान सहयोग बस्तुगत सामग्री वा मेसिन औजार प्राप्त भै सकेपछि सम्बन्धित आपुर्तिकर्तालाई भुक्तानी गरिनेछ। अनुदान पाउने लाभग्राही छनौट गर्दा कर्णाली प्रदेश सरकारको अनुदान व्यवस्थापन कार्यविधि नियम २०७७ मा भएको व्यवस्थाका अतिरिक्त उक्त उद्योगले सिर्जना गरिरहेको रोजगारीको संख्या र विगत दुई बर्षको आर्थिक कारोबार समेत हेरी बढी रोजगार दिने, बढी आर्थिक कारोबार गर्ने, स्थानीय स्रोत साधन र सीपमा आधारित र वातावरण मैत्री उद्यमहरुलाई छनौटमा प्राथमिकता दिनेछ । सकृय उद्योगहरुको संख्या र प्रकारको विवरण प्राप्त भएपछि सोका आधारमा मन्त्रालयले थप निर्देशन गर्न सकिने छ । |
| | **घ. बजेट** : यस कार्यक्रमको लागि ४ करोड विनियोजन गरिएको छ । |
| ९ | **क. कार्यक्रमको नामः** खाद्यान्न खरिद तथा ढुवानी (राहत, उद्धार तथा पुनर्स्थापना) |
| | **ख. पृष्ठभूमि र उद्देश्य**<br>यस कार्यक्रमबाट कर्णाली प्रदेशमा आईपरेका प्राकृतिक विपदमा परी खाद्यान्न संकट परेका, कामको लागि खाद्यान्न तथा प्रदेश सरकारको निर्णय बमोजिम कोभिड-१९ को कारण भोकमरीको अवस्थामा पुगेका समुदायहरुलाई राहत उपलब्ध गराईनेछ । |
| | **ग. कार्यक्रम सञ्चालन प्रक्रिया**<br>• यो कार्यक्रमको लागि मन्त्रालयबाट आवश्यकताको आधारमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी मार्फत वा प्रचलित कानून बमोजिम मन्त्रालयबाट खाद्यान्न खरिद गरिनेछ।<br>• प्रदेश विपद् व्यवस्थापन परिषदको निर्णय बमोजिम आन्तरिक मामिला तथा कानून मन्त्रालयको निर्णय (मन्त्रिस्तरिय वा सचिवस्तरिय) सिफारिस सहित विपद्मा परेका परिवार संख्या/ विवरण मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ।<br>• विवरण प्राप्त भै सकेपछी त्यस्ता परिवारलाई चामल, दाल, तेल र नुन जस्ता खाद्यान्न नेपाल प्रहरीको प्रचलित दैनिक स्केल बमोजिम उपलब्ध गराईनेछ ।<br>• विपद्मा परेका घर परिवारसम्म खाद्यान्न पुऱ्याउन लाग्ने भाडा तथा ज्यालाको रकम विनियोजित खाद्यान्न ढुवानी अनुदान बजेटबाट ब्यहोरिने छ।<br>• सम्बन्धित स्थानीय तह (अध्यक्ष वा प्रमुख,उपाध्यक्ष वा उप प्रमुख, वडा अध्यक्ष वा प्रमुख प्रशासकिय अधिकृत) बाट सामग्री बुझेको भर्पाई प्राप्त गर्नु पर्नेछ ।अन्य राहत कार्यक्रमको हकमा कर्णालि प्रदेश सरकार वा प्रदेश स्तरिय कोभिड व्यवस्थापन समिति (पिसिएमसी) ले निर्णय गरे बमोजिम हुनेछ।<br>• मन्त्रालयले यो कार्यक्रम सञ्चालन गर्दा खाद्यान्न खरिद, सूचना संकलन तथा अभिलेखिकरण, राहत वितरण र ढुवानी लगायतका प्रक्रिया निर्धारण गर्न मापदण्ड तयार गर्न सक्नेछ ।<br>• प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम विपद्मा परि खाद्यान्न राहतको हकमा यस कार्यक्रमबाट खर्च भएको रकम मन्त्रालयलाई प्रदेश विपद् व्यवस्थापन कोषबाट सोधभर्ना गर्नु पर्नेछ । |
| | **घ. बजेट**<br>यसमा खाद्यान्न खरिदका लागि ४५ करोड र ढुवानीका लागि ५ करोड गरी जम्मा ५० करोड विनियोजन भएको छ । |

| | वन, वातावरण तथा वन्यजन्तु संरक्षण सम्बन्धी |
|---|---|
| १० | क. कार्यक्रमको नामः जडिबुटी उत्पादन, खेती विस्तार तथा उद्यम विकास कार्यक्रम |
| | ख. पृष्ठभूमि र उद्देश्य<br>जडिबुटी एवं अन्य गैरकाष्ठ वन पैदावरको अधीक संकलन, अधिक चरिचरण, वीउ पाकेर झर्नु अघि अपरिपक्व अवस्थामा हुने संकलनको नियन्त्रण, आगोलागी नियन्त्रण जस्ता कार्यहरु गरी जडिबुटीको संरक्षण एवं पुर्नउत्पादनशील क्षमताको संरक्षण गर्न, असल खेती पद्दती विकास गर्न, कृषकको निजी खेतबारीमा विस्तार गरी उत्पादन बढाउन प्रोत्साहित गर्न, जडिबुटीको नर्सरी निर्माण तथा विरुवा उत्पादनमा सघाउनका साथै यस प्रदेशमा पाईने जडिबुटिहरुको गुणस्तर मापन र ग्रेडिङ तथा एक तहको प्रशोधन गर्न यो कार्यक्रम सञ्चालन हुनेछ । |
| | ग. कार्यक्रम सञ्चालन प्रक्रिया<br>यस कार्यक्रमबाट जडिबुटी उत्पादन खेति विस्तार भण्डारण प्रशोधन र प्याकेजिङका लागि अनुदान उपलब्ध गराइने हुँदा कर्णाली प्रदेश सरकारको अनुदान व्यवस्थापन कार्यविधि नियम २०७७ को अनुसार सूचना प्रकाशन गरी लाभग्रही छनौट गर्नु पर्नेछ । यी कार्यक्रमहरु संघ र प्रदेश दुवै तहबाट कार्यक्रम सञ्चालन हुने भएकोले संघीय सरकारको जडीबुटी विकास कार्यक्रम कार्यविधी २०६९ मा तय गरिएका फोकल टीम लगायतका संस्थागत संरचनाहरु र प्रदेश सरकारका तदअनुरुपका कार्य हेर्ने निकायहरुसंग समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन हुने छन् । जडिबुटीको नर्सरी निर्माण, व्यावसायिक, वाली संकलन पछीको व्यवस्थापन कार्य (Post Harvest Operation), प्रशोधन तथा मुल्य अभिबृद्धी कार्य संघिय सरकारको जडीबुटी विकासका लागि अनुदान सम्वन्धी कार्यविधि २०७५ मा रहेको नर्सरी तथा उत्पादन, खेती विस्तार, भण्डारण, प्रशोधन, प्याकेजिङ्गका स्पेशिफिकेशन अनुसार गर्नु पर्नेछ । जडिवुटी विकासका विभिन्न प्रकृयाहरुमा निम्न कुराहरुलाई आधार बनाउन सकिनेछ । |
| १०.१ | जडिबुटी उत्पादन/खेती विस्तार<br>➢ जडिबुटी फोकल टिमले निर्धारण गरेको प्रजातीका जडिबुटी विरुवाहरु निजी किसान वा फर्म वा सहकारीहरुले उत्पादन गर्ने र उत्पादन गरेको जडिबुटी विरुवा प्रतिस्पर्धामा खरिद गरी नर्सरी धनीहरुलाई सहयोग गर्ने । निशुल्क वितरण गरिएका विरुवाहरुको अभिलेख राखे,<br>➢ जडिबुटी उत्पादन तथा खेती विस्तारमा संलग्न र अभ्यस्त किसानहरुलाई एक स्थानीय तह एक नर्सरी हुने गरी आवश्यकतानुसार घेरबार, नर्सरी व्यवस्थापन, टनेल, सिंचाई लगायत भौतिक संरचनाको लागि लागतको ५० प्रतिशत वा अधिकतम २ लाखमा नबढ्ने गरी सहयोग दिन सकिनेछ । |
| १०.२ | जडिबुटी भण्डारण तथा प्रशोधन<br>➢ जडिवुटी भण्डारणको लागि फोकल टिमले स्थान तथा रकम निर्धारण गर्न सक्नेछ ।<br>➢ भण्डारण सेवा प्रवाह गर्न भण्डारण परिमाण र जडिबुटी फोकल टिमले निर्धारण गरेको दरको आधारमा सेवा खरिद गरी निर्माण गरिनेछ,<br>➢ सहकारी संस्था, जडिबुटी उत्पादन गर्ने सामुदायिक वन उपभोक्ता समूह, जडिवुटी व्यापार संघ संस्थाको दिर्घकालिन रुपमा उपलब्ध हुने जग्गामा यस्ता भण्डारण संरचना निर्माण गर्न प्राथमिकता दिनु पर्नेछ । निर्मित भण्डारण संरचनाको संचालन, मर्मत, लाभ लागतको बाँडफाँड तथा दीगो व्यवस्थापन सम्वन्धी प्रावधान खुलाउनु पर्ने छ । |

| | |
|---|---|
| | ➢ जडिबुटी भण्डारणको सञ्चालन दिगोरुपमा हुने गरी व्यवस्था गर्नु पर्नेछ ।<br>➢ जडिबुटी प्रशोधन गर्दै आएका सहकारी संस्था वा सामुदायिक वन उपभोक्ता समूहहरुलाई आवश्यक थप प्रशोधन उपकरण यन्त्र वा विद्युत लाईन जडानको लागि लाग्ने रकममा एक समुहलाई अधिकतम् ७० प्रतिशत सम्म अनुदान सहयोग गर्न सकिनेछ । अनुदान सहयोग गर्दा कर्णाली प्रदेश सरकारको अनुदान व्यवस्थापन कार्यविधि नियम, २०७७ अनुसार गर्नु पर्नेछ ।<br>➢ प्रमाणित प्रशोधन परिमाणको आधारमा जडिबुटी फोकल टिमले निर्धारण गरेको दरले हुन आउने रकम अनुदान स्वरुप प्रशोधन गर्ने सहकारी वा सामुदायिक वन उपभोक्ता समूहलाई उपलब्ध गराउन पनि सकिने छ । |
| | घ. बजेट : यो कार्यक्रमको लागि रु. ६ करोड बजेट विनियोजन भएको छ । |
| १०.३ | क. कार्यक्रमको नाम : जडिबुटी ब्राण्डिङ्ग |
| | **ख. कार्यक्रमको उद्देश्य र कार्यक्रम सञ्चालन प्रक्रिया :** जडिबुटी बजारीकरण तथा ब्राण्डिङ्गको लागि थोक तथा खुद्रा प्याकेजिङ्गका डिजाइन तयार गरी उपलब्ध गराउने र सो अनुसारका सामाग्री तयारी एवं उत्पादन, शिलबन्दी, ल्यावेलिङ्ग (Ingredients, Weight, Manufacturing & Expiring Date, Use Methods, Precautions etc.) आदि जस्ता कार्यहरुको लागि सरोकारवालाहरुसंग परामर्शमा आधार तय गरी प्रचलित सार्वजनिक खरिद ऐन अनुसार कार्यविवरण तयार गरी अध्ययन गरिने छ। |
| | ग. बजेट : यसका लागि रु. १० लाख बजेट विनियोजन गरिएको छ । |
| ११. | क. कार्यक्रमको नामः एक जिल्ला एक पर्यटकीय क्षेत्र विकास परियोजना कार्यक्रम अन्तर्गत जनस्तरको साझेदारीमा नमूना पर्यटकीय मुर्मा गाँउ (होमस्टे सहितका आवासीय नमूना घर निर्माण) |
| | ख. कार्यक्रम कार्यान्वयन गर्ने निकाय : डिभिजन वन कार्यालय, मुगु |
| | ग. बजेट : यस कार्यक्रमको लागि यस आ.व. रु. २ करोड विनियोजन भएको छ । |
| | घ. कार्यक्रम सञ्चालन प्रकृया<br>रारा तालको निकास तर्फको मुर्मागाउँमा हाल रहेका ७४ घर परिवारहरुमध्ये पर्यटकहरुको भ्रमण तथा आवागमणका लागि पाएका पर्ने, होमस्टे सञ्चालनका लागि ईच्छुक, सामान्य पूर्वाधार तयार गर्न सक्ने, एउटै टोल वा बस्ती मिलेको घरपिरवारहरु र बस्ती पहिचान एवं छनौट गरी छनौट भएका घरपिरवार र बस्तीमा सम्भव भए स्थानीय तहको २५ प्रतिशत, होमस्टे सञ्चालन गर्न इच्छुक परिवारहरुबाट २५ देखि ५० प्रतिशत र मन्त्रालयको ५० प्रतिशतसम्म लगानी हुने गरी आवश्यक भौतिक पूर्वाधारहरु खानेपानी, विद्युतीकरण, सामुदायिक भवन, सौगात घर, शौचालयहरु जस्ता पूर्वाधारहरुको डिजाईन तथा ईष्टिमेट तयार गरी उपभोक्ता समुह वा प्रचलित सार्वजनिक खरिद ऐन, नियम अनुसार पूर्वाधार निर्माण गराईनेछ । यो कार्यक्रम सञ्चालन गर्दा कर्णाली प्रदेश सरकारको अनुदान व्यवस्थापन कार्यविधि नियम, २०७७ को परिपालना हुने गरी सूचना प्रकाशन, छनौट समिति तथा अन्य प्रावधानहरुको अनुशरण गर्नुपर्ने छ ।यो कार्यक्रम सञ्चालन गर्दा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रसँग आवश्यक समन्वय गरि कार्यान्वयन गर्नु पर्नेछ । |

खण्ड (ख)

अनुसूची -२ मा उल्लेखित कार्यक्रमहरु कार्यान्वयन कार्यविधि

| क. सं. | सिप तथा रोजगार विकास तालिम, विकास निर्माण, अध्ययन अनुसन्धान सम्बन्धी कार्यक्रमहरु |
|---|---|
| (क) | उद्योग तथा उद्यमशिलता विकास |
| १ | क.कार्यक्रमको नामः सीप विकास तालिम तथा रोजगार विकास कार्यक्रम |
| | ख. पृष्ठभूमि र उद्देश्य<br>१. सीप विकास तालिम तथा रोजगार विकास कार्यक्रमको मुख्य उद्देश्य लघु, घरेलु तथा साना उद्योगहरुको स्थापना, विकास, विस्तार र प्रवर्द्धनका लागि आवश्यक पर्ने प्राविधिक सीपमूलक तालिम प्रदान गर्नु हो ।<br>२. यस कार्यक्रमबाट व्यवसाय गरी स्वरोजगार हुन चाहने युवाहरुलाई व्यवसाय, विकास र प्रवर्द्धन सम्बन्धी परम्परागत तथा आधुनिक किसिमको ज्ञान, सीप, प्रविधि हस्तान्तरण गरी रोजगारीको सिर्जना गर्न सक्ने क्षमताको विकास गराईने छ । |
| | ग. कार्यक्रम सञ्चालन प्रकृया<br>• सम्बन्धित कार्यालयले तालिम सञ्चालन गर्नु पूर्व सम्भाव्य वा सञ्चालित उद्योगहरु, सोका लागि आवश्यक प्राविधिक सीपमूलक तालिम, तालिमको उपयोगिता, रोजगारीका अवसरहरुको पहिचान गर्ने र स्थानीय तह तथा अन्य सरोकारवाला निकायहरुसंग सहकार्य गरी प्रशिक्षार्थि छनौट गर्नेछ ।<br>• तालिमको प्रकार, पाठ्यक्रम, अवधि, प्रशिक्षक, कच्चा पदार्थ तथा तयारी वस्तु व्यवस्थापन, मेशिन औजारको व्यवस्थापन, सहभागिको सुविधा एवं पारिश्रमिक लगायतको विषयमा निर्देशनालयले तालिमका पाठ्यक्रम, सेवा सुविधा र प्रचलित आर्थिक ऐन, नियमको आधारमा खरिद गर्नु पर्ने सामग्रीहरु प्रचलित खरिद ऐन अनुसार खरिद गर्ने गरी तालिम कार्यक्रमको दिग्दर्शन मन्त्रालयबाट स्वीकृत गराई तालिम सञ्चालन हुनेछ ।<br>• सामाग्री हस्तान्तरण सम्बन्धमा खण्ड (क) क. सं. २ को कार्यक्रम शिर्षक उद्यमीहरुलाई उपयुक्त प्रविधि हस्तान्तरण बमोजिम हुनेछ । |
| | घ. बजेट : यस कार्यक्रमका लागि रु. ३ करोड ७५ लाख बजेट विनियोजन भएको छ। |
| २ | क. कार्यक्रमको नामः सीप विकास तालिम तथा रोजगार सिर्जना कार्यक्रम (मुख्यमन्त्री रोजगार कार्यक्रम) |
| | ख. पृष्ठभूमि र उद्देश्य<br>सीप विकास तालिम तथा रोजगार सिर्जना कार्यक्रमको मुख्य उद्देश्य लघु, घरेलु तथा साना उद्योगहरुको स्थापना, विकास, विस्तार र प्रवर्द्धनका लागि आवश्यक पर्ने प्राविधिक सीपमूलक तालिम प्रदान गर्नु हो । यस कार्यक्रमबाट व्यवसाय गरी स्वरोजगार हुन चाहने बेरोजगार युवाहरुलाई व्यवसाय विकास र प्रवर्द्धन सम्वन्धी परम्परागत तथा आधुनिक किसिमको ज्ञान, सीप, प्रविधि हस्तान्तरण गरी रोजगार सिर्जना गर्न सक्ने क्षमताको विकास गराईने छ । |
| | ग. कार्यक्रम सञ्चालन प्रकृया<br>• सम्वन्धित कार्यालयले तालिम सञ्चालन गर्नु पूर्व सम्भाव्य वा सञ्चालित उद्योगहरु, सोका लागि आवश्यक प्राविधिक सीपमूलक तालिम, तालिमको उपयोगिता र रोजगारीका |

| | |
|---|---|
| | अवसरहरुको पहिचान गर्ने र स्थानीय तह र अन्य सरोकारवालाहरुसंग समन्वय गरी प्रशिक्षार्थी छनौट गर्नेछ ।<br>• तालिमको प्रकार, पाठ्यक्रम, अवधि, प्रशिक्षक, कच्चा पदार्थ तथा तयारी वस्तु व्यवस्थापन, मेशिन औजारको व्यवस्थापन, सहभागिको सुविधा एवं पारिश्रमिक लगायतको विषयमा निर्देशनालयले तालिमका पाठ्यक्रम, सेवा सुविधा, प्रचलित खरिद ऐन र आर्थीक ऐन नियम समेतलाई आधार मानी तालिम कार्यक्रमको दिग्दर्शन तयार पारी मन्त्रालयबाट स्वीकृत गराई तालिम सञ्चालन हुनेछ ।<br>• यो कार्यक्रम मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पर्ने भएकोले गर्दा सहभागी छनौट गर्दा मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७७ अनुसार लक्षित समूह छनौट गर्नका साथै निर्देशिकाले निर्देश गरेबमोजिमका प्रतिवेदनहरु सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।<br>• यस कार्यक्रमबाट सिपका आधारमा आवश्यक पर्ने मेसिनरी, औजार खरिद गरी हस्तान्तरण गर्न सकिनेछ ।<br>• सामाग्री हस्तान्तरण सम्बन्धमा खण्ड (क) क्र. सं. २ को कार्यक्रम शिर्षक उद्यमीहरुलाई उपयुक्त प्रविधि हस्तान्तरण बमोजिम हुनेछ । |
| | **घ. बजेट** : यस कार्यक्रमका लागि उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालयबाट सञ्चालन हुने गरी रु १ करोड विनियोजन भएको छ । |
| ३ | **क. कार्यक्रमको नामः** खाद्य गोदामको भौतिक पूर्वाधार निर्माण |
| | **ख. पृष्ठभूमि र उद्देश्य**<br>कोभिड-१९ लगायत प्राकृतिक वा गैर प्राकृतिक प्रकोपका कारण हुन सक्ने खाद्य संकटको पूर्व तयारीका लागि सुर्खेत स्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. को गोदाम घरलाई मर्मत सम्भार गरी सुचारु गर्नका लागि यस कार्यक्रम सञ्चालन हुने छ । |
| | **ग.कार्यक्रम सञ्चालन प्रक्रिया**<br>कार्यान्वयन गर्ने निकायले सार्वजनिक खरिद ऐन, नियमावली, कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली तथा कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम आवश्यक सेवा खरिद गरी खाद्य गोदामको भौतिक पूर्वाधार निर्माण कार्य गर्न खाद्य व्यवस्था तथा व्यापार कम्पनिलाई रकम हस्तान्तरण गरिने छ । |
| | **घ. बजेट** : यस कार्यक्रमका लागि यस आ.व. मा रु. ५० लाख विनियोजन भएको छ। |
| ४ | **क.कार्यक्रमको नामः** सुर्खेत जिल्लामा प्रादेशिक औद्योगिक क्षेत्र निर्माण |
| | **ख.पृष्ठभूमि र उद्देश्य**<br>सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा सुर्खेत जिल्लामा प्रादेशिक औद्योगिक क्षेत्र निर्माण गर्न यो कार्यक्रम सञ्चालन हुने छ । यो कार्यक्रम उद्योग तथा उपभोक्ता हित निर्देशनालय सुर्खेत बाट कार्यान्वयन हुनेछ । |
| | **ग.कार्यक्रम सञ्चालन प्रक्रिया**<br>यो कार्यक्रमबाट सुर्खेत जिल्लामा प्रादेशिक औद्योगिक क्षेत्र निर्माणका लागी प्रचलित खरिद ऐन, नियम अनुसार सम्भाव्यता अध्ययन गरिने छ र सम्भाव्यता अध्ययनको आधारमा प्रचलित खरिद ऐन, नियम अनुसार सेवा खरिद गरी प्रादेशिक औद्योगिक क्षेत्र निर्माण कार्य प्रारम्भ गरिनेछ । |

| | |
|---|---|
| | घ.बजेट : यस कार्यक्रमका लागि यस आ.व. मा रु. १ करोड विनियोजन भएको छ । |
| ५ | क.कार्यक्रमको नामः स्थानीय तहसँगको साझेदारीमा एक वडा एक अन्न भकारी कार्यक्रम (मुख्यमन्त्री रोजगार कार्यक्रम, मन्त्रालय) |
| | ख. पृष्ठभूमि र उद्देश्य<br>यस कार्यक्रमबाट छनौट भएका स्थानीय तहहरुमा कोभिड-१९ लगायंत विभिन्न प्राकृतिक विपद्का कारण हुन सक्ने खाद्य संकटको पूर्व तयारीका लागि स्थानीय तहसँगको लागत साझेदारीमा खाद्यान्न भण्डारण गृह निर्माण, भण्डारण सामग्री खरिद साथै भवनको व्यवस्थापन गरिने छ । अन्न सस्तो हुँदाका बखत खरिद गरी खाद्य संकटका बेला उपयोग गर्ने र त्यसरी संकटका बेला लगेको अन्न बराबर अन्न आफ्नो खेतबारीबाट बाली भित्र्याउने बेला फिर्ता गर्ने गरी ऐंचो पैंचो गर्ने गरी खाद्यान्न संकट टार्न यो कार्यक्रम सञ्चालन गरिने छ। यसका लागि इच्छुक स्थानीय तहहरुबाट प्रस्ताव माग गरी प्रतिस्पर्धाबाट छनौट गरी अनुदान सहयोग दिइने छ । |
| | ग.कार्यक्रम सञ्चालन प्रकृया<br>कार्यक्रम सञ्चालन गर्ने निकायले इच्छुक स्थानीय तहहरुबाट प्रस्ताव माग गरी प्रतिस्पर्धाबाट छनौट गरी लागत साझेदारीमा अनुदान सहयोग दिइनेछ । |
| | घ. बजेट<br>यस कार्यक्रमका लागि यस आ.व. मा रु. १५ करोड विनियोजन भएको छ । |
| ६ | क.कार्यक्रमको नामः उपभोक्ता हित संरक्षण तथा बजार अनुगमन |
| | ख. पृष्ठभूमि र उद्देश्य<br>उपभोक्ताको हित संरक्षण सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्न तथा उपभोक्ता हित प्रवर्द्धन गर्न तथा दैनिक उपभोग्य बस्तु तथा सेवाको सहज आपूर्तिको व्यवस्था मिलाउन सरोकारवालाहरुसंग अन्तरक्रिया, बैठक, जिल्ला प्रशासन कार्यालयसंग सहकार्य गरी बजार अनुगमन गर्ने उद्देश्यका साथ यो कार्यक्रम राखिएको हो । यो कार्यक्रम कार्यान्वयनका क्रममा दैनिक खाजा, स्टेशनरी, भ्रमण खर्च, नाप तौल तथा गुणस्तर मापनका सामान्य औजार उपकरण खरिदमा रकम खर्च गर्न सकिने छ। |
| | ग. कार्यक्रम सञ्चालन प्रकृया<br>सम्बन्धित जिल्लाको प्रशासन कार्यालय, उद्योग बाणिज्य संघ लगायत बाणिज्य तथा ब्यापारसंग सम्बन्धित अन्य सरोकारवाला निकायहरुसंग सहकार्य र समन्वय गरी कार्यसञ्चालन गरिने छ। |
| | घ. बजेट<br>यस कार्यक्रमका लागि प्रत्येक जिल्लामा रु. १ लाख विनियोजन गरिएको छ । |
| ७ | क.कार्यक्रमको नामः निजी क्षेत्रको सहकार्यमा स्थानीय कच्चा पदार्थमा आधारित एक जिल्ला एक उद्योग ग्राम पूर्वाधार विकास |
| | ख. पृष्ठभूमि र उद्देश्यः<br>कर्णाली प्रदेशका विभिन्न जिल्लामा उपलब्ध विविध हावापानी अनुसार उपलब्ध हुने विभिन्न उद्योगका लागि आवश्यक वनजन्य, कृषिजन्य कच्चा पदार्थलाई उपयोग गरी औद्योगिकरण गर्न निजी क्षेत्रलाई आकर्षित गर्न यो कार्यक्रम सञ्चालन हुनेछ । जिल्लामा उपलब्ध हुने कच्चा पदार्थ, सम्भावित उद्यम र उद्यमहरुको सघनता लगायत मन्त्रालयले सम्भाव्यता अध्ययन गरेको आधारमा |

| | |
|---|---|
| | जाजरकोट, रुकुम पश्चिम,डोल्पा र सल्यान गरी ४ जिल्लामा उद्योग ग्रामको पूर्वाधार निर्माण प्रारम्भ गरिने छ। नेपाल सरकारद्धारा एक स्थानिय तह एक औद्योगिक ग्राम कार्यक्रम अन्तर्गत प्रदेशभित्रका स्वीकृत औद्योगिक ग्रामलाई शसर्त अनुदान सहयोग गर्न सकिनेछ । |
| | ग.कार्यक्रम सञ्चालन प्रकृया<br>अध्ययन भएका जाजरकोट, रुकुम पश्चिम, डोल्पा र सल्यान जिल्लामा उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयबाट ठेक्का प्रस्ताव आव्हान गरी औद्योगिक ग्राम निर्माणको कार्य सञ्चालन गरिनेछ। यी आयोजनाहरु स्रोत साधनको उपलब्धता अनुसार बहुवर्षीय आयोजनाका रुपमा सञ्चालन हुनेछ । यी पूर्वाधार विकासका कार्यक्रमहरु खरिद प्रकृयाबाट सञ्चालन गरिनेछ । यस कार्यक्रम अन्तर्गत नेपाल सरकारद्धारा एक स्थानिय तह एक औद्योगिक ग्राम अन्तर्गत प्रदेशभित्र स्वीकृत औद्योगिक ग्रामलाई अनुदान उपलब्ध गराउन सकिनेछ । |
| | घ. बजेट : यस कार्यक्रमका लागि यस आ. व. मा रु ७.५ करोड विनियोजन भएको छ । |
| (ख) | **वन, वातावरण तथा वन्यजन्तु संरक्षण सम्बन्धी** |
| ८ | क.कार्यक्रमको नामः शहरी वन हरायाली कार्यक्रम(मुख्यमन्त्री रोजगार कार्यक्रम-डिभिजन/मन्त्रालय) |
| | ख. पृष्ठभूमि र उद्देश्य<br>शहरी क्षेत्रमा घुम्न, टहल्न र प्रकृतिमा रमाउने वातावरण तयार गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गर्न शहरी वन हरीयाली कार्यक्रम सञ्चालन गर्न लागिएको छ । त्यसैले स्थानीय निकायसंगको समन्वयमा वडा वन/पार्क/बगैंचा उद्यान जस्ता रमणीय स्थलको रुपमा विकास गर्ने अभिप्रायले यो कार्यक्रम राखिएको हो। यस कार्यक्रमबाट शहरी क्षेत्रमा हरीयाली प्रवर्द्धन गर्न टोल विकास समिति मार्फत एक व्यक्ति एक बिरुवा वा एक नगर एक बगैंचा वा एक विद्यालय एक बगैंचा लगायतका स्थानीय आवश्यकता र उपयुक्तताका आधारमा विभिन्न समूह वा संस्थाहरु मार्फत वृक्षारोपण गर्न गराउन आवश्यक एक वर्षिय, बहुवर्षिय, सदाबहार र सौन्दर्यपरक बोट बिरुवाहरु उपलब्ध गराउन समेत यो कार्यक्रम सञ्चालन गरिनेछ। |
| | ग.कार्यक्रम सञ्चालन प्रक्रिया<br>• सम्बन्धित डिभिजन वन कार्यालयहरूले स्थानीयतहको समन्वयमा उपयुक्त स्थानको पहिचान गर्ने ।<br>• स्थानीय तहका वडा कार्यालयहरुसंग छलफल गरी संरक्षण र व्यवस्थापनको योजना बनाउने ।<br>• समुहसँग संरक्षण र व्यवस्थापनका लागि प्रतिवद्धता गराउने ।<br>• बिरुवा संरक्षण, स्याहार सम्हार गर्ने र कार्यालयले साईट अनुसारका गुणस्तरिय बिरुवा उपलब्ध गराउने र संरक्षणको लागि आवश्यक व्यवस्था गर्ने ।<br>• नर्सरीमा बिरुवा उत्पादन वा खरिद गर्दा यस्ता कार्यक्रमका लागि कम्तीमा पाँच फिट भन्दा ठुला बिरुवामात्र रोप्ने ।<br>• नर्सरीमा ठुला बिरुवा नभएको खण्डमा सार्वजनिक खरिद ऐन, नियम अनुसार बिरुवा खरिद गरी कार्यान्वयन गर्ने । |

- सम्बन्धित डिभिजन वन कार्यालयले स्थानीय तहसँग समन्वय गरी गरि खरिद प्रक्रियाबाट पनि यो कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

घ.बजेट यो कार्यक्रम कर्णाली प्रदेशको दश वटै जिल्लामा सञ्चालन हुनेछ र यसका लागि प्रत्येक जिल्लामा रु. ३/३ लाख बजेट विनियोजन गरिएको छ ।

९ **क.कार्यक्रमको नामः वृक्षारोपण कार्यक्रम, संरक्षणको सुनिश्चितता सहित**

**ख. पृष्ठभूमि र उद्देश्य**

प्रदेशका विभिन्न स्थानहरुमा रहेका राष्ट्रिय वन, सार्वजनिक, बाँझो, पर्ती, ऐलानी, खाली तथा निजी जग्गामा बहुउपयोगी प्रजातिका बिरुवाहरु वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्न र जडिबुटी लगायतका आयमूलक तथा बहुमुल्य गैहकाष्ठ वन पैदावारका प्रजातिहरुका बिरुवा रोपण गरी स्थानीय समुदायको आयआर्जन वृद्धि गर्न र जीविकोपार्जनमा सुधार ल्याउन सकिने सम्भावना रहेकोले वन क्षेत्रबाट समृद्धिमा टेवा पुर्याउन यो कार्यक्रम तर्जुमा गरिएको छ।

यो कार्यक्रम निम्न उद्देश्यका लागि गरिने छ ।

१. हिमाली,उच्च पहाडि तथा पहाडि क्षेत्रको नाङ्गा पाखा,बाँझो तथा खाली जग्गामा ओखर,जैतुन,धतुलो,चिउरी वा त्यस्तै बहुउपयोगी प्रजातीका प्रजातिको वृक्षारोपण गरी हरियाली अभिवृद्धि गर्न,
२. भूक्षय, बाढी, पहिरो र नदी किनार कटानलाई रोकथाम तथा नियन्त्रण एवं क्षतिग्रस्त भूमिको पूनर्उत्थान गर्न,
३. स्थानीय समुदायको आयआर्जन वृद्धि एवं जीविकोपार्जनमा सुधार ल्याउन,
४. वन क्षेत्रको हैसियतमा सुधार गर्न।

ग.कार्यक्रम सञ्चालन प्रक्रिया

- १. एकै स्थानको कम्तिमा २ हेक्टर क्षेत्रफलमा (ब्लक वृक्षारोपण) छनौट गरी सम्भावित उपयुक्त वृक्षारोपण क्षेत्र र बिरुवाको लगत विवरण वन तथा वातावरण निर्देशनालयलाई जानकारी गराई वृक्षारोपण कार्य सञ्चालन गर्नु पर्नेछ।
- राष्ट्रिय वन तथा सामुदायिक वन वा नीजि वनक्षेत्र वा जग्गामा बहुउपयोगी वनजन्य बिरुवा लगायत फलफूल तथा जडिबुटीहरुको वृक्षारोपण गरी खाली क्षेत्रमा दिगो वन व्यवस्थापन तथा वातावरण संरक्षणका कार्यहरु गरिने छ । निजी जग्गा धनिको हकमा निजहरूले हकभोग गरेको जग्गाको उपलब्धताको आधारमा वृक्षारोपणका लागि बिरुवा उपलब्ध गराउन सकिनेछ । यस कार्यक्रम अन्तर्गत देहायका कृयाकलापहरु सञ्चालन गर्न सकिनेछ।
  - ✓ प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार प्रतिस्पर्धा गराई बिरुवा खरिद गर्ने,
  - ✓ वृक्षारोपण क्षेत्रको जमिन तयारी, प्रजाति र बिरुवाको आकार अनुसार खाल्डो तयारी
  - ✓ वृक्षारोपणको लागि चाहिने अत्यावश्यक सामग्रीहरु (खन्ने कोदालो, गैंची, डोरी, हँसिया लगायत) खरीदमा
  - ✓ वृक्षारोपण, सिँचाईको व्यवस्था, घेरबार तथा वृक्षारोपण क्षेत्र संरक्षण, गोडमेल, झाडी सफाइ, पुनःरोपण
  - ✓ वृक्षारोपण गर्दा कम्तीका पनि ३ फिटको बिरुवा रोप्नु पर्नेछ र उक्त बिरुवा ५

| | |
|---|---|
| | (पाँच) फिट सम्मको नहुन्जेल सम्वन्धित कार्यालयले संरक्षणको व्यवस्था गर्नु पर्नेछ। |
| | घ.बजेट : यो कार्यक्रम कर्णाली प्रदेशको दश वटै जिल्ला सञ्चालन गरिनेछ र यसका लागि कुल बजेट रु. २० लाख बजेट विनियोजन गरिएको छ। |
| | ङ. कार्यक्रम कार्यान्वियन गर्दा ध्यान दिनु पर्ने कुराहरु<br>• प्राथमिकताको आधारमा सञ्चालन गर्नु पर्ने आवश्यक कृयाकलापहरुको छनौट गरी ल.ई. तयार गरी बजेट बाँडफाँड गर्नु पर्नेछ । यस अन्तर्गतका कृयाकलापहरु सम्पादन गर्दा स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह, वन क्षेत्रसंग सम्बन्धित आयोजना र गैह सरकारी संघसंस्थाहरुसंग समन्वय एवं सहकार्यमा सम्पादन गर्न सकिने छ।<br>• वृक्षारोपण गरिने क्षेत्रको जि.पि.एस. प्वाईन्ट सहितको नक्सा, वृक्षारोपण क्षेत्रको पहिले र वृक्षारोपण पश्चातको फोटो समेत प्रतिवेदनमा राख्नु पर्नेछ ।<br>• यो कार्यक्रम कार्यान्वयनका लागि कोभिड-१९ का कारण रोजगारी गुमाएकाहरु र सामुदायिक वनमा आवद्ध रहेका वा वन वातावरण क्षेत्रमा लागेका जस्तै सामुदायिक वन/कवुलियती वन/संरक्षित वन/निजी वन संजाल/युवा क्लव/इको क्लव/एन्टिपोचिङ युनिट मा आबद्ध सक्रिय युवाहरु संलग्न गराई संझौता गरी सञ्चालन गर्न सकिनेछ । |
| १० | क.कार्यक्रमको नामः ढलापडा काठदाउरा संकलन तथा व्यवस्थापन |
| | ख.उद्देश्यः पृष्ठभूमि र उद्देश्य<br>यो कार्यक्रम कर्णाली प्रदेशको सुर्खेत, सल्यान र दैलेख जिल्लामा सञ्चालन गरिने छ । यस कार्यक्रम अन्तर्गत प्रदेशमा काठ दाउरा संकलन तथा बिक्रि वितरण निर्देशिका नबनुन्जेलसम्म संघीय वन पैदावार (काठ र दाउरा) संकलन तथा बिक्री वितरण निर्देशिका, २०७३ लाई नै आधार मानी जंगलमा प्राकृतिक तथा अन्य कारणले ढलेका रुखहरुलाई संकलन तथा घाटगद्दी तथा बिक्रि वितरणको प्रवन्ध मिलाई बजारमा रहेको गरी वन पैदावारको माग आपूर्ति गर्न सहयोग गरिने छ । |
| | ग.कार्यक्रम सञ्चालन प्रक्रिया<br>यस कार्यक्रम अन्तर्गत जंगलमा प्राकृतिक तथा अन्य कारणले ढलेका रुखहरुलाई संकलन तथा घाटगद्दी गरिनेछ । यसरी काठ दाउरा संकलन गर्दा अन्य रुखहरुलाई असर नपर्ने गरी साथै प्रदेश काठ दाउरा संकलन तथा बिक्रि वितरण निर्देशिका नबनुन्जेलसम्म संघीय वन पैदावार (काठ र दाउरा) संकलन तथा बिक्री वितरण निर्देशिका, २०७३ लाई आधार मानी गरिने छ। ढलापडाको अवस्था, संकलन गर्नुपर्ने रुखहरुको ढलापडा रुखहरुको जि.पि.एस. लोकेशन देखिने नक्सा, छपानदेखि कटान मुछान घाटगद्दीको अवस्थासम्म निरन्तर अनुगमनको प्रबन्ध डिभिजन वन कार्यालयले मिलाउनुपर्नेछ र समय समयमा निर्देशनालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । यो शिर्षकमा विनियोजित रकम कटान, मुछान, संकलन, ढुवानी, लोड, अनलोड, पाईलिङ आदि कार्यमा प्रचलित नर्मस् एवं जिल्ला दररेट बमोजिम खर्च गर्नुपर्ने छ। काठदाउरा संकलन पश्चात प्रगति पेश गर्दा ढलापडा रुखहरुको जि.पि.एस. लोकेशन देखिने नक्सा समावेश गर्नुपर्नेछ । |
| | घ.बजेट<br>यसका लागि कुल बजेट रु. १ करोड बजेट विनियोजन गरिएको छ । |
| ११ | क. कार्यक्रमको नामः समुदायमा आधारित वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम |

| | |
|---|---|
| | ख. पृष्ठभूमि र उद्देश्यः स्थानीय जनताको वन पैदावारको दैनिक आधारभूत सहभागितामा आधारित वनको संरक्षण गरी स्थानीय जनताको वन पैदावारको दैनिक आधारभूत आवश्यकता पूरा गर्ने ध्येयका साथ सञ्चालित यो कार्यक्रमबाट गरिबी न्यूनीकरण, जीविकोपार्जनमा सुधार, सुशासन, जलवायु परिवर्तन, समावेशीताका सवालहरुलाई सम्बोधन गर्दै आईरहेको छ । समुदायमा आधारित वन (सामुदायिक वन, कबुलियती वन तथा धार्मिक वन) संरक्षण तथा व्यवस्थापनबाट वनको हैसियतमा सुधार तथा स्थानीय जनताको आयआर्जनमा वृद्दि गर्ने लक्ष्यका साथ यो कार्यक्रमलाई निरन्तरता दिइएको छ । |
| | ग.कार्यक्रम सञ्चालन प्रक्रिया यस कार्यक्रम अन्तर्गत सामुदायिक वन, कबुलियती वन तथा धार्मिक वन समूह गठन, हस्तान्तरण तथा पुनरावलोकन, स्थलगत अभ्यास, क्षमता तथा सीप विकास तालिम, गोष्ठी तथा अन्तरक्रिया, तथ्यांक संकलन तथा अध्यावधिक, सामुदायिक वनमा वन व्यवस्थापन, वनको संरक्षण, क.व. समूहमा आय-आर्जनको लागि गैरकाष्ठ वन पैदावार वृक्षारोपण, समूहबाट उत्पादित विरुवा खरिद, वितरण तथा रोपण, बाँस निगालो राईजोम लगायत डालेघाँस/घाँस, जडीवुटी तथा बहुउद्धेशीय विरुवा खरिद तथा वितरण आदि मुख्य कार्यक्रमको रुपमा सञ्चालन गर्न सकिनेछ । |
| | घ. बजेट<br>यो कार्यक्रम कर्णाली प्रदेशको दश वटै जिल्ला सञ्चालन गरिनेछ र यसका लागि रु. १ करोड बजेट विनियोजन गरिएको छ । |
| १२ | क. कार्यक्रमको नामः पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजना निर्माण/संशोधन |
| | ख.पृष्ठभूमि र उद्देश्यः<br>सामुदायीक वनको कार्ययोजना संशोधन गर्नुका लागि आवश्यक प्राविधिक सहयोगका लागि यो कार्यक्रम सञ्चालन हुने छ । |
| | ग.कार्यक्रम सञ्चालन प्रक्रिया<br>वन ऐन २०७६ मा उल्लेख भए बमोजिम वन विकास, सदुपयोग तथा संरक्षण कार्यक्रम सञ्चालन गर्दा वन कार्ययोजना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सोही प्रावधान अनुरुप डिभिजन वन कार्यालयहरुले साधारणतया पाँच वर्षका लागि वन कार्ययोजना तयार गर्नु पर्दछ। पाँच वर्षको म्याद सकिएका कार्ययोजनालाई पुनः अध्यावधिक गर्न अथवा समयावधी भित्रै कुनै कारणले कार्ययोजना संशोधन गर्नुपर्ने भए सोको लागि यो कार्यक्रमको व्यवस्था गरिएको छ। व्यवस्थापन योजना तयार गर्न वन क्षेत्रका विभिन्न कार्ययोजना निर्माण प्रक्रियासंग वन तथा भू संरक्षण विभागबाट पारित विषयसूची अन्तर्गत डिभिजनको पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजना तयार गर्नको लागि कार्यसूची २०७० (मिति २०७०/३/५ मा वन तथा भू संरक्षण विभागबाट संशोधित) बमोजिम गर्नुपर्नेछ । प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पनि कार्ययोजना पूर्व स्वीकृत गराउनु पर्ने व्यवस्था भएकोले विद्यमान वातावरण ऐन, नियमावली अनुसार प्रतिवेदन तयार गर्नुपर्नेछ । |
| | घ. बजेट<br>यो कार्यक्रम सञ्चालनका लागि मुगुमा ५ लाख, सल्यानमा १ लाख र मन्त्रालयका लागि रु. ४ लाख ५० हजार बजेट विनियोजन गरिएको छ । |
| १३ | क.कार्यक्रमको नामः उच्च प्रविधिको नर्सरी स्थापना (हाइटेक नर्सरी) क्रमागत योजना |

| | |
|---|---|
| | ख. पृष्ठभूमि र उद्देश्यः स्थानीय उपभोक्तावाट बढी माग भएका, उच्च मूल्यका प्रजातिहरु, वीउ सजिलै उपलब्ध हुन नसक्ने, धार्मिक तथा साँकृतिक महत्व बोकेका, वीउबाट वेर्ना उमार्न कठिन हुने, वीउको बाँच्न सक्ने क्षमता र अंकुरण प्रतिशत कम भएका प्रजातिहरु समेतलाई उच्च प्रविधि प्रयोग गरी ठूलो परिमाणमा स्थायी नर्सरीमा विरुवा उत्पादन गर्ने अभिप्रायले यो कार्यक्रम राखिएको हो । गत आ.व. को स्वीकृत वार्षिक कार्यक्रमा समावेश भई उच्च प्रविधिको नर्सरी स्थापनाको योजना सञ्चालन भएकोमा प्राविधिक कारणले सम्पन्न हुन नसकि वजेट फिर्ता भएको र केही सम्पन्न योजनाहरूमा थप कार्य गर्न बाँकी रहेको परिप्रेक्षमा क्रमागत योजनाको रुपमा यो कार्यक्रम समावेश गरिएको छ । |
| | ग.कार्यक्रम सञ्चालन प्रक्रिया<br>यस शीर्षकमा विनियोजित रकम उच्च प्रविधियूक्त वहुवर्षिय नर्सरी स्थापनाका लागि आवश्यक पूर्वाधारहरु निर्माण, आवश्यक सामग्री खरीद, जडान, संलग्न नाईके तथा प्राविधिकलाई तालिम, विशेषज्ञको परामर्श सेवा खरीद, विरुवा उत्पादन, विरुवा उत्पादनको लागि आवश्यक आधुनिक मेशीन तथा उपकरण खरीद तथा जडान, सञ्चालन, अनुगमन लगायतका कृयाकलापहरुमा खर्च गर्न सकिनेछ। कार्य सञ्चालन गर्दा प्रचलित सार्वजनिक खरीद ऐन, नियमावली र मन्त्रालयबाट स्वीकृत उच्च प्रविधियुक्त नर्सरी स्थापना र सञ्चालन कार्यविधि २०७५ को परिधि भित्र रही कार्यान्वयन गर्नुपर्ने छ। उपभोक्तासंग सम्झौता गर्दाका बखत मन्त्रालयले उपलब्ध गराएको डिजाइन र ईस्टिमेटको प्रारुपमा आवश्यक भएमा जिल्लाको स्थानीय भूगोलको अवस्था र नर्सरीको उत्पादन क्षमता अनुसार प्राविधिकबाट डिजाइन र ईस्टिमेट संशोधन गरी सम्बन्धित कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यसम्पन्न गर्न सक्नेछ । |
| | घ.बजेट : यो कार्यक्रम सञ्चालनका लागि रु. १ करोड ९० लाख बजेट विनियोजन गरिएको छ । |
| १४ | क.कार्यक्रमको नामः वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यान्वयन |
| | ख. पृष्ठभूमि र उद्देश्यः<br>वैज्ञानिक वन व्यवस्थापनमा प्राविधिक परिक्षण निर्देशिका, २०७६ बमोजिम सा.व.को वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना निर्माण गर्ने कार्यमा सघाउन यो कार्यक्रम सञ्चालन गरिनेछ । |
| | ग.कार्यक्रम सञ्चालन प्रक्रिया<br>प्रदेश सरकारवाट आवश्यक नीति निर्देशिका तयार नहुँदा सम्म संघीय वन तथा वातावरण मन्त्रालयले तयार पारेको वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ र वैज्ञानिक वन व्यवस्थापन प्राविधिक परिक्षण निर्देशिका, २०७६ बमोजिम सा.व.को वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना निर्माण गर्ने कार्यमा प्रदेश सरकारको तर्फवाट प्राविधिक खर्च वापतको रकम यो शीर्षकवाट बेहोर्न सकिनेछ । साथै वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमलाई प्राविधिक हिसावले सबल बनाउन गर्नुपर्ने क्रियाकलापहरु जस्तै स्थलगत फिल्ड अभ्यास, कार्ययोजनामा राखिएका स्याम्पल प्लटहरुको पुनःपरिक्षण, माऊ रुख, कटान भएका वा हुने रुखहरुको प्राविधिक परिक्षण, घाटगद्दी चेकजाँच, सफल कार्यान्वयनको अभिलेखीकरण (श्रव्यदृश्य तयारी/अनुसन्धानमुलक लेख), समुहको संस्थागत साथै आर्थिक कारोबारको लेखाजोखा, वार्षिक विस्तृत कटान योजना (Annual Detail Harvest Plan) तयारी वा सोको लागि स्थलगत अनुशिक्षण लगाएतका कार्यहरु सञ्चालनका लागि स्वीकृत नर्म्स अनुसार लागत अनुमान स्वीकृत गराई खर्च गर्नु पर्दछ । यो कार्य सञ्चालनको |

| | |
|---|---|
| | लागि डिभिजन/सब-डिभिजन वन कार्यालयका वन प्राविधिकहरु परिचालित हुनेछन । साथै सम्बन्धित प्राविधिक क्षमताको अभाव भएमा प्रचलित ऐन नियम बमोजिम सेवा प्रदायक मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने छ । |
| | घ. बजेट : यो कार्यक्रम सञ्चालनका लागि एकमुष्ठ रु. १८ लाख बजेट विनियोजन गरिएको छ |
| १५ | क.कार्यक्रमको नामः निजी वन प्रवर्द्धन कार्यक्रम |
| | ख पृष्ठभूमि र उद्देश्य<br>निजी व्यक्ति वा संस्थाले आफ्नो निजी हकभोगको जग्गामा वृक्षारोपण गरी निजी वन प्रवर्द्धनमा चाहनेहरुका लागि सहयोग गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो। |
| | ग.कार्यक्रम सञ्चालन प्रक्रिया<br>निजी व्यक्ति वा संस्थाले आफ्नो निजी हकभोगको (५ रोपनी भन्दा बढी क्षेत्रफल भएको) जग्गामा वृक्षारोपण गर्न चाहेमा सहयोग गरी निजी वन प्रवर्द्धनमा सहयोग गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । यो कार्य गर्नको लागि प्राविधिक हिसाबले उपयुक्त जग्गा भएको हुनुपर्ने र सो जग्गामा के/कुन प्रजाति लगाउन सकिने हो सोको स्थलगत रुपमा जग्गाधनीसंग छलफल गरी निर्धारण गर्नुपर्ने छ । वृक्षारोपण गर्ने प्रजाति बहुउपयोगी वनजन्य/जडीबुटी/फलफूल/डालेघाँस आदि प्रजातिको हुनुपर्ने छ । कार्यक्रममा विनियोजित भएको रकम वृक्षारोपणको लागि क्षेत्र छनौट, सर्भेक्षण, वीउसंकलन तथा विरुवा उत्पादन वा विरुवा खरीद, विरुवा ढुवानी, रोपण, कम्पोष्ट मल खरीद तथा ढुवानी र अन्य व्यवस्थापन सम्वन्धी कृयाकलाप, सो कार्यमा खटिने प्राविधिकको दैनिक भत्ता, ईन्धन लगायतमा ल.ई. स्वीकृत गराई खर्च गर्न सकिनेछ। कार्यक्रम सम्पन्न पश्चात कार्यसम्पन्न प्रतीवेदनमा कार्यक्रम सञ्चालन गरिएको क्षेत्रको नक्सा, रोपण गरिएको विरुवाको प्रजाति र संख्या, रोपण गरिएको जग्गाको लालपुर्जा, जग्गाधनीको फोटो, कार्यक्रम सञ्चालन गर्दाको फोटो, विल भर्पाई लगायतका आवश्यक कागजातहरु संलग्न गरी कार्यक्रमको उपलव्धी सहितको प्रतीवेदन पेश गर्नुपर्नेछ । |
| | घ. बजेट<br>यो कार्यक्रम १० जिल्लामा सञ्चालनका लागि कुल रु. ५२ लाख बजेट विनियोजन गरिएको छ। |
| १६ | क.कार्यक्रमको नामः मानव वन्यजन्तु द्वन्द्व तथा वन्यजन्तु उद्धार (जिल्ला र मन्त्रालय दुवै) |
| | ख. पृष्ठभूमि र उद्देश्यः<br>स्थानीय स्तरमा मानव वन्यजन्तु द्वन्द्व सम्बन्धमा सतर्कता सम्बन्धी सूचना प्रसारण, वन्यजन्तुको उद्धार तथा आतंक नियन्त्रण एवं राहत उद्धार कार्यमा सघाउन यो कार्यक्रम सञ्चालन हुनेछ । |
| | ग.कार्यक्रम सञ्चालन प्रक्रिया<br>यस शिर्षकमा विनियोजन भएको रकम स्थानीय स्तरमा मानव वन्यजन्तु द्वन्द्व सम्बन्धमा सतर्कता सम्बन्धी सूचना प्रसारण, वन्यजन्तुको उद्धार तथा नियन्त्रण सामग्रीको व्यवस्थापनमा खर्च गर्न सकिने छ । यसमा विनियोजित रकम वन्यजन्तुको उद्धार आदि कार्यका लागि कर्मचारी तथा सुरक्षा निकाय परिचालन गर्दा आवश्यक पर्ने इन्धन, यातायात खर्च, खाजा, खाना खर्च आदिमा समेत खर्च गर्न सकिनेछ। |
| | घ. बजेट : यो कार्यक्रम सञ्चालनका लागि कुल वजेट रु. ३६ लाख व्यवस्था गरिएको छ । |
| १७ | क.कार्यक्रमको नामः वन्यजन्तु उद्धार सामग्री निर्माण |
| | ख. पृष्ठभूमि र उद्देश्य |

| | |
|---|---|
| | मानवबस्ती पसेका वन्यजन्तुको उद्धार गरी सुरक्षित तवरले प्राकृतिक वासस्थानमा छोड्ने तथा<br>वन्यजन्तुलाई नियन्त्रणमा राख्न आवश्यक वन्यजन्तु उद्धार सामग्री खरिदका लागि यो कार्यक्रम<br>सञ्चालन हुने छ । |
| | **ग.कार्यक्रम सञ्चालन प्रक्रिया**<br>टुहुरा, घाईते, अशक्त, आक्रमणको चपेटामा परेका, गाउँ वा मानवबस्ती पसेका वन्यजन्तुको उद्धार<br>गरी सुरक्षित तवरले प्राकृतिक वासस्थानमा छोड्नु अघि केहि समय सुरक्षित साथ राख्नु पर्ने र<br>उद्दार गर्दाको बखत ओसारपसार गर्नुपर्ने भएकाले सोको लागि आवश्यक वन्यजन्तु उद्धार<br>सामग्री/केज/पिंजडा निर्माण गर्न यो शिर्षकको रकम खर्च गर्न सकिनेछ । |
| | **घ. बजेट :** यो कार्यक्रम सञ्चालनका लागि कुल बजेट रु. ११ लाख व्यवस्था गरिएको छ । |
| १८ | क. कार्यक्रमको नाम : महत्वपूर्ण प्रजाति संरक्षण (गुराँस, भोजपत्र, देवदार, वेल, जैतुन, डालेचुक,<br>लौठसल्ला, धुपी लगायत) |
| | **ख. पृष्ठभूमि र उद्देश्यः**<br>कर्णाली प्रदेशमा पाईने महत्वपूर्ण वन तथा वनस्पति प्रजातिहरु जस्तै गुराँस, भोजपत्र, देवदार, वेल,<br>जैतुन, डालेचुक, लौठसल्ला, धुपी लगायतका बहुउपयोगी प्रजातिलाई स्वस्थानीय संरक्षण र<br>व्यवस्थापन गरी जैविक विविधताको संरक्षणका लागि यो कार्यक्रम सञ्चालन हुनेछ |
| | **ग.कार्यक्रम सञ्चालन प्रक्रिया**<br>१ यो शिर्षक अन्तर्गत विनियोजित रकम उक्त Seed Stand/Seed Orchard को स्थापनाका लागि<br>वीउ संकलन गर्ने, माउरुख छनौट, वीउ संकलन, फेमिली अनुसार अलग अलग विरुवा उत्पादन,<br>BSO को लागि क्षेत्र छनौट, झाडी सफाई, डिजाइन, लेआउट, फेन्सिङ, ट्यागिङ, वृक्षारोपण,<br>हेरचाह, अनुगमन, होर्डिङ्ग वोर्ड निर्माण र स्थापना आदि कृयाकलापहरुमा खर्च गर्न सकिनेछ ।<br>Seed Stand/Seed Orchard स्थापना गर्दा स्थानीय महत्वपूर्ण प्रजातिहरु जस्तै गुराँस, भोजपत्र,<br>देवदार, वेल, जैतुन, डालेचुक, लौठसल्ला, धुपी लगायतका बहुउपयोगी प्रजातिलाई प्राथमिकता दिनु<br>पर्नेछ । स्थानीय सहकार्य, कार्ययोजना बमोजिम कुनै प्रजातिको Seed Stand/Seed Orchard<br>स्थापना गर्दा सामुदायिक वन भित्र पर्ने भएमा सम्बन्धित सामुदायिक वन कार्ययोजनामा समावेश<br>भएको वा समावेश गरी सञ्चालन गर्नु पर्नेछ। सामुदायिक वन क्षेत्रमा पर्ने वीउ बगैंचा (Seed<br>Orchard) वा वीउ क्षेत्र (Seed Stand) संरक्षण तथा व्यवस्थापन कार्य सम्वन्धित उपभोक्ता समूह,<br>युवा समूह तथा वन वातावरणमा सम्बद्ध संघ संस्था मार्फत कार्यान्वयन गर्न सकिनेछ। कार्यक्रम<br>सम्पन्न भएपछि प्रगतिमा सञ्चालन भएको कार्यक्रमहरुको फोटो, लागत अनुमान र खर्चको विल<br>भर्पाई, GIS नक्शा सहितको Seed Stand/Seed Orchard स्थापनाको विस्तृत रिपोर्ट सहितको<br>प्रतीवेदन पेश गर्नुपर्नेछ । यो कार्य डिभिजन वन कार्यालय वा अन्तर्गतका प्राविधिक कर्मचारीको<br>सहयोग र सहजीकरणमा सम्पन्न गरिनेछ। कार्यक्रम सञ्चालन भएको स्थानमा सो सम्वन्धी सम्पूर्ण<br>विवरण सहितको होर्डिङ्ग वोर्ड निर्माण गरी राख्नु पर्नेछ। |
| | **घ. बजेटः**<br>यो कार्यक्रम सञ्चालनका लागि बजेट रु. २१ लाख व्यवस्था गरिएको छ । |
| १९ | **क.कार्यक्रमको नामः** सामुदायिक वनको संस्थागत विकासको लागि सामाजिक परिचालन<br>कार्यक्रम |
| | **ख. पृष्ठभूमि र उद्देश्य** |

सामुदायिक वन उपभोक्ता समूहका कतिपय जिम्मेवार पदाधिकारी लगायत उपभोक्ता सदस्यहरु बीच सामुदायिक वन व्यवस्थापन कार्ययोजना र समूहको विधानमा उल्लेखित प्रावधानहरु सम्बन्धी साझा बुझाइमा कमि भएको कारण सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा सदुपयोग गर्न र समूहलाई प्रभावकारी रुपमा सञ्चालन गर्न समस्या देखिंदै आएको छ । केहि सामुदायिक वन उपभोक्ता समूहहरुको आन्तरिक आयआर्जन नभएको र स्रोत साधनको कमि भएकोले स्वीकृत वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन पूर्ण रुपमा हुन सकेको छैन। अतः यस समस्यालाई मध्यनजर गर्दै सामुदायिक वनको संस्थागत विकासको लागि सामाजिक परिचालन कार्यक्रम (प्याकेज) तर्जुमा गरिएको छ । यो कार्यक्रम निम्न उद्देश्य सहित परिचालित छः

- जिल्लाको सम्पूर्ण सामुदायमा आधारित वनहरुको तथ्यांक अद्यावधिक गर्न,
- सामुदायिक वन उपभोक्ता समूहको संस्थागत क्षमता अभिवृद्धि गर्न,
- वनको संरक्षण, सम्वर्द्धन तथा सदुपयोगको लागि समूहहरुलाई सक्षम तुल्याउन,
- आयआर्जन, सामुदायिक विकास, समुदायमा पर्यापर्यटन विकास र वातावरण संरक्षणको लागि समूहलाई परिचालन गर्न ।

ग.कार्यक्रम सञ्चालन प्रक्रिया

- प्राथमिकताको आधारमा सञ्चालन गर्नुपर्ने आवश्यक कृयाकलापहरुको छनौट गरी सोको ल.ई. स्वीकृत पश्चात बजेट बाँडफाँड गर्नुपर्ने,
- यस अन्तर्गतका कृयाकलापहरु सम्पादन गर्दा स्थानीय तह, जिल्ला समन्वय समिति, सामुदायिक वन उपभोक्ता समूह, वन क्षेत्रसंग सम्बन्धित आयोजना र गैंह सरकारी संघसंस्थाहरुसंग समन्वय एवं सहकार्यमा गर्न सकिने छ ।
- वन तथा भू-संरक्षण विभागको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ मा सामाजिक सेवा परिचालन कार्यक्रमको कार्यान्वयन विधि समेतको आधारमा कार्यसञ्चालन गर्न सकिनेछ । यस कार्यक्रमका लागि निम्न कृयाकलापहरु सञ्चालन गरिनेछ ।
- सामुदायिक वनको लागि सहजकर्ता छनौट गरी परिचालन गर्ने,
- सहजकर्ता परिचालन गरी जिल्लाको सम्पूर्ण सामुदायिक वनको तथ्यांक तोकिएको ढाँचामा अद्यावधिक गर्ने,
- आयस्तरको आधारमा समूहहरुलाई आधारभूत आवश्यक मसलन्द सामाग्रीहरु प्रदान गर्ने,
- सामुदायिक वन व्यवस्थापनको लागि स्थलगत अभ्यास सहितको तालिम सञ्चालन गर्ने,
- समूहको लेखापरीक्षण, बार्षिक प्रतिवेदन तयारी तथा अनुमोदनको लागि प्राविधिक सहयोग, सहजिकरण गर्ने, डिभिजन, सव-डिभिजन, स्थानीय तह स्तरीय सामुदायिक वन उपभोक्ता समूहहरुको संजाल निर्माण तथा (बैठक, समन्वय, सहकार्य, अनुभव आदानप्रदान) सञ्चालन गर्ने,
- वन हेरालुहरुलाई क्षमता विकास सम्बन्धी आवश्यक तालिमहरु सञ्चालन गर्ने,
- कार्ययोजना नविकरणको लागि आवश्यक सहयोग गर्ने,
- स्वीकृत वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनको लागि आर्थिक सहयोग गर्ने,
- सामुदायिक वन उपभोक्ता समुहहरुलाई अध्ययन अवलोकन भ्रमण सञ्चालन गर्ने जस्ता कृयाकलापहरु सम्पादन गर्न सकिनेछ ।

**घ. बजेटः** यो कार्यक्रम कर्णाली प्रदेशको दश वटै जिल्लामा सञ्चालन गरिनेछ र यसका लागि कुल

| | |
|---|---|
| | रु २५ लाख बजेट विनियोजन गरिएको छ । |
| २० | क.कार्यक्रमको नामः वन वातावरण सम्बन्धी संरक्षण दिवस कार्यक्रम. |
| | ख. पृष्ठभूमि र उद्देश्य<br>वन, वातावरण, जैविक विविधता र जलवायु परिवर्तन सम्बन्धी दिवस एवं समारोह सञ्चालन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । |
| | ग.कार्यक्रम सञ्चालन प्रक्रिया<br>निर्धारित मितिमा वन, वातावरण, जैविक विविधता र जलवायु परिवर्तन सम्वन्धी दिवस एवं समारोह सञ्चालन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । यो शीर्षकको रकम डिभिजन वन कार्यालयहरुले वन, वातावरण, जैविक विविधता र जलवायु परिवर्तनसंग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस/समारोहहरु सञ्चालनको लागि आवश्यकता अनुसार ल.ई. स्वीकृत गरी हलभाडा, व्यानर, पुरस्कार तथा प्रमाण-पत्र (हाजिरी जवाफ प्रतियोगिता, निवन्ध प्रतियोगिता, वक्तित्वकला प्रतियोगिता, पेन्टिङ्ग प्रतियोगिता आदि) खाजा लगायतमा खर्च गर्न सकिनेछ। कार्यक्रम सम्पन्न पछि प्रगतीमा समारोह भए गरेका क्रियाकलापहरु, उपस्थिति विवरण, कार्यक्रम सञ्चालन गरिएको स्थान, फोटो तथा होर्डिङ्ग वोर्ड/व्यानर र खर्च विल भर्पाई सहितको प्रतिबेदन पेश गर्नुपर्ने छ। |
| | घ.बजेट<br>यो कार्यक्रम कर्णाली प्रदेशको दश वटै जिल्लामा सञ्चालन गरिनेछ र यसका लागि रु. १ लाख बजेट विनियोजन गरिएको छ । |
| २१ | क.कार्यक्रमको नामः वन सुरक्षा योजना कार्यान्वयन |
| | ख. पृष्ठभूमि र उद्देश्य<br>जिल्लास्तरमा हुने वन अतिक्रमण तथा वन पैदावार र वन्यजन्तु चोरी निकासी नियन्त्रणका लागि यो कार्यक्रम सञ्चालन हुनेछ । |
| | ग.कार्यक्रम सञ्चालन प्रक्रिया<br>यस शीर्षकमा बिनियोजित रकम डिभिजन वन कार्यालयले जिल्लास्तरमा हुने अतिक्रमण तथा चोरी निकासी नियन्त्रणका लागि संघीय वन तथा भू संरक्षण विभागले तयार गरेको वन सुरक्षा योजना अनुसार आन्तरिक वन सुरक्षा योजना तयार गरी सो को कार्यन्वयनका लागि कर्मचारी तथा सुरक्षा निकाय परिचालन गर्न, गस्ती गर्न, इन्धन, खाजा, खाना, यातायात खर्च, दैनिक भ्रमण भत्ता, संचार, सूचना खरिद आदिमा खर्च गर्न सकिनेछ । यो कार्यक्रम सञ्चालन गर्दा अतिक्रमण तथा चोरी निकासी नियन्त्रणमा सहयोग पुगी वनक्षेत्रको संरक्षण हुने अपेक्षा गरिएको छ । |
| | घ.बजेट<br>यो कार्यक्रम सञ्चालनका लागि बजेट रु. १८ लाख व्यवस्था गरिएको छ । |
| २२ | क.कार्यक्रमको नामः वन अपराधको सूचना संकलन |
| | ख.पृष्ठभूमि र उद्देश्य<br>जिल्लास्तरमा हुने विभिन्न वन अपराध जस्तैः वन अतिक्रमण, चोरी शिकार तथा चोरी निकासी जस्ता अपराध नियन्त्रणका लागि यो कार्यक्रम सञ्चालन हुनेछ। |
| | ग.कार्यक्रम सञ्चालन प्रक्रिया<br>यस शिर्षकमा बिनियोजित रकम जिल्लास्तरमा हुने विभिन्न वन अपराध जस्तैः वन अतिक्रमण, चोरी शिकार तथा चोरी निकासी जस्ता अपराध र त्यस्ता कार्यमा संलग्न अपराधीहरुको सूचना |

| | |
|---|---|
| | संकलनका लागि प्रयोग गर्नु पर्नेछ। यसबाट इन्धन, खाजा, यातायात खर्च, सुराकी खर्च, सूचना<br>खरिद तथा सुरक्षा निकायहरुसँग समन्वय, सुराकी परिचालन र सूचना प्राप्ति आदिमा खर्च गर्न<br>सकिनेछ । |
| | यो कार्यक्रम सञ्चालनका लागि बजेट रु. ८ लाख व्यवस्था गरिएको छ। |
| २३ | क.कार्यक्रमको नामः वन अनुसन्धान तथा तहकीकात तथा अभियोजन |
| | ख. पृष्ठभूमि र उद्देश्य<br>वन तथा वन्यजन्तु अपराध सम्बन्धी अनुसन्धान, तहकिकात तथा कानुनी उपचार र निरुपणका<br>लागि यो कार्यक्रम सञ्चालन हुने छ । |
| | ग.कार्यक्रम सञ्चालन प्रक्रिया<br>वन जंगल नोक्सान गर्ने, वन अपराध जस्तै चोरी कटानी, वन्यजन्तु शिकार तथा आखेटोपहार<br>ओसारपोसारमा संलग्न व्यक्ति तथा संस्थाहरुलाई पक्राउ गरी कारवाही गर्न मुद्दा दायर गर्नका<br>लागि आवश्यक पर्ने मसलन्द खर्च, वन अपराधीलाई पक्राउ गरी ल्याउन लैजान सवारी भाडा,<br>सुराकी खर्च, अनुसन्धान खर्च, साक्षी बकाउँदा लाग्ने खर्च, सूचना प्रशारण खर्च, वकिलसंग परामर्श<br>गर्न जाँदा-आउँदा खाजा जस्ता आर्थिक व्ययभार पर्ने खर्चमा यस शीर्षकमा विनियोजित रकम खर्च<br>गर्न सकिनेछ। यो रकम आवश्यकता हेरि अनुसन्धानको लागि खटिने अनुसन्धान अधिकृतलाई<br>पेश्की समेत उपलव्ध गराउन सकिने छ। |
| | घ.बजेट<br>यो कार्यक्रम सञ्चालनका लागि बजेट रु. ७ लाख व्यवस्था गरिएको छ । |
| २४ | क.कार्यक्रमको नामः विरुवा उत्पादन (टिमुर, तेजपात, धुपी, ओखर, देवदार, वेल, डालेघाँस<br>लगायतका विरुवा) |
| | ख. पृष्ठभूमि र उद्देश्य<br>बहुउपयोगी प्रजातिका विरुवाहरुको बृक्षारोपणको माध्यमबाट वातावरण संरक्षण, भू तथा जलाधार<br>संरक्षण, स्थानीय रुपमा वन पैदावारको सहज आपुर्ती गरी हरित रोजगारीको प्रवर्द्धनका लागि यो<br>कार्यक्रम सञ्चालन हुनेछ । |
| | ग.कार्यक्रम सञ्चालन प्रक्रिया<br>खाली रहेको वनक्षेत्रमा बृक्षारोपण तथा निजी जग्गामा विरुवा रोपी रुखले ढाकेको क्षेत्रको बिस्तार<br>गर्न र बिरुवा उत्पादन गरी वितरण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ । कुन प्रजातिको<br>बिरुवाको माग छ, सो अनुसारको प्रजाति र संख्या यकीन गरी बिरुवा उत्पादनको योजना तय गर्नु<br>पर्दछ । विरुवा उत्पादन गर्दा माग भएका, गुणस्तरयुक्त र स्थानीय स्तरमा सफल भएका<br>रुखविरुवाका बीउलाई प्राथमिकता दिई छनौट गर्नुपर्नेछ । उत्पादन भएका विरुवा वनको खाली<br>तथा झाडिदार क्षेत्र, सार्वजनिक क्षेत्रमा बृक्षारोपण गर्न र विभिन्न महोत्सवहरु र निजी जग्गामा<br>बृक्षारोपणका लागि वितरण गरिनेछ । विरुवा उत्पादन कार्यको नर्सरी रजिष्टर अनिवार्य रुपमा<br>राखी प्रत्येक कृयाकलापको रेकर्ड राख्नु पर्नेछ। यस शीर्षकको रकम प्रचलित नर्म्स र दररेटको<br>अधिनमा रही लागत अनुमान तयार गरी स्वीकृत गराई अमानतमा पनि गर्न गराउन सकिने छ ।<br>कार्यक्रम सम्पन्न पछि प्रगतीमा उत्पादित विरुवाहरुको जात, संख्या, वितरणको लगत, फोटो<br>सहितको कार्य सम्पन्न प्रतीवेदन र विल भर्पाई पेश गर्नु पर्नेछ। |
| | घ.बजेट |

| | |
|---|---|
| | यो कार्यक्रम सञ्चालनका लागि बजेट रु. १० लाख व्यवस्था गरिएको छ । |
| २५ | क.कार्यक्रमको नामः चौमासिक/वार्षिक प्रगति समिक्षा गोष्ठी |
| | ख. पृष्ठभूमि र उद्देश्य<br>वार्षिक कार्यक्रम र लक्ष्य अनुसार कार्यक्रमहरु सम्पन्न भए नभएको समिक्षा गरी पृष्ठपोषण गर्न चौमासिक/वार्षिक समीक्षा गोष्ठी सञ्चालन गरिनेछ । |
| | ग.कार्यक्रम सञ्चालन प्रक्रिया<br>मन्त्रालय वा मातहतका निकाय, कार्यालयहरुबाट सञ्चालन भएका कार्यक्रमहरुमा के कस्तो प्रगति भयो, कार्यक्रम कार्यान्वयन गर्दा रहेका सवल र दुर्वल पक्षहरु के थिए, कार्यक्रम कार्यान्वयन गर्दा के कस्ता समस्या/चुनौतीहरु आए र तिनको निराकरणका उपायहरु के हुन सक्छन, सो पहिल्याइ कार्यक्रमलाई सफलता पूर्वक सम्पन्न गर्न सहयोग पुग्ने अभिप्रायले आवश्यकता अनुसार चौमिसक/वार्षिक समीक्षा गोष्ठी वन तथा वातावरण निर्देशनालयको आयोजनामा सञ्चालन गरिनेछ । आवश्यकता अनुसार प्रदेशका अन्य मन्त्रालय, संघिय विभागका प्रमुख तथा प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ । यस शिर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, सेसन फि, समन्वय भत्ता, खाजा, हल भाडा, यातायात खर्च, संचार, स्टेशनरी, व्यानर, पानी, गोष्ठीको प्रतिवेदन लेखन लगायतमा स्वीकृत नर्मस को परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सो बमोजिम खर्च गर्न सकिने छ । |
| | घ.बजेट : यो कार्यक्रम सञ्चालनका लागि बजेट रु. १ लाख ५० हजार व्यवस्था गरिएको छ । |
| २६ | क.कार्यक्रमको नामः वार्षीक कार्यक्रम तथा योजना तर्जुमाका लागि जिल्लामा परामर्श तथा छलफल |
| | ख. पृष्ठभूमि र उद्देश्य<br>आगामी आ.व. को लागि तयार पारेका योजनाहरुमा विस्तृत छलफल गरी प्राथिमकता तोकी प्राप्त बजेट सिलिंग भित्र रही वार्षिक योजना निर्माण गर्न यो कार्यक्रम राखिएको हो । |
| | ग.कार्यक्रम सञ्चालन प्रक्रिया<br>मन्त्रालय वा मातहतका निकाय, कार्यालयहरु बाट आगामी आ.व.को लागि तयार पारेका योजनाहरुमा विस्तृत छलफल गरी प्राथिमकता तोकी प्राप्त बजेट सिलिंग भित्र रही बार्षिक योजना निर्माण गर्न यो कार्यक्रम राखिएको हो ।यसमा आवश्यकता अनुसार प्रदेशका अन्य मन्त्रालय, प्रदेश योजना आयोगका सदस्य, संघिय विभागका प्रमुख तथा प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ । यस शिर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, सेसन फि, समन्वय भत्ता, खाजा, हल भाडा, यातायात खर्च, संचार, स्टेशनरी, व्यानर, पानी, गोष्ठीको प्रतिवेदन लेखन लगायतमा स्वीकृत नर्मस को परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सो बमोजिम खर्च गर्न सकिने छ । |
| | घ.बजेट : यो कार्यक्रम सञ्चालनका लागि प्रत्येक जिल्लामा वजेट रु. ५० हजार व्यवस्था गरिएको छ । |
| २७ | क.कार्यक्रमः वन अतिक्रमण हटाई व्यवस्थापन |
| | ख. पृष्ठभूमि र उद्देश्य<br>अतिक्रमित वन क्षेत्रबाट अतिक्रमण गर्ने व्यक्तिहरुलाई हटाई पुनः वन क्षेत्र कायम गर्नु पर्नेछ । अतिक्रमण हटाई नियन्त्रणमा लिइएको खाली जग्गामा सकभर सहभागितामूलक ढंगले संरक्षण तथा वन विकासका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ । |



सचिव

| | |
|---|---|
| | ग.कार्यक्रम सञ्चालन प्रक्रिया<br>आकस्मिक रुपमा अतिक्रमण हटाउन वा अतिक्रमण हटाई सकिएको स्थान त्यसै छाडिदिंदा पुन अतिक्रमण हुनसक्ने भएकोले पुनः अतिक्रमण नहुने गरी संरक्षण गर्नुपर्नेछ । यस शीर्षकमा विनियोजन भएको बजेट रकमबाट अतिक्रमण हटाउने, तारबार लगाउने, वृक्षारोपण, आवश्यकतानुसार रोपिएका बिरुवाहरुको संरक्षणका लागि हेरालुको समेत व्यवस्था गर्नुपर्ने काममा खर्च गर्नुपर्नेछ । त्यस्ता क्षेत्रहरुमा आवश्यकतानुसार तारवार, वृक्षारोपण गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । अतिक्रमण हटाउनको लागि जनशक्ति (सुरक्षाकर्मी, कर्मचारी, समुदाय आदि) परिचालन गर्नुपर्ने भएमा सोको लागि खाना, खाजा, यातायात, ईन्धन खर्च, संचार र उपचार खर्चको लागि समेत खर्च गर्न सकिनेछ। अतिक्रमण हटाई वृक्षारोपण गरिएको ठाउँमा अतिक्रमित क्षेत्र खाली गरिएको मिति, क्षेत्रफल, नक्शा, तुलनात्मक फोटो, GIS नक्शा समेत संलग्न राखी प्रतिवेदन तयार गर्नुपर्नेछ । वन अतिक्रमण हटाउदा विशेष गरी निम्न कुराहरुमा ध्यान दिनुपर्नेछ :<br>१ पूर्व तयारी कार्यक्रमः लगत अध्यावधिक तथा योजना तयार, कार्यदलको बैठक सञ्चालन, जनचेतनामूलक सन्देश प्रशारण तथा प्रकाशन, फिल्डस्तरीय अन्तरक्रिया आदि।<br>२ अतिक्रमण नियन्त्रणः समन्वय, सूचना प्रकाशन, लजिस्टिक सहयोग, सवारी भाडा (ट्र्याक्टर, बुल्डोजर समेत) प्राथमिक उपचार, इन्धन, बिमा आदि ।<br>३ पुर्नस्थापनाः योजना तयारी, विरुवाको व्यवस्था तथा वृक्षारोपण, तारवार, सिमाना, हेरालु व्यवस्था आदि । |
| | घ.बजेट : यो कार्यक्रम कर्णाली प्रदेशको दश वटै जिल्लामा सञ्चालन गरिनेछ र यसका लागि प्रत्येक जिल्लामा रु ५।५ लाख बजेट विनियोजन गरिएको छ । |
| २८ | क.कार्यक्रमको नामः वातावरणीय प्रभाव सम्बन्धी प्रतिवेदन तयारी |
| | ख. पृष्ठभूमि र उद्देश्य<br>विकास निर्माणको क्रममा वातावरणमा पर्ने प्रतिकूल असरहरुलाई न्यूनीकरण गर्न गरिने विभिन्न किसिम र तहहरुका वातावरण प्रभाव मूल्यांकनको लागी मन्त्रालयको दायित्व निर्वाह गर्ने क्रममा लाग्ने खर्च निर्देशिका तयारी तथा अभिमुखीकरण कार्यहरु तथा वातावरणीय प्रतिवेदनको प्रभावकारिता अनुगमन तथा निरीक्षण, अध्ययन अनुसन्धान र मापदण्डहरु निर्धारण गर्नको लागि मन्त्रालयको समन्वयमा खर्च गरिनेछ । |
| | ग.कार्यक्रम सञ्चालन प्रक्रिया<br>यसमा कर्णाली प्रदेश वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावलीको प्रावधान बमोजिम वातावरणीय अध्ययन, स्वीकृती र नियमनका कार्यहरु सञ्चालन गरिनेछ । |
| | घ.बजेट : यो कार्यक्रम कर्णाली प्रदेशको दश वटै जिल्लामा सञ्चालन गरिनेछ र यसका लागि रु १० लाख बजेट विनियोजन गरिएको छ । |
| २९ | क.कार्यक्रमको नामः वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन कार्यक्रम |
| | ख.पृष्ठभूमि र उद्देश्य<br>फोहोरलाई प्रकृती अनुसार छुट्याउने, पुन प्रयोग गर्ने तथा प्लाष्टिकजन्य झोलाको प्रयोगमा नियन्त्रण जस्ता कार्यहरुमा स्थानीय तहसंग सहकार्य गरी फोहोरमैला व्यवस्थापनका कार्यमा पहलकदमी लिन यो कार्यक्रम सञ्चालन हुनेछ । यस कार्यक्रमको उद्देश्य निम्न रहेका छन्: |



सचिव

| | |
|---|---|
| | • वातावरण संरक्षणका लागि सचेतना कार्यक्रमहरु सञ्चालन गर्नु,<br>• फोहोरमैला व्यवस्थापनाका जिल्ला तथा स्थानीय तहहरु समेतको संलग्नतामा सचेतनाका कार्यक्रमहरु सञ्चालन गर्नु,<br>• नष्ट नहुने तथा पुनः प्रयोग हुने फोहोरमैलाको आवश्यक विसर्जनका लागि अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गर्नु,<br>• वातावरणमैत्री प्रदेश निर्माणका लागि आधार तयार गर्नु,<br>• प्लाष्टीकका झोला र यसबाट हुने फोहोर नियन्त्रण गर्नु,<br>• प्लाष्टीकका झोलाको सट्टामा वैकल्पिक झोलाको प्रवर्द्धन गर्ने । |
| | ग.कार्यक्रम सञ्चालन प्रक्रिया<br>• सम्बन्धित कार्यालयले मातहतका निकाय समेत परिचालन गरी वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापनका लागि जनचेतनामूलक सामाग्रीहरु प्रकाशन, प्रसारण तथा अभिमुखिकरण, कार्यशाला सञ्चालन तथा फोहोर व्यवस्थापनको लागि आवश्यक समाग्रीहरुको खरिद तथा वितरण समेतका कार्यक्रम सञ्चालन गर्नेछ ।<br>• फोहरमैला व्यवस्थापन तथा वातावरण संरक्षणको लागि सम्बन्धित कार्यालयले स्थानीय निकाय, टोलसुधार समिति, बजार व्यवस्थापन समिति, सामुदायिक वन उपभोक्ता समुह, युवा समुह समेतलाई परिचालन गरी गर्न सक्नेछ ।<br>• सामाजिक जागरण समुह मार्फत कार्य गराउनुपर्ने भएमा कार्यालयको सम्वन्धित शाखाले वातावरण संरक्षणका लागि स्थानीय टोल सुधार समिति, सामाजिक जागरण संस्था तथा स्थानीय समुहहरुबाट जनचेतना जगाउने कार्यक्रम सञ्चालन गर्न कार्यविवरण (TOR) तयार गर्नेछ ।<br>• कार्यविवरण (TOR) अनुसार कार्य गर्न स्थानीय समुह तथा संस्थाहरुबाट प्रस्ताव माग सार्वजानिक खरिद ऐन, नियमावलीको प्रकृया पुरा गरी गरिनेछ । |
| | घ.बजेट : यो कार्यक्रम सञ्चालन गर्न प्रत्येक जिल्लामा रु १५ लाख बजेट विनियोजन गरिएको छ। |
| ३० | क. कार्यक्रमको नामः जडिबुटी संरक्षण, उत्पादन तथा सम्भावना, नर्सरी, जडिबुटी गुणस्तर प्रमाणीकरण प्रयोगशाला (क्रमागत) |
| | ख. पृष्ठभूमि र उद्देश्य<br>यस कार्यक्रमबाट १० जिल्लामा जडिबुटीको संरक्षण, सर्वेक्षण, जडिबुटी खेतीलाई कृषकको नीजी खेतबारीमा विस्तार, प्रशोधन, जडिबुटीको पुनर्उत्पादनशील क्षमताको संरक्षण, उत्पादित जडिबुटीको गुणस्तर, प्रमाणीकरण जस्ता कार्यहरुको अध्ययन गर्नको यो कार्यक्रम सञ्चालन हुनेछ । |
| | ग.कार्यक्रम सञ्चालन प्रक्रिया<br>सार्वजनिक खरिद ऐन नियम अनुसार सेवा खरिद गरी यो कार्यक्रम सञ्चालन हुनेछ । |
| | घ.बजेट :यसका लागि रु. २५ लाख बजेट विनियोजन गरिएको छ । |
| | पर्यटन विकास सम्बन्धी कार्यक्रम |
| ३१ | (क) कार्यक्रमको नाम : एक जिल्ला एक पर्यटकीय क्षेत्र विकास परियोजना तथा अन्य पर्यटन पूर्वाधार विकास |
| | (ख) पृष्ठभूमि र उद्देश्य |



प्रमुख सचिव

| | |
|---|---|
| | १. कर्णाली प्रदेशको पर्यटन गुरुयोजनाले पहिचान गरेका प्रदेशका विभिन्न जिल्लाका पर्यटकीय गन्तव्यस्थलको आवश्यक पूर्वाधार विकास गरी कर्णाली प्रदेशको पर्यटकीय क्षेत्रको विकास विस्तार र प्रवर्द्धन मार्फत आर्थिक समृद्धीमा टेवा पुर्याउने दिर्घकालिन उद्देश्य सहित यो कार्यक्रम समावेश गरिएको छ ।<br>२. यस आर्थिक वर्षमा समावेश भएका जिल्लाका पहिचान भएका निम्न पर्यटकीय क्षेत्रहरुको विकास निम्न विधिबाट गरिनेछ । |
| ३१.१ | **(क) कार्यक्रमको नाम** : एक जिल्ला एक पर्यटकीय क्षेत्र विकास परियोजना कार्यक्रम अन्तर्गत लिमि उपत्यका पर्यटकीय पूर्वाधार विकास हुम्ला |
| | (ख) कार्यक्रमको सहजिकरण गर्ने निकायः डिभिजन वन कार्यालय हुम्ला । |
| | (ग) **बजेटः** यस कार्यक्रमको लागि यस आ.व. मा रु. २५ लाख विनियोजन भएको छ |
| | **(घ) कार्यक्रम सञ्चालन प्रकृया**<br>• मन्त्रालयबाट अध्ययन गरिएको लिमी उपत्यका पर्यटन योजना अनुसार संरक्षण र पर्यटन प्रवर्धनका कार्यहरु स्थानीय तह तथा स्थानीय समुदायसंग सहकार्य गरी सञ्चालन गरिनेछ। यो कार्यक्रमबाट लिमि उपत्यकाको संरक्षण र पर्यटन पूर्वाधार विकासका लागि सम्बन्धित स्थानीय तहलाई शसर्त अनुदान उपलब्ध गराईने छ । |
| ३१.२ | **(क) कार्यक्रमको नाम** :अन्य पर्यटन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत सिमिकोट रलिङ पर्यटन पहुँच मार्ग सिमिकोट-३ हुम्ला |
| | **(ख) कार्यक्रम कार्यान्वयन गर्ने निकायः** डिभिजन वन कार्यालय हुम्ला |
| | (ग) बजेटः यस कार्यक्रमको लागि यस आ.व. मा रु. ३० लाख विनियोजन भएको छ । |
| | (घ) कार्यक्रम सञ्चालन प्रकृयाः यसबाट स्थानीय तह तथा सरोकारवालहरुसंग छलफल गरी आवश्यकताको प्राथमिकिरण गरी निम्न कार्यहरु गर्न सकिने छ :<br>• पदमार्गमा आवश्यक विश्राम स्थल, सुरक्षा संकेत, पुल साँघु लगायतका आवश्यक सुविधा तथा पूर्वाधारहरुको निर्माण गर्ने,<br>• पैदल मार्गमा भू-क्षय तथा पहिरो नियन्त्रण, पदमार्ग अवरुद्ध पार्ने झाडी, बुट्यान, काँडा, ढुङ्गा, चट्टान बाटोबाट पन्छाउने,<br>• कुलो भेल पानीलाई किनार तर्फ सोज्याउने, बाटो समथर पार्ने<br>• उकाली ओरालीमा ढुङ्गा छाप्ने ससाना खोल्सीमा फड्के वा स-सानो कलभर्ट निर्माण गर्ने<br>• बाटोमा ठाउँ ठाउँमा स्वच्छ खानेपानी र शौचालय निर्माण गर्ने र आवश्यकता अनुसार इन्जिनियरिङ्ग डिजाइन गरी स्लोप ग्रडियन्ट मिनिमाइज गरी उकालोमा खुड्किला, स्टेपिङ्ग बनाइ ढुङ्गा बिछ्याइ पानीको निकासलाई च्यानलाईज गरी पूर्वाधार निर्माण गर्ने । |
| ३१.३ | **(क) कार्यक्रमको नामः** अन्य पर्यटन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत ताल्चादेखि रारासम्म पहुँच मार्ग स्तरोन्ती |
| | (ख) कार्यक्रम कार्यान्वयन गर्ने निकायः डि.व.का. मुगु |
| | (ग) बजेटः यस कार्यक्रमको लागि रु. ५० लाख विनियोजन भएको छ । |
| | (घ) कार्यक्रम सञ्चालन प्रकृया |

| | |
|---|---|
| | • कार्यक्रम सञ्चालन पूर्व स्थानीय तहका पदाधिकारी तथा अन्य सरोकारवालाहरुसंग छलफल गरी कार्यक्रम सञ्चालनको आधार तयार गरिनेछ ।<br>• लागत इष्टिमेट लगायतका अन्य प्राविधिक पक्षहरुको विश्लेषण गरी प्रचलित खरिद ऐन तथा नियमावली बमोजिम बोलपत्र आव्हान गरी कार्य सञ्चालन गरिनेछ । |
| ३१.४ | (क) **कार्यक्रमको नामः** एक जिल्ला एक पर्यटकीय क्षेत्र विकास परियोजना कार्यक्रम अन्तर्गत पचालझरना पहुँच सडक स्तरोन्नती कालीकोट |
| | (ख) कार्यक्रम कार्यान्वयन गर्ने निकायः डि.व.का कालिकोट |
| | (ग) बजेटः यस कार्यक्रमको लागि यस आ.व. लागि रु. २५ लाख विनियोजन भएको छ ।<br>(घ) कार्यक्रम सञ्चालन प्रकृया<br>• कार्यविधि कार्यक्रम सञ्चालन पूर्व स्थानीय तहका पदाधिकारी तथा अन्य सरोकारवालाहरुसंग छलफल गरी कार्यक्रम सञ्चालनको आधार तयार गरिनेछ ।<br>• लागत इष्टिमेट लगायतका अन्य प्राविधिक पक्षहरुको विष्लेषण गरी प्रचलित खरिद ऐन तथा नियमावली बमोजिम कार्य सञ्चालन गरिनेछ । |
| ३१.५ | (क) **कार्यक्रमको नामः** एक जिल्ला एक पर्यटकीय क्षेत्र विकास परियोजना कार्यक्रम अन्तर्गत स्यार्पू ताल संरक्षण रुकुम पश्चिम |
| | (ख) कार्यक्रम कार्यान्वयन गर्ने निकायः डि.व.का रुकुम पश्चिम |
| | (ग) बजेटः यस कार्यक्रमको लागि यस आ.व. लागि रु. २५ लाख विनियोजन भएको छ । |
| | (घ) कार्यक्रम सञ्चालन प्रकृया<br>• कार्यक्रम सञ्चालन पूर्व स्थानीय तहका पदाधिकारी तथा अन्य सरोकारवालाहरुसंग छलफल गरी सम्भाब्यता अध्ययन, लागत ईष्टमेट, डिजाईन तयारी गरिनेछ ।<br>• लागत इष्टिमेट लगायतका अन्य प्राविधिक पक्षहरुको विष्लेषण गरी प्रचलित कानून बमोजिम वा उपभोक्ता परिचालन मार्फत कार्य सञ्चालन गरिनेछ । |
| ३१.६ | (क) **कार्यक्रमको नामः** अन्य पर्यटन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत जनयुद्व संग्रालय खारा पर्यटन विकास, रुकुम पश्चिम |
| | (ख) कार्यक्रम कार्यान्वयन गर्ने निकायः डि.व.का रुकुम पश्चिम |
| | (ग) बजेटः यस कार्यक्रमको लागि यस आ.व. लागि रु. २५ लाख विनियोजन भएको छ |
| | (घ) कार्यक्रम सञ्चालन प्रकृया<br>• कार्यक्रम सञ्चालन पूर्व स्थानीय तहका पदाधिकारी तथा अन्य सरोकारवालाहरुसंग छलफल पछि सम्भाव्यता अध्ययनको आधारमा कार्यक्रम कार्यान्वयन गरिनेछ ।<br>• लागत इष्टिमेट लगायतका अन्य प्राविधिक पक्षहरुको विष्लेषण गरी प्रचलित कानून बमोजिम बोलपत्र आव्हान गरी वा उपभोक्ता समिति मार्फत कार्य सञ्चालन गरिनेछ । |
| ३१.७ | (क) **कार्यक्रमको नामः** एक जिल्ला एक पर्यटकीय क्षेत्र विकास परियोजना कार्यक्रम अन्तर्गत शे-फोक्सुण्डो पर्यटन पूर्वाधार विकास डोल्पा |

| | |
|---|---|
| | (ख) कार्यक्रम कार्यान्वयन गर्ने निकायः डि.व.का डोल्पा |
| | (ग) बजेटः यस कार्यक्रमको लागि यस आ.व. लागि रु. २५ लाख विनियोजन भएको छ । |
| | (घ) कार्यक्रम सञ्चालन प्रकृया<br>• कार्यक्रम सञ्चालन पूर्व स्थानीय तहका पदाधिकारी तथा अन्य सरोकारवालाहरुसंग छलफल गरी कार्यक्रम सञ्चालनको आधार तयार गरिनेछ ।<br>• लागत इष्टिमेट लगायतका अन्य प्राविधिक पक्षहरुको विश्लेषण गरी प्रचलित कानून बमोजिम वोलपत्र आव्हान गरी वा उपभोक्ता परिचालन मार्फत कार्य सञ्चालन गरिनेछ । |
| ३१.८ | (क) कार्यक्रमको नामः अन्य पर्यटन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत धो तराप पर्यटकीय विकास डोल्पा । |
| | (ख) कार्यक्रम कार्यान्वयन गर्ने निकायः डि.व.का डोल्पा |
| | (ग) बजेटः यस कार्यक्रमको लागि यस आ.व. मा रु. ५० लाख विनियोजन भएको छ। |
| | (घ) कार्यक्रम सञ्चालन प्रकृया<br>• यसबाट स्थानीय तह तथा सरोकारवालहरुसंग छलपफल गरी आवश्यकताको प्राथमिकिरण गरी पदमार्ग निर्माण वा स्तरोन्नति, खानेपानी, ग्रामीण विद्युतीकरण, सामुदायीक लज, गुम्वा मर्मत तथा पर्यटकका लागि अन्य बन्दोवस्ति तथा प्राकृतिक, धार्मिक र सांस्कृतिक संरक्षणका कार्यहरु गर्न सकिने छ ।<br>• लागत इष्टिमेट लगायतका अन्य प्राविधिक पक्षहरुको विश्लेषण गरी प्रचलित कानून वमोजिम वोलपत्र आव्हान गरी वा उपभोक्ता परिचालन मार्फत कार्य सञ्चालन गरिने छ । |
| ३१.९ | (क) कार्यक्रमको नामः एक जिल्ला एक पर्यटकीय क्षेत्र विकास परियोजना कार्यक्रम अन्तर्गत पञ्चकोशी क्षेत्र पर्यटन पूर्वाधार विकास (दैलेख) |
| | (ख) कार्यक्रम कार्यान्वयन गर्ने निकाय : डि.व.का दैलेख |
| | (ग) बजेटः यस कार्यक्रमको लागि यस आ.व. मा रु. २५ लाख विनियोजन भएको छ। |
| | (घ) कार्यक्रम सञ्चालन प्रकृया<br>• कार्यक्रम सञ्चालन पूर्व स्थानीय तहका पदाधिकारी तथा अन्य सरोकारवालाहरुसंग छलफल गरी कार्यक्रम सञ्चालनको आधार तयार गरिनेछ ।<br>• लागत इष्टिमेट लगायतका अन्य प्राविधिक पक्षहरुको विश्लेषण गरी प्रचलित कानून बमोजिम बोलपत्र आव्हान गरी वा उपभोक्ता परिचालन मार्फत कार्य सञ्चालन गरिन |
| ३१.१० | (क) कार्यक्रमको नामः एक जिल्ला एक पर्यटकीय क्षेत्र विकास परियोजना कार्यक्रम अन्तर्गत टापुचौर कुशे पाटन तथा जलजला क्षेत्रको पर्यटन सडक पहुँच मार्ग पर्यटकीय पूर्वाधार विकास जाजरकोट |
| | (ख) कार्यक्रम कार्यान्वयन गर्ने निकायः डि.व.का जाजरकोट |
| | (ग) बजेटः यस कार्यक्रमको लागि यस आ.व. मा रु. २५ लाख विनियोजन भएको छ। |
| | (घ) कार्यक्रम सञ्चालन प्रकृया |

| | |
|---|---|
| | • कार्यक्रम सञ्चालन पूर्व स्थानीय तहका पदाधिकारी तथा अन्य सरोकारवालाहरुसंग छलफल गरी कार्यक्रम सञ्चालनको आधार तयार गरिनेछ ।<br>• लागत इष्टिमेट लगायतका अन्य प्राविधिक पक्षहरुको विश्लेषण गरी प्रचलित कानून बमोजिम वा उपभोक्ता परिचालन मार्फत कार्य सञ्चालन गरिनेछ । |
| ३१.११ | (क) कार्यक्रमको नामः अन्य पर्यटन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत जगतिपुर दरवार पूर्वाधार विकास, जाजरकोट |
| | (ख) कार्यक्रम कार्यान्वयन गर्ने निकाय: डि.व.का जाजरकोट |
| | (ग) बजेटः यस कार्यक्रमको लागि यस आ.व. मा रु. २० लाख विनियोजन भएको छ। |
| | (घ) कार्यक्रम सञ्चालन प्रकृया<br>• कार्यक्रम सञ्चालन पूर्व स्थानीय तहका पदाधिकारीतथा अन्य सरोकारवालाहरु संग छलफल गरी कार्यक्रम सञ्चालनको आधार तयार गरिनेछ ।<br>• लागत इष्टिमेट लगायतका अन्य प्राविधिक पक्षहरुको विश्लेषण गरी प्रचलित कानून बमोजिम वोलपत्र आव्हान गरी वा उपभोक्ता परिचालन मार्फत कार्य सञ्चालन गरिनेछ । |
| ३१.१२ | (क) कार्यक्रमको नामः एक जिल्ला एक पर्यटकीय क्षेत्र विकास परियोजना कार्यक्रम अन्तर्गत सिंजा गाउपालिका २ मा सिजा सभ्यता खस संग्रहालय (पर्यटकीय पूर्वाधार विकास) जुम्ला । |
| | (ख) कार्यक्रम सहजीकरण गर्ने निकाय : डि.व.का जुम्ला |
| | (ग) बजेटः यस कार्यक्रमको लागि यस आ.व. मा रु. २५ लाख विनियोजन भएको छ। |
| | (घ) कार्यक्रम सञ्चालन प्रकृया<br>• कार्यक्रम सञ्चालन पूर्व स्थानीय तहका पदाधिकारीतथा अन्य सरोकारवालाहरु संग छलफल गरी कार्यक्रम सञ्चालनको आधार तयार गरिनेछ ।यस अघी तयार गरिएको सिजा सभ्यता खस संग्रहालयको पूर्वाधार र योजनालाई आवश्यकता अनुसार परिमार्जन र परिश्कृत पार्दै क्रमीक रुपमा अघि बढाउने ।<br>• लागत इष्टिमेट लगायतका अन्य प्राविधिक पक्षहरुको विश्लेषण गरी प्रचलित कानून बमोजिम वोलपत्र आव्हान गरी वा उपभोक्ता परिचालन मार्फत कार्य सञ्चालन गरिनेछ ।<br>• यो शीर्षकको बजेट कार्यक्रम शशर्त कार्यक्रमको रुपमा सम्बन्धीत स्थानिय तहमा पठाउन सकिने छ । |
| ३१.१३ | (क) कार्यक्रमको नामः एक जिल्ला एक पर्यटकीय क्षेत्र विकास परियोजना कार्यक्रम अन्तर्गत कुपिन्डे ताल वरिपरि पर्यापर्यटकीय परिपथ सल्यान |
| | (ख) कार्यक्रम कार्यान्वयन गर्ने निकायः डि.व.का सल्यान |
| | (ग) बजेटः यस कार्यक्रमको लागि यस आ.व. मा रु. २५ लाख विनियोजन भएको छ। |
| | (घ) कार्यक्रम सञ्चालन प्रकृया<br>• कार्यक्रम सञ्चालन पूर्व स्थानीय तहका पदाधिकारीतथा अन्य सरोकारवालाहरु संग छलफल गरी कार्यक्रम सञ्चालनको आधार तयार गरिनेछ ।<br>• लागत इष्टिमेट लगायतका अन्य प्राविधिक पक्षहरुको विश्लेषण गरी प्रचलित कानून बमोजिम वोलपत्र आव्हान गरी वा उपभोक्ता परिचालन मार्फत कार्य सञ्चालन गरिनेछ । |
| ३१.१४ | (क) कार्यक्रमको नामः अन्य पर्यटन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत शितल पाटि खैरावाङ सडक स्तरोन्ती |

| | |
|---|---|
| | (ख) कार्यक्रम कार्यान्वयन गर्ने निकायः डि.व.का सल्यान |
| | (ग) बजेटः यस कार्यक्रमको लागि यस आ.व. मा रु. २५ लाख विनियोजन भएको छ। |
| | (घ) कार्यक्रम सञ्चालन प्रकृया<br>• कार्यक्रम सञ्चालन पूर्व स्थानीय तहका पदाधिकारीतथा अन्य सरोकारवालाहरु संग छलफल गरी कार्यक्रम सञ्चालनको आधार तयार गरिनेछ ।<br>• लागत इष्टिमेट लगायतका अन्य प्राविधिक पक्षहरुको विश्लेषण गरी प्रचलित कानून वमोजिम वोलपत्र आव्हान गरी वा उपभोक्ता परिचालन मार्फत कार्य सञ्चालन गरिनेछ । |
| ३१.१५ | (क) कार्यक्रमको नामः एक जिल्ला एक पर्यटकीय क्षेत्र विकास परियोजना कार्यक्रम अन्तर्गत काँक्रिविहार वरिपरि पर्यापटकीय परिपथ निर्माण, सुर्खेत |
| | (ख) कार्यक्रम कार्यान्वयन गर्ने निकायः डि.व.का सुर्खेत |
| | (ग) बजेटः यस कार्यक्रमको लागि यस आ.व. मा रु. २ करोड विनियोजन भएको छ। |
| | (घ) कार्यक्रम सञ्चालन प्रकृया<br>• काँक्रिविहार संरक्षित वनको पर्यावरणिय अवस्था.पर्यापर्यटनको सम्भाव्यता र उपयुक्तता हेरी काँक्रिविहार वरिपरि पर्यापटकीय परिपथ निर्माण गर्न प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि, पदाधिकारी तथा अन्य सरोकारवालाहरुसंग छलफल गरी कार्यक्रम सञ्चालनको आधार तयार गरीने छ ।<br>• लागत इष्टिमेट लगायतका अन्य प्राविधिक पक्षहरुको विश्लेषण गरी प्रचलित कानून वमोजिम वोलपत्र आव्हान गरी वा उपभोक्ता परिचालन मार्फत कार्य सञ्चालन गरिने छ । |
| ३१.१६ | (क) कार्यक्रमको नामः अन्य पर्यटन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत गुप्ती ताल, मादले गुफा, शिव गुफा लगाएतका पर्यटकीय क्षेत्रहरुको पर्यटन पूर्वाधार विकास पञ्चपुरी-९ |
| | (ख) कार्यक्रम कार्यान्वयन गर्ने निकायः डि.व.का सुर्खेत |
| | (ग) बजेटः यस कार्यक्रमको लागि यस आ.व. मा २५ लाख विनियोजन भएको छ। |
| | (घ) कार्यक्रम सञ्चालन प्रकृया<br>• कार्यक्रम सञ्चालन पूर्व स्थानीय तहका पदाधिकारीतथा अन्य सरोकारवालाहरु संग छलफल गरी कार्यक्रम सञ्चालनको आधार तयार गरिनेछ ।<br>• लागत इष्टिमेट लगायतका अन्य प्राविधिक पक्षहरुको विश्लेषण गरी प्रचलित कानून वमोजिम वोलपत्र आव्हान गरी वा उपभोक्ता परिचालन मार्फत कार्य सञ्चालन गरिनेछ । |
| ३१.१७ | (क) कार्यक्रमको नामः अन्य पर्यटन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत राजीगाँउ होमस्टे सानो पुल निर्माण सुर्खेत |
| | (ख) कार्यक्रम कार्यान्वयन गर्ने निकाय : डि.व.का सुर्खेत |
| | (ग) बजेटः यस कार्यक्रमको लागि यस आ.व. मा रु. १५ लाख विनियोजन भएको छ। |
| | (घ) कार्यक्रम सञ्चालन प्रकृया<br>• कार्यक्रम सञ्चालन पूर्व स्थानीय तहका पदाधिकारीतथा अन्य सरोकारवालाहरु संग छलफल गरी कार्यक्रम सञ्चालनको आधार तयार गरिनेछ ।<br>• लागत इष्टिमेट लगायतका अन्य प्राविधिक पक्षहरुको विश्लेषण गरी प्रचलित कानून वमोजिम वोलपत्र आव्हान गरी वा उपभोक्ता परिचालन मार्फत कार्य सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| ३१.१८ | (क) कार्यक्रमको नामः अन्य पर्यटन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत बराहताल संरक्षण योजना कार्यान्वियन सुर्खेत |
| | (ख) कार्यक्रम कार्यान्वियन गर्ने निकाय : डि.व.का सुर्खेत |
| | (ग) बजेटः यस कार्यक्रमको लागि यस आ.व. मा रु. ५०लाख विनियोजन भएको छ। |
| | (घ) कार्यक्रम सञ्चालन प्रकृया<br>• कार्यक्रम सञ्चालन पूर्व योजना तथा अध्ययन प्रतिवेदन का विषयमा प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधी र पदाधिकारीतथा अन्य सरोकारवालाहरु संग छलफल गरी कार्यक्रम सञ्चालनको आधार तयार गरिनेछ ।<br>• लागत इष्टिमेट लगायतका अन्य प्राविधिक पक्षहरुको विश्लेषण गरी प्रचलित कानून वमोजिम वोलपत्र आव्हान गरी वा उपभोक्ता परिचालन मार्फत कार्य सञ्चालन गरिनेछ । |
| ३१.१९ | (क) कार्यक्रमको नामः भेरी कर्णाली नदीमा जलयात्राको पूर्वाधार विकास |
| | (ख) कार्यक्रम कार्यान्वियन गर्ने निकायः वन तथा वातावरण (निर्देशनालय) |
| | (ग) बजेटः यस कार्यक्रमको लागि यस आ.व. मा रु. २० लाख विनियोजन भएको छ। |
| | (घ) कार्यक्रम सञ्चालन प्रकृया<br>• यो कार्यक्रमबाट मन्त्रालबाट भएको सम्भाव्यता अध्ययनको आधारमा प्रस्तावित कृयाकलापहरु सञ्चालन हुनेछ ।<br>• जलयात्राको लागि नदि किनारामा आवश्यक विश्राम स्थलहरु,सुरुवात तथा अन्तिम गन्तव्य स्थानहरुका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।<br>• जलयात्राका लागि आवश्यक पर्ने र्‍याफ्टिङ बोट, क्यानोइङ, लाईफ ज्याकेट लगायतका सम्वन्धित अन्य सामाग्रीहरु खरिद गरिनेछ ।<br>• जलयात्राका लागि नदिस्थलमा जाखिमको अवस्था हेरी त्यस्ता स्थानहरुमा सुरक्षा लगायतका अन्य संकेतहरु राख्ने कार्य गरिनेछ ।<br>• कार्यक्रम सञ्चालन पूर्व योजना तथा अध्ययन प्रतिवेदनका विषयमा प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधी र पदाधिकारीतथा अन्य सरोकारवालाहरु संग छलफल गरी कार्यक्रम सञ्चालनको आधार तयार गरिनेछ ।<br>• लागत इष्टिमेट लगायतका अन्य प्राविधिक पक्षहरुको विश्लेषण गरी प्रचलित खरिद ऐन, नियम बमोजिम वोलपत्र आव्हान गरी वा उपभोक्ता परिचालन मार्फत कार्य सञ्चालन गरिने छ । |
| ३१.२० | (क) कार्यक्रमको नामः अन्य पर्यटन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत वुलवुले गुरुयोजना कार्यान्वियन (स्वीकृत क्रमागत) |
| | (ख) कार्यक्रम कार्यान्वियन गर्ने निकाय : वन तथा वातावरण निर्देशनालय |
| | (ग) बजेटः यस कार्यक्रमको लागि यस आ.व. मा रु. १ करोड विनियोजन भएको छ। |
| | (घ) कार्यक्रम सञ्चालन प्रकृया<br>• प्रचलित खरिद ऐन नियम अनुसार ठेक्का मार्फत कार्य सञ्चालन गरिने छ । |
| ३१.२१ | (क) कार्यक्रमको नामः अन्य पर्यटन पूर्वाधार विकास कार्यक्रमः प्रादेशिक शहिद पार्क तथा बोटानिकल गार्डेन |
| | (ख) कार्यक्रम कार्यान्वियन गर्ने निकाय : वन तथा वातावरण निर्देशनालय |

| | |
|---|---|
| | (ग) बजेटः यस कार्यक्रमको लागि यस आ.व. मा रु. ५० लाख विनियोजन भएको छ। |
| | (घ) कार्यक्रम सञ्चालन प्रकृया<br>• प्रचलित खरिद ऐन नियम अनुसार ठेक्का मार्फत कार्य सञ्चालन गरिने छ ।<br>• यो कार्यक्रमको खरिद प्रकृया शुरु भई कार्यान्वयनमा रहेको हुँदा सम्झौता बमोजिम कार्यक्रम कार्यान्वयन हुनेछ। प्रादेशिक शहिद पार्क तथा बोटानिकल गार्डेनको गुरुयोजनालाई आधार मानी प्रचलित खरिद ऐन नियम अनुसार थप कार्यक्रम सञ्चालन हुनेछ। |
| ३२ | (क) कार्यक्रमको नामः सम्भाव्यताको आधारमा ग्रेट हिमालयन ट्रेल (माथिल्लो) पूर्वाधार विकास |
| | (ख) पृष्ठभूमि र उद्देश्य<br>यसमा कर्णाली प्रदेशको पर्यटकिय गुरुयोजना अनुसार ग्रेट हिमालयन ट्रेल (माथिल्लो) क्षेत्र भनी उल्लेखित रुटमा विविध पर्यटकिय संभावनाहरु भू-दृश्य तथा प्राकृतिक, जैविक विविधता, धार्मिक पर्यटन, साँस्कृतिक पर्यटन, लगायतका पर्यटकीय सम्भाव्यताहरुको अध्ययन पुरा गरी सम्भाव्यताको आधारमा बहुवर्षीय योजनाको रुपमा पर्यटकीय पूर्वाधारहरुको विकास गरी प्रदेश समृद्धीको आधारको रुपमा विकास गर्न ति स्थलहरुमा आवश्यक पूर्वाधार निर्माण गरी पर्यटन क्षेत्रको संरक्षण, विस्तार र प्रवर्द्धनका लागि आवश्यक पदमार्ग लगायतका पूर्वाधार निर्माण गर्न यो कार्यक्रम समावेश गरिएको छ । |
| | (ग) कार्यक्रम कार्यान्वयन कार्यविधि<br>• मन्त्रालयले गरेको अध्ययन प्रतिवेदनका आधारमा पर्यटकिय पदमार्ग पहिचान, निर्माण स्तरोन्नती, सेवा विस्तार लगायतका विभिन्न कार्यहरु गरी पर्यटन पवर्द्धन गर्ने।<br>• लागत इष्टिमेट लगायतका अन्य प्राविधिक पक्षहरुको विश्लेषण गरी प्रचलित खरिद ऐन, नियम बमोजिम सञ्चालन गरिने छ । |
| | (घ) बजेटः २५ लाख |
| | (ङ) सम्भाव्य क्रियाकलापहरु<br>• सम्भाव्यताको आधारमा पदमार्गमा आवश्यक विश्राम स्थल, बास बस्ने ठाउँ, टेन्ट गाड्ने ठाउँ, सुरक्षा संकेत, पुल साँघु लगायतका आवश्यक सुविधा तथा पूर्वाधारहरुको निर्माण गर्ने,<br>• पैदल मार्गमा भुक्षय तथा पहिरो नियन्त्रण, पदमार्ग अवरुद्ध पार्ने झाडी, बुट्यान, काँडा, ढुङ्गा, चट्टान बाटोबाट पन्छाउने,<br>• कुलो भेल पानीलाई किनार तर्फ सोज्याउने, बाटो समथर पार्ने<br>• उकाली ओरालीमा ढुङ्गा छाप्ने ससाना खोल्सीमा फड्के वा स-सानो कलभर्ट निर्माण गर्ने<br>• बाटोमा ठाउँ ठाउँमा स्वच्छ खानेपानी र शौचालय निर्माण गर्ने र आवश्यकता अनुसार इन्जिनियरिङ्ग डिजाइन गरी स्लोप ग्रेडियन्ट मिनिमाइज गरी उकालोमा खुड्किला, स्टेपिङ्ग बनाइ ढुङ्गा बिछ्याइ पानीको निकासलाई च्यानलाईज गरी पूर्वाधार निर्माण गर्ने |
| ३३ | (क) कार्यक्रमको नामः सम्भाव्यताको आधारमा गुरिल्ला ट्रेल पूर्वाधार विकास |
| | (ख) पृष्ठभूमि र उद्देश्य<br>गुरिल्ला ट्रेलको विकास गर्ने भनि कर्णाली प्रदेशको पर्यटन गुरुयोजनामा उल्लेख भए अनुसार सो क्षेत्रमा विविध पर्यटकिय संभावनाहरुशाहशिक पर्यटन, प्राकृतिक,जैविक विविधता, धार्मिक पर्यटन, लगायतका पर्यटकीय सम्भाव्यताहरुको अध्ययन गरी सम्भाव्यताको आधारमा आवश्यक पूर्वाधार |

| | |
|---|---|
| | निर्माण गरी पर्यटन क्षेत्रको रुपमा विकास र प्रवर्द्धनका लागि आवश्यक पदमार्ग लगायतका पूर्वाधार निर्माण गर्न यो कार्यक्रम समावेश गरिएको छ । |
| | (ग) बजेटः २५ लाख |
| | (घ) कार्यक्रम कार्यान्वयन कार्यविधि<br>• कार्यक्रम सञ्चालन पूर्व मन्त्रालयले गर्न लागेको अध्ययन प्रतिवेदन र प्रतिवेदनले प्रस्ताव गरेका लागत इष्टिमेट लगायतका अन्य प्राविधिक पक्षहरुको विश्लेषण गरी प्रचलित खरिद ऐन, नियम बमोजिम कार्य सञ्चालन गरिने छ । |
| | (ङ) क्रियाकलापहरु<br>• सम्भाव्यताको आधारमा पदमार्गमा आवश्यक विश्राम स्थल, बास बस्ने ठाउँ, टेन्ट गाड्ने ठाउँ, सुरक्षा संकेत, पुल साँघु लगायतका आवश्यक सुविधा तथा पूर्वाधारहरुको निर्माण गर्ने,<br>• पैदल मार्गमा भुक्षय तथा पहिरो नियन्त्रण, पदमार्ग अवरुद्ध पार्ने झाडी, बुट्यान, काँडा, ढुङ्गा, चट्टान बाटोबाट पन्छाउने,<br>• कुलो भेल पानीलाई किनार तर्फ सोज्याउने, बाटो समथर पार्ने<br>• उकाली ओरालीमा ढुङ्गा छाप्ने ससाना खोल्सीमा फड्के वा स-सानो कलभर्ट निर्माण गर्ने<br>• बाटोमा ठाउँ ठाउँमा स्वच्छ खानेपानी र शौचालय निर्माण गर्ने र आवश्यकता अनुसार इन्जिनियरिङ्ग डिजाइन गरी स्लोप ग्रेडियन्ट मिनिमाइज गरी उकालोमा खुड्किला, स्टेपिङ्ग बनाइ ढुङ्गा बिछ्याइ पानीको निकासलाई च्यानलाईज गरी पूर्वाधार निर्माण गर्ने । |
| ३४ | (क) कार्यक्रमको नामः सांस्कृतिक अनुसन्धान तथा प्रचार प्रसार तथा स्टोन कार्भिङ सम्बन्धी अध्ययन अनुसन्धान कार्यक्रम |
| | (ख) पृष्ठभूमि र उद्देश्य : कर्णाली प्रदेशका सांस्कृतिक महत्वका पर्यटकीय संभावनाका उपजहरुको पहीचान खोज अनुसन्धान तथा जगेर्ना गर्ने र प्रचार प्रसार गर्ने तथा र त्यस्ता संस्कृतिहरुको विकास र विस्तारमा टेवा पुऱ्याउने र स्टोन कार्भिङ सम्बन्धी अध्ययन अनुसन्धान गर्ने हेतुले यो कार्यक्रम समावेश गरिएको छ। यसको निम्न उद्देश्यहरु रहेका छन् ।<br>• परम्परागत संस्कृतिहरुको पहिचान गर्ने,<br>• स्थानीय कला संस्कृतिहरुको जगेर्ना गर्ने,<br>• स्थानीय कला, संस्कृतिहरुको प्रचार प्रसार गर्ने ।<br>• सांस्कृतिक पर्यटनलाई आर्थिक समृद्धिको आधारको रुपमा विकास गर्ने ।<br>• परम्परागत संस्कृतिको पहिचानको लागि अध्ययन गर्न प्रदेश स्तरिय तथ्यांक संकलन गर्ने।<br>• अन्य पर्यटन प्रवर्द्धनात्मक कार्यहरु सञ्चालन गर्ने । |
| | (ग) बजेट : १०+२० गरी ३० लाख |
| | (घ) कार्यक्रम कार्यान्वयन कार्यविधि<br>• लागत इष्टिमेट लगायतका अन्य प्राविधिक पक्षहरुको विश्लेषण गर्ने<br>• प्रचलित कानून बमोजिम परामर्श सेवा खरिद गरी कार्य सञ्चालन गरिनेछ। |
| ३५ | (क) कार्यक्रमको नामः कर्णाली प्रदेश पर्यटन प्रवर्द्धन (प्रचारप्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) |
| | (ख) पृष्ठभूमि र उद्देश्य |

| | |
|---|---|
| | यसमा पर्यटन, वन तथा वातावरण प्रचार प्रसार सामग्री, कर्णाली प्रदेशका प्रमुख पर्यटकीय स्थान सहितको कफी टेबल बुक तयारी, कर्णाली प्रदेशको पर्यटकीय आकर्षण झल्कने एक डकुमेन्ट्री बनाउने लगायतका कार्यक्रमहरु रहेका छन् । यसमा कर्णाली प्रदेशमा पर्यटन क्षेत्रको विकास र विस्तारका लागि प्रचार प्रसार तथा अन्य प्रवद्धनात्मक कार्य मार्फत पर्यटन क्षेत्रको विकास र विस्तारमा टेवा पुऱ्याउने हेतुले यो कार्यक्रम समावेश गरिएको छ। |
| | (ग) बजेटः ४५ लाख (२५+१०+१०) |
| | (घ) कार्यक्रम कार्यान्वयन कार्यविधि<br>• लागत इष्टिमेट लगायतका अन्य प्राविधिक पक्षहरुको विश्लेषण गरी प्रचलित कानून बमोजिम परामर्श सेवा तथा अन्य सेवा खरिद गरिनेछ ।<br>• पर्यटकीय स्थलको प्रवर्द्धनका लागि वृत्तचित्र निर्माण गर्नका लागि सेवाप्रदायहरुबाट कार्यसूचि बनाई सोही बमोजिम कार्य गर्ने गरी प्रस्ताव माग गरिनेछ ।<br>• वृत्तचित्रका लागि प्राप्त प्रस्तावहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम छनौट गरि कार्य सम्झौता गरिनेछ ।<br>• पर्यटन क्षेत्रहरुको एकिकृत विवरण सहितका सामाग्रीहरु प्रकाशन गरिनेछ ।<br>• प्रदेशको प्रवेश बिन्दुहरुमा पर्यटकीय क्षेत्रहरुको होर्डिङ्ग बोर्ड र नक्शा राखिनेछ ।<br>• प्रचार प्रसार सामग्री उत्पादन तथा वितरण गरिनेछ । |
| ३६ | (क) कार्यक्रमको नामः सम्झौता भएका क्रमागत कार्यक्रम तथा पर्यटन पूर्वाधार विकास परियोजना |
| | (ख) पृष्ठभूमि र उद्देश्य<br>आ.व.२०७६/७७ मा मन्त्रालय र मातहतका कार्यालयहरुबाट विभिन्न उद्योग तथा पर्यटन पूर्वाधार, वन तथा वातावरण संरक्षणसंग सम्बन्धित कार्यक्रमहरुको निरन्तरताका लागि यो कार्यक्रम प्रस्तावित गरिएको हो। यो कार्यक्रम गत आ.व.मा सम्भाव्यता अध्ययन गरिएका र शुरु गरिएका आयोजनाको लागि खर्च गरिनेछ। |
| | (ग) बजेटः यो कार्यक्रमको लागि रु. ५ करोड बजेटको व्यवस्था गरिएको छ । |
| | (घ) कार्यक्रम कार्यन्वयन कर्यबिधि<br>मन्त्रालयबाट प्राथमिकता निर्धारण गरी बजेट बाँडफाँड गरी विगत बर्षमा कार्यशुरु गरी अधुरा रहेका वा खरिद प्रकृया शुरु गरी आर्थिक दायित्व सिर्जना भएका योजनाहरु पुरा गरिनेछ । |
| (घ) | भू तथा जलाधार व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धी कार्यक्रमहरु |
| ३७ | (क) कार्यक्रमको नामः मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने तटबन्ध तथा बाँध, बाढी, पहिरो, भू-क्षय नियन्त्रण |
| | (ख) पृष्ठभूमि र उद्देश्य<br>जोखिमपुर्ण भौगोलिक वनावट र विकास निर्माणका कार्यहरु खासगरी ग्रामीण सडकहरुको निर्माणमा संरक्षणका कार्यहरु साथसाथै नहुनु, सामुदायिक वन क्षेत्रमा पहिरोका कारण वन क्षेत्रको संरक्षणका चुनौती सृजना हुनु, जोखिम क्षेत्रमा असम्वेदनसिल मानवीय क्रियाकलापहरुले गर्दा बाढि पहिरो जन्य समस्याहरु दिन प्रतिदिन वृद्धि हुँदै जाँदा मानवीय, भौतीक पूर्वाधार र अन्य सम्पत्तिहरुको क्षतिव्यहोर्नु परेको अवस्था छ । त्यस्ता भू क्षय जन्य प्रकोप न्युनिकरण गरी प्रभावित भएका वा प्रभावित हुन सक्ने क्षेत्रमा वायोइन्जीनियरीङ्ग प्रविधि अवलम्वन गर्दै जनधनको सुरक्षा गर्ने उद्देश्यले यी कार्यक्रमहरु सञ्चालन हुनेछन् । |

| | |
|---|---|
| | (ग) बजेटः विभिन्न जिल्लाहरुमा गरी जम्मा ११ करोड १५ लाख |
| | (घ) कार्यक्रम कार्यान्वयन कार्यविधि<br>• मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने तटबन्ध तथा बाध, बाढी पहिरो भू-क्षय नियन्त्रणका विभिन्न कार्यक्रमहरु र सञ्चालन हुने स्थानहरु यस अघी नै भू-क्षय सम्बेदनशील क्षेत्रको रुपमा पहिचान भै स्थान तोकिएर नै आएको छ । यि क्षेत्रहरु कमजोर भौगोलिक बनावट भएको पहिरो क्षेत्र वा बाढी पहिरो सम्भावित क्षेत्र र पानीको भल बग्ने आसपासको क्षेत्र वा भू-क्षय भई तुरुन्तै गल्छी बन्ने संम्भावना भएको क्षेत्र हुन सक्छ । यी क्षेत्रमा कार्य शुरु गर्दा सामान्यतया निम्न कार्यहरु चरणबद्ध रुपमा गर्नु पर्दछ ।<br>• सरोकारवालाहरुसँग अन्तरक्रियाः प्रत्यक्ष प्रभावित समुदाय तथा प्रभावित क्षेत्रको जलप्रवाह प्रणाली (खोला, खहरे, गल्छि) र सम्मुखमा रहेका वस्ती समुदाय र त्यस क्षेत्रमा रहेका वडाका प्रतिनिधिहरु सहभागी गराई जोखीम क्षेत्रको पहिचान र रोमथामका उपायहरुका बारेमा छलफल गर्ने ।<br>• जोखिम क्षेत्रको पहिचान गरी रोकथामको विधिहरु निर्धारण गर्नु पर्दछ । निर्माण गर्नु पर्ने संरचना तथा सो स्थानको पानीढलो (जलाधार) क्षेत्रमा गर्नु पर्ने अन्य विविध संरक्षणात्मक र संरचनात्मक कार्यहरुको निर्धारण गर्नु पर्दछ । ती स्थानको पानीढलो (जलाधार) क्षेत्रमा ठाउँ अनुसार भल निकास कुलो, पानीको मुल व्यवस्थापन जस्ता जल व्यवस्थापनका कार्यहरुका साथै बायो ईन्जिनियरिङ प्रविधिमा उपयोगी वनस्पतिहरु लगाउने, जलाधार क्षेत्रमा कृषिवन मैत्रि खेतबारी संरक्षण, क्षतिग्रस्त भुमि पुनरुत्थान, फलफूल/घांस/जडिबुटि बिरुवा रोपण र संरक्षण जस्ता कार्यहरु गरि भूमिको स्थिरता बढाउन सघाउने कार्यहरु समाबेश गर्नु पर्नेछ।<br>• निर्धारित कृयाकलाप/कार्यक्रमको सर्भे डिजाईन तथा ल.ई. तयार गर्ने त्यसमा नक्सा (लोकेशन म्याप), प्रभावित क्षेत्रको भू-उपयोग देखीने खेस्रा नक्सा, विभिन्न भागको लम्बाइ, चौडाई, गहिराई, माटो तथा भू बनौट, प्रकोपको प्रकृति तथा प्रभावित हुने घर परिवार, संरचना वा सुरक्षित हुने जग्गा जमीनको क्षेत्रफल जस्ता विषयहरु समावेश हुने छन् ।<br>• कार्यक्रमको आवश्यकता अनुसार ग्याबिन तार खरीद गर्दा खिया नलाग्ने स्पेसिफिकेशन भएको तथा सम्भव भएसम्म मेशिनबाट बुनेको तारजालीलाई ग्राह्यता दिनु पर्नेछ ।<br>• उपभोक्ता समुहहरुलाई सर्भे डिजाईनमा अनिवार्य रुपमा सहभागी गराई नाप नक्सा, डिजाईनका बारेमा जानकारी र आधि दिनको अभिमुखीकरण वा प्रविधि सम्बन्धि तालिम दिई प्रविधि हस्तान्तरण गर्नु पर्नेछ ।<br>• सामुदायिक वन क्षेत्रको कार्यक्रमहरु सामुदायिक वन उपभोक्ता समिति वा उक्त समितिबाट छनौट भएको उपभोक्ता समितिबाट कार्यान्वयन गरिनेछ र अन्य स्वीकृत भएका सबै कार्यक्रमहरु प्रभावित क्षेत्रका उपभोक्ता समुह मार्फत कार्यान्वयन गर्न प्राथमिकता दिनेछ । सो विधि प्रभावकारी हुन नसक्ने स्थानमा सार्वजनिक खरिद ऐन नियम अनुसार अन्य विधिबाट निर्माण कार्य गराउन सकिने छ । |
| | (ङ) कार्यक्रमस्थल छनौटका आधारहरु<br>• प्रकोपको संवेदनशिलता, असर पर्ने क्षेत्र, तत्काल रोकथाम नगरे क्षति हुन सक्ने क्षेत्र |

| | |
|---|---|
| | • उपलब्ध रकमबाट क्षती न्यूनीकरण वा व्यवस्थापन गर्न सकिने,<br>• अन्य निकायहरुबाट समेत सहकार्यको सम्भावना रहेको,<br>• व्यक्तिगत वा सार्वजनिक सम्पतिमा परेको असर,<br>• जनसहभागीता जुट्न सक्ने,<br>• जैविक प्रविधिको समेत प्रयोग गरी समस्या समाधान हुन सक्ने,<br>• स्पष्ट विस्तृत ल.ई. पेश गरेको नगरेको । |
| ३८ | (क) कार्यक्रमको नामः बाढी पहिरो भू-क्षय, नदी नियन्त्रण तथा जलाधार व्यवस्थापन |
| | (ख) पृष्ठभूमि र उद्देश्य<br>जोखिमपुर्ण भौगोलिक बनावट र विकास निर्माणका कार्यहरु खासगरी ग्रामीण सडकहरुको निर्माणमा संरक्षणका कार्यहरु साथसाथै नहुनु, जोखिम क्षेत्रमा असम्वेदनसिल मानवीय कियाकलापहरुले गर्दा बाढि पहिरो जन्य समस्याहरु दिन प्रतिदिन वृद्धि हुँदै जाँदा मानवीय, भौतीक पूर्वाधार र अन्य सम्पत्तिहरुको क्षतिव्यहोर्नु परेको अवस्था छ । त्यस्ता भू क्षय जन्य प्रकोप न्युनिकरण गरी प्रभावित भएका वा प्रभावित हुन सक्ने क्षेत्रमा बायोइन्जीनियरीङ्ग प्रविधि अवलम्वन गर्दै जनधनको सुरक्षा गर्ने उद्देश्यले यी कार्यक्रमहरु सञ्चालन हुनेछन् । |
| | (ग) बजेट : यस कार्यक्रमको लागि १ करोड विनियोजन गरिएको छ । |
| | (घ) कार्यक्रम कार्यन्वयन कार्यविधि<br>यो कार्यक्रमको कार्यान्वयन विधि कार्यक्रम क्र.स. २७ को तटबन्ध तथा बाँध, बाढी पहिरो भू-क्षय नियन्त्रण (जिल्लागत) अनुसार नै हुनेछ । |
| ३९ | (क) कार्यक्रमको नामः ताल तलैया तथा सिमसार क्षेत्रको पहिचान, वर्गीकरण र संरक्षण |
| | (ख) पृष्ठभूमि र उद्देश्य<br>ताल, तलैया, नदि, पोखरी, पानी मुहान जस्ता सिमसार क्षेत्र र सो सम्बन्धि पारिस्थितिकीय प्रणाली तथा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो विकासमा टेवा पुर्याउनुका साथै पर्यापर्यटन गतिविधिमा अभिवृद्धि गरि स्थानीय पर्यावरण र जिविकोपार्जनमा सुधार गर्न यो कार्यक्रम तर्जुमा गरियको छ । यो कार्यक्रमको उद्देश्यहरु निम्न छः<br>• सिमसार क्षेत्रको पहिचान,अभिलेखन र व्यवस्थापनका लागी कार्यसूचि बनाई अध्ययन गर्ने र स्थानिय तहहरु समेतको सहभागितामा व्यवस्थापन योजनाहरु बनाई जल तथा जैविक विविधता संरक्षण गर्ने<br>• पर्यापर्यटन विकास गरि स्थानीय जिविकोपार्जनमा सहजता ल्याउने,<br>• सम्भव भएका स्थानहरुमा वातावरणीय सेवा भुक्तानि अवधारणा कार्यान्वियनको शुरुवात गर्ने |
| | (ग) बजेटः<br>यस कार्यक्रमको लागि रु २० लाख बिनीयोजन भएको छ। |
| | (घ) कार्यक्रम कार्यान्वयन कार्यविधिः<br>• यसमा सार्वजनिक खरिद ऐन नियम अनुसार परामर्श सेवा खरिद गरी ताल, तलैया, दलदल क्षेत्र, नदि, पोखरी, पानी मुहान तथा सिमसार क्षेत्र जस्ता पारिस्थितिकीय प्रणाली तथा जैविक विविधताको हिसावले महत्वपूर्ण क्षेत्रहरुको पहिचान, वर्गीकरण, अभिलेखन गरिनेछ । |

| | |
|---|---|
| | • महत्वपूर्ण ताल, पोखरी, सिमसार क्षेत्रको व्यवस्थापन योजना बनाई कार्यान्वयनको प्रवन्ध गरिनेछ । |
| ४० | (क) कार्यक्रमको नामः स्थानीय तहको साझेदारीमा एक वडा एक पोखरी कार्यक्रम |
| | (ख) पृष्ठभूमि र उद्देश्य<br>ताल, पोखरी, सिमसार क्षेत्रले पानीको मुल जोगाउने, जमिनमा चिस्यान कायम राख्ने जस्ता पारिस्थितिकीय प्रणालीको संरक्षण गर्न प्रत्यक्ष रुपमा सहयोग पुर्याउँदछ । हालैको असंवेदनशील विकास निर्माणका कारण गाउँ घरका कैयौं पोखरीहरु पुरेर सडक, खेल मैदान वा अन्य संरचनाहरु निर्माण भएका छन् र त्यसको प्रभावले खुख्खा, खडेरी पानीका मुल सुक्ने समस्याहरु भै रहेको र कतीपय ठाउँमा पानीको अभावका कारण जनसमुदायको दैनिकी, सामाजिक आर्थिक जीवन अत्यन्त कष्टकर हुँदै गैरहेको छ भने आन्तरिक र बाहय बसाइ सराइ समेत गरेको पाइएको छ । यस्ता समस्याहरुको न्यूनीकरणका लागि पोखरीहरुको पुन निर्माण गर्ने, जमिनमा जल पुनर्भरण गराई पानीको मुल सुक्नबाट बचाउन यो कार्यक्रम सञ्चालन हुने छ । |
| | (ग) बजेट<br>यस कार्यक्रमको लागि प्रदेश सरकारले रु २ करोड विनियोजन गरेको छ। |
| | (घ) कार्यक्रम कार्यान्वयन कार्याविधि<br>यसमा स्थानीय तहको समुपस्थिति र सहकार्यमा ताल ,पोखरी, सिमसार क्षेत्रका परम्परागत उपभोक्ताहरु सम्मिलित उपभोक्ता समुह गठन गरी सो मार्फत वा सार्वजिनक खरिद ऐन नियम् अनुसार सेवा खरिद गरी कार्य सञ्चालन गरिने छ । यसरी निर्माण हुने पोखरीमा वर्षातको भल पानी वा अन्य खेर जाने पानी संकलन गर्ने कुलो तथा पोखरीबाट वढी भएको पानी सुरक्षीत निकास हुने कुलो र पोखरीमा पानी जम्मा हुदा भार वहन गर्न सक्ने संरचना निर्माण गरेको हुनु पर्ने छ तर पोखरीको पीधमा सिमेन्ट ढलान गरी पानी सिल गरीएको हुने छैन । यसमा स्थानीय तहहरुबाट कम्तीमा २० प्रतिशत लागत सहभागिता भएको हुने छ । |
| ४१ | (क) कार्यक्रमको नामः उत्तरी जलाधार व्यवस्थापन कार्यक्रम |
| | (ख) पृष्ठभूमि र उद्देश्य<br>• भौगोलिक बनावट र मानवीय क्रियाकलापहरुका कारणले सुर्खेत उपत्यकाका तल्लो क्षेत्रमा बाढी र डुवान तथा उपल्लो क्षेत्रमा पहिरोजन्य समस्याहरु रहेका हुदा सुर्खेत उपत्यकामा मानवीय, भौतिक र अन्य सम्पतीहरुको निकै ठुलो क्षती व्यहोर्नु परेको अवस्था छ।<br>• विरेन्द्रनगर नगरपालिकको १६ वटा वडाहरु मध्ये तल्लो क्षेत्रका ८ वटा वडाहरु बाढी र उपल्लो क्षेत्रका ४ वटा वडाहरु पहिरो जोखिममा रहेका छन् । गत आ.व.२०७६/७७ मा वन तथा वातावरण निर्देशनालयले यस्ता प्रकोपको न्युनिकरणका लागि अध्ययन गरेको छ ।<br>• सो अध्ययन अनुसार भू-क्षयसंग सम्वन्धित प्रकोप रोकथाम तथा जोखिम न्यूनीकरण गरी प्रभावित वा प्रभावित हुन सक्ने क्षेत्रमा एकीकृत भू- संरक्षण तथा जलाधार व्यवस्थापन मार्फत प्रकोप जोखिम न्यूनीकरणका साथसाथै भूमिको उत्पादकत्व बढाई जिविकोपार्जनमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्न यो कार्यक्रम सञ्चालन हुनेछ छ । यो कार्यक्रम वन तथा वातावरण निर्देशनालय सुर्खेतबाट सञ्चालन हुनेछ । |

| | |
|---|---|
| | (ग) बजेटः ५० लाख |
| | (घ) कार्यक्रम कार्यान्वयन कार्यविधि<br>१. वन तथा वातावरण निर्देशनालय सुर्खेतले डीपीआर र उपलब्ध स्रोत साधानको आधारमा कार्यक्रम छनोट गरी कार्यान्वयनको व्यवस्था मिलाउनेछ । कार्यक्रम छनोटका आधारहरु निम्न हुनेछन् :<br>• प्रकोपको संवेदनशिलता,<br>• प्रभावित हुन सक्ने व्यक्ति ,समुदाय वा महत्वपुर्ण संरचनाहरु, क्षेत्रहरु उपलब्ध रकमबाट क्षती न्युनीकरण वा व्यवस्थापन गर्न सकिने,<br>• स्थानीय तह वा अन्य संघसस्थाबाट समेत सहकार्यको सम्भावना रहेको,<br>• जनसहभागीता जुट्न सक्ने,<br>• जैविक प्रविधिको समेत प्रयोग गरी समस्या समाधान हुन सक्ने,<br>२. निर्देशनालयले कामको प्रकृति अनुसार खरिद तथा कार्यक्रम कार्यान्वयन विधि छनौट गरी कार्यान्वयन योजना बनाउने छ । उपभोक्ता समुह आफैले गर्न सक्ने वा कम प्राविधिक विषय रहेका कार्यक्रम उपभोक्ता समुहबाटै सञ्चालन गरिनेछ । यस प्रयोजनको लागि निर्देशनालयले साविक भू तथा जलाधार संरक्षण विभागको कार्यविधि र सफल अभ्यास अनुसार निम्न कार्यहरु गरिने छन् ।<br>३. सरोकारवालाहरुसँग अन्तरक्रियाः प्रत्यक्ष प्रभावित समुदाय तथा प्रभावित क्षेत्रको जलप्रवाह प्रणाली (खोला, खहरे, गल्छि) र सम्मुखमा रहेका वस्ती समुदाय र त्यस क्षेत्रमा रहेका वडाका प्रतिनिधिहरु सहभागी गराई जोखीम क्षेत्रको पहिचान र रोमथामका उपायहरुका बारेमा छलफल गर्ने।<br>४. जोखिम क्षेत्रको पहिचान गरी रोकथामको विधिहरु निर्धारण गर्नु पर्दछ । निर्माण गर्नु पर्ने सरचना तथा सो स्थानको पानीढलो (जलाधार) क्षेत्रमा गर्नु पर्ने अन्य विविध संरक्षणात्मक र संरचनात्मक कार्यहरुको निर्धारण गर्नु पर्दछ। ती स्थानको पानिढलो(जलाधार) क्षेत्रमा ठाउ अनुसार भल निकास कुलो, पानीको मुल व्यवस्थापन जस्ता जल व्यवस्थापनका कार्यहरुका साथै बायो ईन्जिनियरिङ प्रविधिमा उपयोगी बनस्पतिहरु लगाउने ,जलाधार क्षेत्रमा कृषिवन मैत्रि खेतबारी संरक्षण,क्षतिग्रस्त भुमि पुनरुत्थान, फलफूल/घांस/जडिबुटि विरुवा रोपण र संरक्षण जस्ता कार्यहरु गरि भूमिको स्थिरता बढाउन सघाउने कार्यहरु समावेश गर्नु पर्नेछ ।<br>५. निर्धारित कृयाकलाप/कार्यक्रमको सर्भे डिजाईन तथा ल.ई. तयार गर्ने त्यसमा नक्सा(लोकेशन म्याप),प्रभावित क्षेत्रको भु उपयोग देखीने खेस्रा नक्सा,विभिन्न भागको लम्बाइ, चौडाई, गहिराई, माटो तथा भू बनौट,प्रकोपको प्रकृति तथा प्रभावित हुने घर परिवार, संरचना वा सुरक्षित हुने जग्गा जमीनको क्षेत्रफल जस्ता विषयहरु समावेश हुने छन् ।<br>६. कार्यक्रमको आवश्यकता अनुसार ग्याबिन तार खरीद गर्दा खिया नलाग्ने स्पेसिफिकेशन भएको तथा सम्भव भएसम्म मेशिनबाट बुनेको तारजालीलाई प्राथमिकता दिनु पर्नेछ ।<br>७. उपभोक्ता समुहहरुलाई सर्भे डिजाईनमा अनिवार्य रुपमा सहभागी गराई नाप नक्सा, डिजाईनका बारेमा जानकारी र आधि दिनको अभिमुखीकरण वा प्रविधि सम्बन्धि तालिम |

| | |
|---|---|
| | दिई प्रविधि हस्तान्तरण गर्नु पर्नेछ ।<br>८. स्वीकृत भएका सबै कार्यक्रमहरु प्रभावित क्षेत्रका उपभोक्ता समुह मार्फत कार्यान्वयन गर्न प्राथमिकता दिने छ ।सो विधी प्रभावकारी हुन नसक्ने स्थानमा सार्वजिनक खरिद ऐन नियम् अनुसार अन्य विधीबाट निर्माण कार्य गराउन सकिने छ । |
| (ङ) | वन अनुसन्धान तथा प्रशिक्षण सम्बन्धी कार्यक्रमहरु |
| ४२ | (क) कार्यक्रमको नामः जडिवुटीले प्रदेशको कुल ग्राहस्थ उत्पादनमा पुर्याएको योगदान सम्बन्धी अनुसन्धान कार्यक्रम |
| | (ख) पृष्ठभूमी र उद्देश्य<br>• नेपालको परिपच्छेमा कर्णाली प्रदेश जडिवुटीको सन्दर्भमा महत्वपुर्ण सम्भावना बोकेको प्रदेशको रुपमा परिचित छ ।<br>• तथापि, तत्कालिन अवस्थामा जडिवुटीले कर्णाली प्रदेशको कुल गरायस्त उत्पादनमा के कति योगदान पुराएको छ सो सम्वन्धि हालसम्म अध्ययन अनुसन्धान भएको छैन ।<br>• तसर्थ सोहि सम्वन्धि तथांक एकीन गरी उक्त तथांकको आधारमा जडिवुटीको संरक्षण र सदुपयोग गर्न भावी निति ,रणनिती, कार्यदिशा र कार्यदिशा तयार गर्न सघाउ पुराउने नै यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ । |
| | (ग) बजेटः १० लाख |
| | (घ) कार्यक्रम सञ्चालन प्रक्रिया<br>यो कार्यक्रम सञ्चालन परामर्श सेवा खरिद गरी अध्ययन अनुसन्धान गरीनेछ ।प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ ले निर्दिष्ट गरेका विधि र प्रक्रियाहरु अवलम्वन गरी परामर्श सेवा खरिद गरिनेछ । |
| | (ङ) अपेक्षित उपलव्धीः<br>• यस अध्ययन अनुसन्धानले कर्णाली प्रदेशको कुल गरायस्त उत्पादनमा जडिवुटीले पुराएको योगदानको तथ्यांक यकिन गर्ने छ ।<br>• सोहि तथायंकको आधारमा जडिवुटीको संरक्षण र सदुपयोग गर्न भावी निति ,रणनिती र कार्यदिशा तयार गर्न यस अध्ययनले सघाउ पुराएको नै यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ । |
| ४३ | (क) कार्यक्रमको नामः कर्णाली प्रदेशस्तरिय वन स्रोत सर्वेक्षण तयारी |
| | (ख) कार्यक्रमको उद्देश्यः<br>कर्णाली प्रदेशमा रहेको विभिन्न प्रकारका वनको मौजुदा अवस्था, बृद्धी दर र विभिन्न व्यवस्थापन व्यवस्थापन प्रणाली अनुसार हुन सक्ने वनको बृद्धि र परिमाणको पुर्वानुमान गरी सो अनुसार वन व्यवस्थापन योजनाहरु तय गर्न Remote sensing र Field verification गरी उपयुक्त स्थानहरुमा Permanent sample plot हरुको स्थापना गर्ने यस कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ । यसमा यो बर्ष डिजाईन तथा योजना तयार गरी आगामी वर्ष सर्वेक्षण गर्ने गरी तयारी गरिने छ । |
| | (ग) बजेटः ५ लाख |
| | (घ) कार्यक्रम सञ्चालन प्रक्रिया<br>यो कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ ले निर्दिष्ट गरेका विधि र प्रक्रियाहरु अवलम्वन गरी परामर्श सेवाबाट गरिनेछ । सोहि ऐन र |

| | |
|---|---|
| | नियामवली बमोजिमका विधि र प्रक्रियाहरु अवलम्बन गरी तोकिएका मापदण्ड बमोजिम परामर्श सेवादाता छनौट गरी सोहि कार्यको लागि सम्झौता गरिनेछ । यस कार्यक्रमको लागि विनियोजित रकम परामर्शदाताले आवश्यक सामग्री खरिद, दैनिक भत्ता, यातायात, परामर्श सेवा शुल्क, खाजा,स्थलगत भ्रमणका लागि आवश्यक सवारी साधनभाडा, कार्यालयका सवारी साधनका लागि इन्धन तथाआवश्यकता अनुसार विभिन्न शिर्षकमा खर्च गर्न सकिने छ । (ङ) अपेक्षित उपलव्धीः • यस अध्ययन अनुसन्धानले भावी दिनमा कर्णाली प्रदेशको वन क्षेत्र एकिन गर्नको लागि कर्णाली प्रदेशका विभिन्न स्थानमा एभचबलभलत कबउभि उयित हरुकोस्थापना गरीएको हुनेछ । • कर्णाली प्रदेश भित्र आगामी दिनमा प्रदेश स्तरीय वन स्रोत सर्वेक्षण गर्नको लागिलागत अनुमान तयार गर्न यस कार्यक्रमले मार्गदर्शनको रुपमा काम गर्ने छ । |
| ४४ | (क) कार्यक्रमको नामः वन सम्बन्धी ३० कार्य दिने आधारभूत तालिम |
| | (ख) तालिमको उद्देश्यः कर्णाली प्रदेशका डिभिजन वन कार्यालयहरु, राष्ट्रिय निकुन्ज कार्यालयमा कार्यरत वनरक्षक, गेमस्काउट, फरेष्टर, सिनियर गेम स्काउट स्तरका कर्मचारीहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धि गरी वन, वन्यजन्तु, वातावरण र जलाधार संरक्षण र दिगो वन व्यवस्थापनमा भुमिका बढाउने मुख्य उद्देश्यले यो तालिम सञ्चालन गरीने छ । |
| | (ग) लक्षित स्तरः कर्णाली प्रदेशका वन रक्षक, गेमस्काउट, फरेष्टर, सिनियर गेम स्काउट स्तरका कर्मचारीहरु |
| | (घ) बजेटः रु १८ लाख ५० हजार |
| | (ङ) कार्यक्रम सञ्चालन प्रक्रिया/तालिम सञ्चालन प्रक्रिया तथा सेवा सुविधा • तालिम सञ्चालन गर्नु पूर्व तालिम कार्यक्रम,तालिमको विषयवस्तुहरु,सेसन प्लन,प्रयोगात्मक अभ्यास ,प्रशिक्षक तथा प्रशिक्षार्थी छनौटका आधार र मापदण्ड, तालिम खर्च र मापदण्ड,तालिमको अनुगमण तथा मुल्याङ्कन , अपेक्षित उपलव्धी जस्ता विषयमा तालीम निर्देशिका तयार गरी मन्त्रालयबाट स्वीकृत गराई लागु गरिने छ । यसका लागि नेपाल वन प्राविधिक संघले २०७१ मा तयार गरेको फरेष्टर, वन रक्षक आधारभुत तालिम म्यानुललाई आधार मानी उक्त तालिम म्यानुललाई प्रदेश र समय सापेक्ष परिमार्जित गरी उपयोग गर्न सकिनेछ । • तालिम सञ्चालनका खर्चहरु कर्णाली प्रदेश भ्रमण खर्च नियामावली २०७५ र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ अनुसार गरिनेछ ।उक्त नियमावली र निर्देशिकाले समटीन नसकिएका खर्चका हकमा प्रचलित संघिय नर्मश अनुसार लागत ईष्टिमेट तयार गरी निर्देशकवाट स्वीकृत गराइ तालिम सञ्चालन गरीने छ । • तालिमका सहभागीहरुलाई जिल्ला वाहिरका भएमा कर्णाली प्रदेश भ्रमण खर्च नियमावली, २०७५ अनुसार दैनिक भ्रमण भत्ता उपलव्ध गराइनेछ । डोल्पा र हुम्ला जिल्लाका सहभागीहरुलाई मात्र हवाईजहाजको भाडा उपल्वध गराईनेछ । सेवा सुविधा सम्वन्धी अन्य व्यवस्था तालीम निर्देशिकामा व्यवस्था गरे बमोजिम हुने छ । |

| | |
|---|---|
| ४५ | (क) कार्यक्रमः वन तथा वातावरण संग सम्वन्धित क्षमता अभिबृद्धी तालिम |
| | (ख) तालिमको उद्देश्यः<br>वन संरक्षण, व्यवस्थापन तथा सदुपयोगलाई थप टेवा पुग्नुको साथै वन संरक्षणकर्मीहरुको वृद्धीविकास तथा क्षमता अभिवृद्धीमा टेवा पुग्ने उद्देश्यका साथ यो तालिम सञ्चालन गरिने छ। यसमा कर्मचारीको कामको प्रकृती प्राविधिक र प्रशासनिक अनुसार तालिमको आवश्यकता पहिचान(TNA) गरी कार्यक्षेत्रसंग सम्वन्धित तालीमहरु प्रदान गरिनेछ । फिल्ड स्तरमा खटीने प्राविधिक कर्मचारीहरुलाई वन व्यवस्थापन तथा वन श्रोत सर्वेक्षण, विभिन्न खालका योजना अनुसार सर्वेक्षण,ड्रईङ,डीजाईनङ लागत ईष्टमेट तयारीका तालिमहरुलाई प्राथमिकता दिईनेछ । |
| | (ग) बजेटः विनियोजित बजेट ३० लाख |
| | कार्यक्रम सञ्चालन प्रक्रिया/तालिम सञ्चालन प्रक्रिया तथा सेवा सुविधा<br>• तालिम सञ्चालन गर्नु पूर्व कर्मचारीको कामको प्रकृती प्राविधिक र प्रशासनिक अनुसार तालिमको आवश्यकता पहिचान(TNA) गरी कार्यक्षेत्रसंग सम्वन्धित के कस्ता तालीमहरु प्रदान गरिने हो सो को योजना तयार गरिने छ ।सो अनुसारका तालिम कार्यक्रम,तालिमको विषयबस्तुहरु,सेसन प्लन,प्रयोगात्मक अभ्यास ,प्रशिक्षक तथा प्रशिक्षार्थी छनौटका आधार र मापदण्ड, तालिम खर्च र मापदण्ड,तालिमको अनुगमण तथा मुल्याङ्कन , अपेक्षित उपलब्धी जस्ता विषयमा तालीम निर्देशिका तयार गरी मन्त्रालयबाट स्वीकृत गराई लागु गरिने छ ।<br>• तालिम सञ्चालनका खर्चहरु कर्णाली प्रदेश भ्रमण खर्च नियामावली २०७५ र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ अनुसार गरिनेछ ।उक्त नियमावली र निर्देशिकाले समटीन नसकिएका खर्चका हकमा प्रचलित संघिय नर्मश अनुसार लागत ईष्टिमेट तयार गरी निर्देशकवाट स्वीकृत गराइ तालिम सञ्चालन गरीने छ । सेवा सुविधा सम्वन्धी अन्य व्यवस्था मन्त्रालयबाट स्वीकृत तालीम निर्देशिकामा व्यवस्था गरे बमोजिम हुने छ । |
| ४६ | (क) कार्यक्रमको नामः पर्यटन प्रर्वधन सम्वन्धि तालिम (रयाफ्टीङ ,प्यारागलाईडिङ, हस्पीटालिटी,पर्यटन पथ प्रर्दशक सम्वन्धि तालिम) |
| | (ख) तालिमको उद्देश्य<br>पर्यटन विकासको लागि आकर्षक गन्तव्यको रुपमा रहेको कर्णाली प्रदेशमा विभिन्न खालको शाहसिक पर्यटनको संभावना रहेका छन।त्यसका लागि सो क्षेत्रमा काम गर्न ईच्छुक जनशक्ती तथा व्यावशायिहरुलाई सम्वन्धित क्षेत्रका विषयमा दक्ष बनाउन आवश्यक हुने भएकोले रयाफ्टीङ, प्यारागलाईडिङ जस्ता शाहसिक पर्यटनका साथै हस्पीटालिटी, पर्यटन पथ प्रर्दशक जस्ता पर्यटन प्रवर्द्धनका विविध क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गरी रोजगार सिर्जन गर्नको लागि स्थानीय तहहरु समेतको सहकार्यमा यो कार्यक्रम सञ्चालन हुनेछ । |
| | (ग) बजेटः ६६ लाख (२०+२०+१०+१६) |
| | (घ) कार्यक्रम सञ्चालन प्रक्रिया/तालिम सञ्चालन प्रक्रिया तथा सेवा सुविधा<br>• तालिम सञ्चालन गर्नु पूर्व तालिम कार्यक्रम, तालिमको विषयवस्तुहरु, सेसन प्लन, प्रयोगात्मक अभ्यास, प्रशिक्षक तथा प्रशिक्षार्थी छनौटका आधार र मापदण्ड, तालिम खर्च |

| | |
|---|---|
| | विभिन्न शिर्षकमा स्वीकृत लगत इष्टिमेट अनुसार खर्च गर्न सकिने छ ।<br>• तालिम व्यवस्थापनमा खटिने कर्मचारीहरुलाई जिल्ला भित्र वा बाहिर कार्यक्रम सञ्चालन हुँदा कर्णाली प्रदेश भ्रमण खर्च नियमावली, २०७५ अनुसार भत्ता उपलब्ध गराइनेछ । |

सचिव